# परिवर्तित समाजमा ब्राह्मण संस्कार

(सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनको एक समाजशास्त्रीय अध्ययन)

मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स
अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर **Soc. 546 Dissertation** पत्रको
आंशिक पाठ्यभार पुरा गर्नका लागि समाजशास्त्र, मानवशास्त्र,
लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन केन्द्रिय
विभागमा पेश गरिएको

शोधपत्र

दिपिका पौडेल
परीक्षा रोल नं. ६९०४०५१७
रजिष्ट्रेशन नं. २०१९-६९-३-१००३-०१५८
२०७९

# प्रतिवद्धता पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स अन्तर्गत स्नातकोत्तर तह Soc.546 Dissertation पत्रको एम.ए.चौथो सेमेष्टर अन्तर्गत आंशिक पाठ्यभार पूरा गर्ने प्रयोजनका लागि **परिवर्तित समाजमा ब्राह्मण संस्कार सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनको एक समाजशास्त्रीय अध्ययन** शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । अध्ययन क्षेत्रभित्र परेका अध्ययन क्षेत्रमा स्थलगत गई सरोकारवालासँग अन्तरवार्ताको माध्यमबाट तथ्यपूर्ण जानकारी संकलन गरी शोधकार्य पूरा गरिएको छ । यसमा समावेश हुने तथ्य तथा जानकारी स्वयम्‌को प्रयास र सक्रियतामा प्राथमिक र द्धितिय श्रोतबाट संकलन गरिएको छ । यो शोधपत्रको शीर्षक, उद्देश्य र प्राप्ति अन्य शोधपत्रसँग मेल खाएको छैन । यदि यो शोधपत्र अन्य शोधपत्रसँग हुबहु मेल खाएमा वा नक्कल गरेको प्रमाण भेटिन गई शोधपत्र स्वीकृतिको लागि रोक लगाइएमा मेरो मञ्जुरी छ ।

दिपिका पौडेल

शोधार्थी

☎ ०८३-५२०३०९

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स,
ाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन केन्द्रिय विभाग
वीरेन्द्रनगर, सुर्खेत

# सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन अन्तर्गत स्नातकोत्तर तह एम.ए. (Soc. 546 Dissertation) को आंशिक पाठ्यभार पूरा गर्नको लागि समाजशास्त्रमा अध्ययनरत छात्रा दिपिका पौडेलद्वारा **परिवर्तित समाजमा ब्राह्मण संस्कार सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनको एक समाजशास्त्रीय अध्ययन** शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । उक्त उपाधीका लागि प्रस्तुत शोधपत्र उपयुक्त देखिएकोले म मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७९ /    /

.........................

कमला तिवारी

(शोध निर्देशक)

☎ ०८३-५२०३०९

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स,
ाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन केन्द्रिय विभाग
वीरेन्द्रनगर, सुर्खेत

# स्वीकृति पत्र

प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययनअन्तर्गत सामाजशास्त्र विषयका छात्रा दिपिका पौडेलद्वारा तयार गरिएको **परिवर्तित समाजमा ब्राह्मण संस्कार सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनको एक समाजशास्त्रीय अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको लागि शोध निर्देशकको सिफारिस सहित पेश भएकोले यस शोध मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

बेदप्रकाश ढकाल ............................
(विभागीय प्रमुख)

कमला तिवारी ............................
(शोध निर्देशक)

शारदा पौडेल ............................
(बाह्य परीक्षक)

मिति : २०७९/ /

# शोधसार

प्रस्तुत अध्ययन **परिवर्तित समाजमा ब्राह्मण संस्कार सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनको एक समाजशास्त्रीय अध्ययन** शीर्षकमा गरिएको छ । जसको मुख्य उद्देश्य परिवर्तित समाजमा ब्राह्मण संस्कारको विश्लेषण गर्नु रहेको छ । यसको लागि गुणात्मक ढाँचाको प्रयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । अध्ययनमा ब्राह्मण कर्म गर्ने उत्तरदाताहरुलाई उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी नमूना जनसंख्या लिइएको छ ।

नेपाल विविध जातजाति, भाषाभाषी, धर्म, संस्कृति र सम्प्रदाय विद्यमान रहेको बहुजाति, बहुभाषी, बहुसंस्कृतिले निर्मित मुलुक हो । यहाँ हिमालदेखि तराईसम्म र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म १२५ जातिहरू र १२३ वटा मातृभाषा बोल्ने मानिसहरूले बसोबास गर्दै आएका छन् । जसमध्ये ब्राह्मण एक बहुसंख्यक जातिको रूपमा नेपालमा बसोबास गर्दै आएको छ । नेपालमा ब्राह्मणहरुको प्रवेश भारतबाट भएको पाइन्छ । त्यसैगरी नेपालमा बसोबास गर्ने ब्राह्मणलाई पहाडी/खस, नेवार र मैथिल गरी तीन जातिमा वर्गीकरण गरिएको पाइन्छ । ब्राह्मण जातिका मानिसमध्ये अधिकांशले हिन्दु धर्म मान्ने र सोही अनुसारका संस्कार अपनाउने गरेको पाइन्छ । ब्राह्मण हिन्दूको छुट्टै संस्कार, संस्कृति, परम्परा, इतिहास, भाषा हुनु भनेको एउटा नेपाली जाति र सम्प्रदायको मात्र सम्पत्ति नभई समस्त नेपाली र हिन्दू धर्मकै सम्पत्ति र पहिचान हो । संस्कृतिले सिङ्गो मुलुकको पहिचान गर्दछ । संस्कृति भनेको सम्पूर्ण प्राणी जगत्को कल्याण गर्ने कार्य हो । त्यस्ता कार्य गर्न सहयोग गर्ने साधनहरू, आचारविचार, चालचलन, विश्वास, नीतिनियम, अनुशासन, परम्परा, खानपान, रहनसहन, बोलीचाली आदिको समष्टि रूप नै संस्कृति हो । ब्राह्मणहरुको आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुशरण गर्न जुन पद्धति व्यवस्थापन गरिएका छन् ती नै बाह्मण संस्कार हुन् ।

विश्व जगतमा सभ्य संस्कृतिहरू थुप्रै पाइन्छन् । यी सबैको उद्देश्य मानिसलाई प्रतिभावान, अनुशासित र असल सामाजिक नागरिक बनाउनु हो । व्यक्तिलाई सभ्य बनाउनु, असल नागरिक बनाउनु, आफ्नो समाज, संस्कृति र आफ्नो देशप्रति जागरुक र गौरवान्वित बनाउनु एउटा ठूलो देन हो । उचित संस्कार पाएपछि प्रत्येक व्यक्तिको नयाँ जन्म हुन्छ

भन्ने मान्यता रहेको छ । जन्मदेखि मृत्युसम्ममा पूरा गरिने हिन्दू संस्कारलाई समाजशास्त्रीहरूले विभिन्न वर्गमा विभाजन गरेका छन् । स्मृति र पुराणहरूमा सामान्यता १६ संस्कार मानिएका छन् । सामान्यतया सोह्र (गर्भाधान, पुंसवन, सीमान्तोनयन, जातकर्म, नामाकरण, निष्क्रमण, अन्नप्राशन, केशान्त, कर्णवेध, विद्यारम्भ, चूडाकरण, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्यकर्म) संस्कारलाई मान्दै आएको पाइन्छ । यी प्रत्येक संस्कारका आफ्नै किसिमको विधि र नियम रहेका छन् ।

नेपालभरी बसोबास गर्ने दोस्रो ठूलो जनसङ्ख्याको रूपमा रहेको ब्राह्मण समुदाय राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा १२.२ प्रतिशत रहेको छ । अन्य जातिको संस्कार जस्तै ब्राह्मण जातिको पनि आफ्नै संस्कार र विशेषता रहेका छन् । यी संस्कारहरुमा आफ्नै किसिमको विधि विधा रहे पनि वर्तमान परिप्रेक्षमा अन्य समुदायको संस्कारमा प्रभाव परेजस्तै ब्राह्मण संस्कारमा पनि विदेशी संस्कारको प्रभाव दिन प्रतिदिन पर्दै गइरहेको छ । कुनै संस्कार लोप हुँदै गइरहेको छ भने कुनै परिवर्तित स्वरूपमा देखा परेको छ त कुनै संस्कारमा थप विधि राखिएको समेत पाउन सकिन्छ ।

वर्तमान समयमा ब्राह्मण जातिहरुले मनाइने संस्कारहरुमा परिवर्तन आएको पाइन्छ । जीवनको सुरुवातको संस्कार गर्भाधान संस्कार वर्तमान समयमा प्रतिभावान, स्वस्थ, बुद्धिमान भन्दा पनि छोरा छोरीको लागि गर्ने गरिन्छ । त्यसैगरी समय, स्थान, आर्थिक अभावका कारण अन्य संस्कारहरु छोट्याएर गर्ने गरेको पाइन्छ । सबै मानिसहरु आफ्नो घरमा नबस्ने जागिर, कामको शिलशिलामा बाहिर बस्नुपर्ने, अस्पतालमा सुत्केरी गराउने भएकाले पनि यसमा परिवर्तन आएको पाइन्छ । त्यस्तै विवाह संस्कार कहीँ कहीँ छोट्याएको छ भने कहीँ कहीँ त्यसलाई अनावश्यक रूपमा बाहिर संस्कृतिको प्रभावका कारण बढाइएको पाइन्छ । वर्तमान अवस्था कोभिडका कारणले गर्दा अत्येष्टि संस्कारलाई छोट्याएर गरेको पनि पाइन्छ । यी संस्कारहरुमा पहिलेदेखि चलनचल्तीमा रहेका सबै संस्कार मान्दै आएको पाइन्छ तर विभिन्न बाहिरी समुदायको संस्कारको प्रभाव र समय, परिस्थिति, स्वाथ्यका आधारमा परिवर्तन भएको देखिन्छ । जुन समय सान्दर्भिक रहे पनि युवा वर्गमा संस्कारबारे ज्ञानको कमी भई संस्कार बिर्सदै गएको पाइन्छ ।

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययनअन्तर्गत स्नातकोत्तर तहको (Soc.546) को पाठ्यांश प्रयोजनका लागि तयार पारिएको हो । अध्ययनको शीर्षक छनौटका साथै समयमा नै प्रस्ताव स्वीकृत गरी कार्य थालनीमा सहयोग पुऱ्याउनु हुने विभागीय प्रमुख उपप्राध्यापक बेदप्रकाश ढकालज्यूप्रति हार्दिक आभारी छु । त्यसैगरी विविध कार्य व्यस्तताका बाबजुदमा पनि आफ्नो अमूल्य समय दिई शोधपत्र लेखनको प्रारम्भदेखि कार्य थालनीमा सहयोग पुऱ्याउनु हुने शोधनिर्देशक कमला तिवारीज्यूलाई आभार व्यक्त गर्न चाहन्छु ।

शोधकार्य सम्बन्धमा प्रत्यक्ष तथा परोक्ष रूपमा आवश्यक सल्लाह, सुझाव एवम् जानकारी दिई हौसला प्रदान गर्नुहुने बाह्य परीक्षक शारदा पौडेल, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययनका श्रद्धेय गुरुहरु आनन्द प्रसाद सुवेदी, भिउसिंह बुढा, जगतराज पाठक, यज्ञप्रसाद उपाध्याय, राजेश जोशी गौतम, कमलेश डि.सी.ज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी मध्यपश्चिम विश्वविद्यालयका प्रशासकीय अधिकृत नरेन्द्र देवकोटा, पुस्तकालयका संग्राम चौधरी र मीरा रेग्मीप्रति आभार व्यक्त गर्न चाहन्छु ।

जन्म दिएर यस धर्तीमा पाईला टेकाएर मात्र नभई विचित्रको संसार देखाउने र चिनाउने महान सपना बोकी जीवनका विविध समस्या र कठिनाईसँग संघर्ष गर्दै, बुवा मुमा हुनुको कर्तव्य पुरा गर्दै आफ्ना सन्ततिको उत्तरोत्तर प्रगति हेर्ने र देख्न दिलोज्यान अर्पण गर्दै सदावहार आशिर्वाद, न्यानो माया र उच्च प्रेरणा दिई मलाई यो अवस्थासम्म ल्याई पुऱ्याउनु हुने परम् आदरणीय बुवा स्व. बालकृष्ण उपाध्याय र ममतामयी माता थुमा पौडेल, पूजनीय ससुराबुवा मणिराम देवकोटा र ममतामयी सासूआमा अम्बिका सिग्देलप्रति आजन्म ऋणी भएको छु । त्यसैगरी अध्ययनयको क्रममा सहयोग गर्नुहुने जीवनसाथी दिवस देवकोटा र भरखरै जन्म लिएकी छोरी मानुषी देवकोटाप्रति माया तथा हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । अन्तमा शोधपत्र लेखन कार्यमा शुरुदेखि अन्त्यसम्म शुद्ध टंकन गरेर सहयोग पुऱ्याउने स्टेप इन कम्प्युटरका कुमारी सीता चौधरीलाई धन्यवाद दिन चाहन्छु ।

आवश्यक एवम् उचित मूल्याङ्कनका लागि मध्यपश्चिम विश्वविद्यालय, ग्राजुयट स्कूल अफ ह्यूमानिटीज एण्ड सोसल साइन्स समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता विज्ञान र सांस्कृतिक अध्ययन समक्ष यो शोधपत्र प्रस्तुत गर्दछु ।

धन्यवाद ।

# विषय सूचि

प्रतिवद्धता पत्र क
सिफारिस पत्र ख
स्वीकृती पत्र ग
शोधसार घ
कृतज्ञता ज्ञापन च
विषय सूचि ज

अध्याय : एक

परिचय

१.१. पृष्ठभूमि १
१.२. समस्याको कथन ७
१.३. अध्ययनको उद्देश्य ८
१.४. अनुसन्धानात्मक प्रश्नहरु ८
१.५. अध्ययनको महत्व ८
१.६. अध्ययनको सिमा ९

अध्याय : दुई

पूर्व अध्ययनको पुनरावलोकन

२.१. सैद्धान्तिक अवधारणा १०
२.२. पूर्व साहित्यको समीक्षा ११
२.३. अध्ययनको वैचारिक खाका ३१

अध्याय : तीन

अनुसन्धान विधि

३.१. अध्ययन क्षेत्र छनौट ३२
३.२. अनुसन्धानात्मक ढाँचा ३२
३.३. नमूना छनोट ३२
३.४. तथ्याङ्कको स्रोत ३२
३.५. तथ्याङ्क सङ्कलनको साधन ३३

३.६. तथ्याङ्क सङ्कलन प्रक्रिया ३३
३.७. तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण ३४
३.८. नैतिक आधार ३४

## अध्याय : चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

४.१. सुर्खेत जिल्लाको परिचय ३५
४.२. अध्ययन क्षेत्रको परिचय ३६
४.३. तथ्याङ्कको व्याख्या ३९
४.४. ब्राह्मण संस्कार ४०
४.४.१. पहिलो उत्तरदाता ४१
४.४.२. दोस्रो उत्तरदाता ४७
४.४.३. तेस्रो उत्तरदाता ५७
४.४.४. चौथो उत्तरदाता ६४
४.४.५. पाँचौ उत्तरदाता ७१
४.४.६. छैटौ उत्तरदाता ७७

## अध्याय : पाँच

## सारांश, निष्कर्ष र सुझाव

५.१. सारांश ८४
५.२. निष्कर्ष ८६
५.३. सुझाव ८८
**सन्दर्भ सामग्री**
**अनुसूचीहरु**
अनुसूची १ : जाँचसूची
अनुसूची २ : कर्णाली प्रदेश, सुर्खेत र वीरेन्द्रनगर नगरपालिकाको नक्सा
अनुसूची ३ : फोटोहरु

# सन्दर्भ सामग्री


अधिकारी, डा. नारायणप्रसाद (२०७५), *हाम्रा सोह्र संस्कार,* काठमाडौं : गोरखा पब्लिकेसन ।

अनलाइनखबर (२०७५), *थाहा पाउनुहोस् १६ संस्कारको रहस्य, जसले हामीलाई पथभ्रष्ट हुन दिँदैन,* https://www.onlinekhabar.com

*अनौपचारिक शिक्षा कार्यक्रमको अवस्था* (२०६०), शिक्षा तथा खेलकुद मन्त्रालय, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

आचार्य, बलराम (२०६३), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

आचार्य, लक्ष्मीशरण देव, कृष्णशरण उपाध्याय (२०६२), *अर्चिरादि परमधामोत्सव,* ।

*उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन* (२०५९), काठमाडौं : सहिष्णु प्रकाशन ।

उपाध्याय, रामप्रसाद (२०५५), *नेपालको प्राचिन तथा माध्यकालिन इतिहास,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

*कल्याण सन्तवाणी अंक* (२०६७), गोरखपुर : गीता प्रेस ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना,* काठमाडौं : नेपाल सरकार राष्ट्रिय योजना तथ्याङ्क विभाग ।

गैरोला, वाचस्पति, (सन् १९७८), *संस्कृत साहित्यका इतिहास* (तृ.सं.), वाराणसीः चौखम्बा विद्याभवन ।

गौतम, मित्र उराठी (२०७८ वैशाख २५), *ब्राह्मण को हुन् ?,* https://www.enepalese.com

जर्ज, रिजर (१९९६), *मोर्डन सोसोलोजी थेउरी,* एमसी ग्राहील, न्यूयोर्क ।

ज.व.रा., रथी धनशमशेर र पं. कृष्णप्रसाद भट्टराई (२०५६), *संस्कार पद्धति,* काठमाडौंः प्रमुख सम्वाद सचिवालय राजदरबार, ।

जिल्ला समन्वय समितिको कार्यालय (२०७९), *सुर्खेत जिल्लाको संक्षिप्त परिचय,* सुर्खेत ।

टोनी, हागन (२०५८), *नेपालको चिनारी,* हिमाल किताब, आइएसबिएन 9993313130.

टौना, एन (इडि) (१९८७), *फेमिनिज एण्ड साइन्स ब्लुमिन्सन,* इन्डिया एण्ड युनिभर्सिटी प्रेस ।

ढकाल, सोमनाथ (२०६०), *पारिवारिक जीवन शिक्षा,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, सुरेश (२०६३), *ईस्यु एण्ड एक्पेरियन्स : कमैया सिस्टम,* कनारा आन्धान एण्ड थारुज इन बार्दिय सोसाइटी अर पार्टिसिपेटरी कल्चरल एजुकेशन काठमाण्डौ ।

थापा, नवराज विलास (२०६०), *जनसंख्या शिक्षाको आधार,* काठमाडौं :साई पुस्तक भण्डार ।

*नेपालको जनसंख्या ग्रन्थ* (२०६८), भाग १ काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

पाण्डे, राजवली (१९९५), *हिन्दु संस्कार,* वाराणसीः चौखम्वा विद्याभवन ।

पौडेल, तुलसीराम (२०५९), *एन आउट लाइन अफ जेन्डर एटुडिज* ।

पौडेल, तुलसीराम (२०५९), *समाजका नमुनाहरु,* काठमाडौ : निमा पुस्तक प्रकाशन ।

बज्राचार्य, हृदय रत्नचन्द्र (२०५८), *शिक्षामा महिला सहभागिता,* भक्तपुर शिक्षा विभाग महिला शाखा ।

बराल, वासु (२०४४), *हिन्दू सामाजिक सङ्गठनको रूपरेखा,* काठमाडौं : साझा प्रकाशन ।

बिनु पोखरेल (२०७६), को हुन्- ब्राह्मण? https://ekantipur.com/bibidha

बिष्ट, डोर बहादुर (२०४१), *सबै जातको फुलवारी,* काठमाडौं : साझा प्रकाशन ।

वि.क., गोविन्द (२०७७), जातिय विभेद र जात व्यवस्था, नागरिक न्यूज, https://nagariknews.nagariknetwork.com/opinion.

वि.सि., नवराज (२०६७), *समावेशिकरण र नेपालको राजनीतिकरणमा महिला सहभागिता,* (अप्रकाशित शोधपत्र), सुर्खेतः वीरेन्द्रनगर बहुमुखी क्याम्पस ।

वीरेन्द्रनगर नगरपालिका (२०७९), नगर कार्यपालिका, सुर्खेत ।

वंशावली, (२०२१), *खस बाहुन,* https://www.facebook.com/kulbansha/photos/a.

भट्टचन, कृष्ण र अन्य (२०६५), *नेपालमा जातिय भेदभाव,* नेपाल गैरसरकारी संस्था महासंघ, नेपाल ।

भट्टराई, रस्मि (२०६८), *गौरी गा.वि.स.वडा नं. १ का महिलाहरुमा शिक्षाको प्रभाव : एक समाजशास्त्रीय अध्ययन (अप्रकाशित शोधपत्र),* सुर्खेतः वीरेन्द्रनगर बहुमुखी क्याम्पस ।

भण्डारी, चक्र (२०१६), ब्राह्मण जातिको परिचय, इतिहास र कर्तव्य, Retrieved from https://chakrajwala=wordpress=com/2016/01/20/bramins-intro.

मानन्धर, राजेन (२०७५), नेवारबाट नै दलित बनाइएका नेवारहरु, A journalist, an Esperantist and a student of Buddhism; and works at Bodhi TV in Nepal. Retrieved from https://razenmanandhar.medium.com.

मोटिभेट न्यूज सम्बाददाता (असार ८, २०७७), नेपालमा जातिय व्यवस्थाको सुरुवात कसरी भयो ?, https://motivatenews.com/archives/31876.

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज,* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, आदित्यमान (२०७४), *को हुन् नेपालका ब्राह्मण र कति छन्* ?, http://annapurna post.com/news/76545.

*साक्षरता विशेषांक* (२०६६), शिक्षा मन्त्रालय, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

# अनुसूची- १

## अनुसन्धानका लागि तयार गरिएको जाँचसूची

**सामाजिक-जनसांख्यिकी विवरण**

(क) घरमुलीको नाम :

(ख) ठेगाना :

(ग) उमेर :

(घ) लिङ्ग

(ङ) पेशा :

(च) शिक्षा :

(छ) भाषा :

(ज) धर्म :

(झ) परिवारको प्रकार :

(ञ) परिवारको संख्या :

१ . तपाईको परिवारमा गर्भाधान संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

२. तपाईको परिवारमा गर्भाधान संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

३. तपाईको परिवारमा पुंसवन संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

४. तपाईको परिवारमा पुंसवन संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

५. तपाईको परिवारमा सीमन्तोन्नयन संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

६. तपाईको परिवारमा सीमन्तोन्नयन संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

७. तपाईको परिवारमा जातकर्म संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

८. तपाईको परिवारमा जातकर्म संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

९. तपाईको परिवारमा नामाकरण संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

१०. तपाईको परिवारमा नामाकरण संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

११. तपाईको परिवारमा निष्क्रमण संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

१२. तपाईको परिवारमा निष्क्रमण संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

१३. तपाईको परिवारमा अन्नप्राशन संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

१४. तपाईको परिवारमा अन्नप्राशन संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

१५. तपाईको परिवारमा चुडाकर्म (केश मुण्डन) संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

१६. तपाईको परिवारमा चुडाकर्म (केश मुण्डन) संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

१७. तपाईको परिवारमा कर्णवेध संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

१८. तपाईको परिवारमा कर्णवेध संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

१९. तपाईको परिवारमा विद्यारम्भ संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

२०. तपाईको परिवारमा विद्यारम्भ संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

२१. तपाईको परिवारमा उपनयन संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

२२. तपाईको परिवारमा उपनयन संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

२३. तपाईको परिवारमा वेदारम्भ संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

२४. तपाईको परिवारमा वेदारम्भ संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

२५. तपाईको परिवारमा केशान्त संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

..........................................................................................................

२६. तपाईको परिवारमा केशान्त संस्कार मनाइने चलन अहिले कस्तो छ ?

..........................................................................................................

२७. तपाईको परिवारमा समावर्तन संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

.....................................................................................................................

२८. तपाईको परिवारमा समावर्तन संस्कार मनाइने चलन अहिले कस्तो छ ?

.....................................................................................................................

२९. तपाईको परिवारमा विवाह संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

.....................................................................................................................

३०. तपाईको परिवारमा विवाह संस्कार मनाइने चलन अहिले कस्तो छ ?

.....................................................................................................................

३१. तपाईको परिवारमा अन्त्येष्टि संस्कार मनाइने चलन पहिले कस्तो थियो ?

.....................................................................................................................

३२. तपाईको परिवारमा अन्त्येष्टि संस्कार मनाइने चलन अहिले कस्तो छ ?

.....................................................................................................................

## अनुसूची - २


## कर्णाली प्रदेशको नक्सा




## सुर्खेत जिल्लाको नक्सा



# अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र

वी.न.पा. ३ गण्डकी लाइन

# अनुसूची - ३

## फोटोहरु



उत्तरदातासँग ब्राह्मण संस्कारबारे जानकारी लिँदै



उत्तरदातासँग ब्राह्मण संस्कारबारे जानकारी लिँदै



उत्तरदातासँग ब्राह्मण संस्कारबारे तथ्याङ्क सङ्कलन गर्दै



उत्तरदातासँग ब्राह्मण संस्कारबारे जानकारी लिँदै

# अध्याय : एक

# परिचय

## १.१. पृष्ठभूमि

विश्व मानव समुदायमा विविध सामाजिक तथा सांस्कृतिक परिदृश्य भएको देश नेपाल पनि हो । नेपालीको जनसङ्ख्या, समाज एवम् संस्कृति बसाईसराईमा आधारित रहेको छ । प्राचीन नेपालको सभ्यता अध्ययन गर्दा नेपालमा बसोबास गर्ने सबै उत्तर दक्षिण तर्फबाट नेपाल प्रवेश गरेको कुरा स्पष्ट हुन्छ (ढकाल, २०६३) ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताले भरिएको देश हो । यही विविधता नै नेपाल राष्ट्रको विशिष्ट पहिचान हो । नेपाल अधिराज्यमा परापूर्वकालदेखि विविध जाति र जनजाति बस्दै आएका छन् । पृथ्वीनारायण शाहले नेपाल एकिकरण गरेपछि नेपाल ४ जात ३६ वर्णको साझा फूलबारी हो भनेर नेपालका विभिन्न जातजाति रहेको कुरा उल्लेख गरेका छन् । नेपालको मेचीदेखि महाकालीसम्म विभिन्न क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, सामुदायिक संरचना, स्थान आदिका आधारमा विभिन्न अस्तित्व बोकेका जाति समुदायको बसोबास रहँदै आएको छ । नेपालमा बस्दै आएका विभिन्न जातजातिमध्ये ब्राह्मण एक हुन् । प्राचीन समयका विभिन्न ऐतिहासिक कालखण्डमा विभिन्न सामाजिक र सांस्कृतिक पृष्ठभूमिका विभिन्न मानव समुहहरू नेपाल पसेका हुन् । हिन्दू धर्म र बौद्ध धर्मको पृष्ठभूमि भएका तथा आर्य र मङ्गोल शारीरिक बनोट भएका मानिसहरू इतिहासका विभिन्न कालखण्डमा नेपाल प्रवेश गर्दा आफ्नो संस्कृति र सभ्यता सहित नेपाल प्रवेश गरेका थिए । यही क्रममा ब्राह्मण जाति र संस्कृति नेपाल प्रवेश भयो (उपाध्याय, २०५५) ।

संस्कृति र इतिहास यस्ता तत्व हुन् जसले राष्ट्र र जातिलाई अमर तुल्याइ दिन्छन् । यहाँ रहेका विभिन्न जातजातिहरू आ-आफ्नै संस्कृतिले सिंगारिएका छन् । विभिन्न जातजातिहरू मध्ये ब्राह्मणजाति पनि एक हो । ब्राह्मण जातिको आफ्नै सांस्कृतिक परम्परा, संस्कार रहेको छ । विभिन्न जातजातिहरू र जनजातिहरूको समष्टि रूप नै नेपाली संस्कृति हो । कुनै विशेष संस्कृतिको लोप हुनु नेपाली संस्कृतिको लोप हुनु हो । नेपालमा रहेका विभिन्न जातजाति तथा जनजातिहरूको संस्कृतिलाई माथि नल्याएसम्म नेपाली भूमि र नेपाली

परम्पराको सम्मान् गरिएको ठहरिदैन र सामाजिक समानताको कल्पना पनि गर्न सकिदैन । यी जातजातिहरूमा मुख्य गरी ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र र विभिन्न जातजातिहरू आदि हुन् । त्यसैगरी नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म हिमाल, पहाड र तराइमा बस्ने जुनसुकै जातजाति पनि नेपालका लागि महत्वपूर्ण जातिहरू हुन् । यहाँ बसोबास गर्ने सम्पूर्ण जातिहरू नेपाली पहिचानको समग्र पहिचानका लागि सबै जातजातिहरूको मौलिकताको संरक्षण हुनुपर्दछ । हिन्दु वर्णाश्रममा नेपाली जनतालाई ४ जात ३६ वर्णमा समेटिएता पनि नेपाली समाजमा रहँदै आएका विभिन्न जातजातिहरूको आ-आफ्नै मौलिक परम्परा, भाषा, संस्कार र रहनसहन रहँदै आएको देखिन्छ । हिन्दु वर्णाश्रममा धर्मअनुसार जनैलगाउनेलाई तागाधारी र जनै नलगाउनेलाई मतवाली जातको तहमा विभाजन गरेको पाइन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये ब्राह्मण जाति पनि एक बहुसंख्यक समुदायको रूपमा रहेको छ (ढकाल, २०६०) ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा बहुधार्मिक राष्ट्र हो। फरक फरक जात, धर्म, भेषभूषा र भाषा संस्कृतिले भरिएको नेपाल विश्वमा छुट्टै पहिचान भएको देश हो । नेपालमा १ सय २३ भाषी र १ सय २५ जातिको बसोबास रहेको नेपालमा ब्राह्मण जाति दोस्रो ठूलो समूहको जातिभित्र पर्दछ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२.२ प्रतिशत (३,२२६,९०३ जना) ब्राह्मण जातिहरूको बसोबास रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

सुरुमा हारेका द्रविड जाति, अरुभन्दा आफूलाई धेरै उच्च सम्झने आर्यहरू र अरु पिछडिएका आदिम जाति जो जङ्गलमा बस्थे वा घुमन्ते थिए, उनीहरूको आपसी विमेल र प्रतिक्रियाबाट वर्ण व्यवस्थाको आरम्भ भयो । शुरुमा वर्णव्यवस्था श्रम विभाजन गर्नमा मात्र सीमित थियो । समयक्रम बित्दै जादाँ श्रमका आधारमा वर्ण र जातको निर्माण भयो । सुरुमा वर्ण शब्दको अर्थ रङ्गको रूपमा लगाइए पनि पछि पछि वर्ण शब्दले रङ्गको अर्थ दिन छाडेर श्रम विभाजनको अर्थ दिँदै गएको कुरा प्रष्टै देखिन्छ । हिन्दू विचारधाराअनुसार वर्ण या जात पर्यायवाची शब्द हुन् । वैदिक आर्यहरूले आफू र यिनै भिन्न भिन्न जातीय समूहको आधारमा वर्ण या जातको जग हालेका थिए (भट्टचन र अन्य, २०६५) ।

नेपालको जातीय इतिहासलाई हेर्दा विभिन्न समयमा विभिन्न शासकहरूले नेपालमा राज गरेर आफूलाई सहज हुनेखालका विभिन्न व्यवस्थाहरू लागु गरेको पाइन्छ । त्यही मध्यको एक हो जातीय व्यवस्था । नेपालका लिच्छविकालदेखि जातजातिको सुरुवात भएको देखिन्छ । लिच्छबिकालका राजा अंशुबर्माले नेपालमा ४ वटा जातमा विभाजन गरी त्यही अनुसारको नियम लागु गरेको पाइन्छ । उनले काम अनुसार जातिहरूको विभाजन गरेका थिए । ब्राह्मण, क्षत्रीय, बैश्य र शूद्र गरी चार जातमा वर्गीकरण गरेर त्यही अनुसारको काम लगाएको इतिहासमा पाइन्छ । अंशु बर्माको मृत्यु भएपछि जातको विषयमा खासै चर्चा नभए पनि नेपालका मल्ल शासकहरूले फेरी जातको आधारमा समाजलाई बर्गिकरण गरेको देखिन्छ । जयस्थिति मल्लले विगतदेखि विग्रिदै आएको समाजलाई व्यवस्थित रूपमा शासन संचालन गर्नका लागि फेरी जातजातिको रूपमा बर्गिकरण गरेर ४ जात छत्तिस बर्णमा नेपाली समाजलाई विभाजन गरे । त्यो विभाजन काममा आधारमा गरिएको थियो । चार जात अन्तरगत ब्राह्मण, क्षत्रिय, बैश्य र शूद्र पर्दथे । यही वर्ण व्यवस्थाबाट जातिप्रथाको सुरुवात भएको हो (मोटिभेट न्यूज, २०७७) ।

राजा जयस्थिति मल्लमार्फत १४ औं शताब्दीमा जात प्रथालाई समाजमा कायम गराउनका निम्ति वर्णवादी व्यवस्था भित्र्याएको पाइन्छ । जयस्थितिमल्लको पालादेखि यताको समय करिब पाँचसय वर्षलाई हेर्ने हो भने १८ वटा मात्र जात भएको देखिन्छ । १४ औं शताब्दीदेखि १९ औं शताब्दीसम्म आइपुग्दा बाहुन (आर्य) हरूले १८ वटा जातलाई टुक्राएर ३६ जात बनाएको पाइन्छ । यसरी नेपालमा जाति व्यवस्थालाई हेर्दा १०४ वर्ष जहानिया राणा शासनको समयमा ३६ बाट १२५ वटा जाति बनाएर मनुस्मृति र वर्णवादी व्यवस्थामार्फत जात व्यवस्थाको सामाजिक रूपरेखा संस्थागत भएको बुझ्न सकिन्छ (वि.क., २०७७) ।

ब्राह्मण शब्दको प्रयोग वर्ण, ग्रन्थ र ब्रह्मको ज्ञान राख्ने व्यक्तिको रूपमा अर्थ्याइएको पाइन्छ । गौतम बुद्धका अनुसार कुनै मानिस जन्मको आधारमा ब्राह्मण हुँदैन, उसले ब्राह्मणचित कर्तव्य गरे मात्र ब्राह्मण हुन सक्छ । जटाका अनुसार गोत्रले वा जन्मले कोही ब्राह्मण हुँदैन, जसको सत्य छ, जसमा धर्म छ, र जो पवित्र छ, त्यो मात्र ब्राह्मण हुन्छ । वर्तमान समयमा ब्राह्मणलाई जाति भनिए पनि यसको उत्पत्ति वर्ण हो अर्थात् ब्राह्मण वर्ण हो जाति होइन । जनकलाल शर्माका अनुसार वैदिक साहित्यमा वर्ण रंगको अर्थमा

प्रयुक्त भएको छ । सुरुमा केवल एक वर्ण थियो । संस्कार नलिने असवर्ण र संस्कार लिने सवर्ण । क्रमशः ब्राह्मणबाट, क्षेत्रीय र वैश्य वर्ण बने । ब्राह्मण समाजको इतिहास प्राचीन भारतवर्षको वैदिक धर्मबाट आरम्भ हुन्छ । ब्राह्मण व्यवहारको मुख्य स्रोत वेद हो । ब्राह्मणहरूका सबै सम्प्रदाय वेदबाट प्रेरणा लिन्छन् । धार्मिक तथा सांस्कृतिक रीतिहरू एवं व्यवहारमा विविधताहरूको कारण, ब्राह्मण समाज विभिन्न उपजातिहरूमा विभाजित छ । ब्राह्मणको इतिहास केलाउँदै गर्दा विश्वकै सर्वप्राचीन ग्रन्थ ऋग्वेदानुसार सर्वोच्च शिखर हिमालयका काखमा आश्रम बनाई बसेका आत्रेय ऋषिका छोरा अर्चनानस हिमालयबाट भारतको गोमति नदितटवर्ति भूभागका शासक रथवीतिको निमन्त्रणामा उनको राज्यमा गएर राजगुरु भएर बसेका, उनको छोरा श्यावाश्वले रथवीतिकै छोरी विवाह गरी राजपाठ गरेका, उनकै सन्तान कोही राजवंशी, कोही ब्राह्मण भएका र पछि लाहोर प्रान्त हुदै उत्तराञ्चलका बदरीखण्डका आस-पास क्षेत्रबाट नेपाल पसेका कुरा विज्ञहरूद्वारा पाइएको छ (शर्मा, २०३९) ।

जनकलाल शर्माका अनुसार नेपालका ब्राह्मणहरू पाँच भागमा विभक्त थिए : सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल । सारस्वतहरू सरस्वती नदीको किनारबाट नेपालतर्फ पसेका थिए । त्यसैकारण उनीहरूको हाँगालाई सारस्वत भनिएको हो । अर्को हाँगा कान्यकुब्जहरू कनौजबाट हिमाली भेकतिर पसेका थिए । यिनीहरू दुई भागमा विभाजित भएका छन् । एउटा पूर्वीया र अर्को कुमाइ । अर्को हाँगा गौड ब्राह्मणहरू सर्वप्रथम सेनहरूका साथ नेपाल पसेका थिए । यिनीहरूमा पनि कुलिन र अकुलिन दुई प्रकारको भेद रहेको पाइन्छ । नेवारी समाजमा गंगोल थरको समुह नै गौड ब्राह्मणका सन्तति हुन् । मैथिल ब्राह्मणहरू कोशी र बागमती नदी बीचको तराईमा बसोबास गरेको पाइन्छ । यिनीहरू पनि मूलको हिसाबले ठूलो र सानो भन्ने भेदभाव राख्छन् । मैथिलहरू जो पहाडतिर पसे, उनीहरूको संख्या सारै कम भएकाले कान्यकुब्ज समुदायमा प्रवेश गरेका छन् । यिनीहरू आज पनि मिश्र, ओझा आदि थरबाट पहाड पर्वतमा विभूषित भएका पाइन्छन् (शर्मा, २०३९) ।

ब्राह्मणलाई विद्वान, सभ्य तथा शिष्ट मानिन्छ । प्राचिन समयमा "व्यक्तिको विशेषता, आचरण एवं स्वभाव" बाट उसको जाति निर्धारित हुन्थ्यो । विद्वान, शिक्षक, पण्डित, बुद्धिजीवी, वैज्ञानिक तथा ज्ञान-अन्वेषक ब्राह्मणहरूका श्रेणीमा राख्ने गरिन्थ्यो । नेपालमा

मूलतः पहाडे/खस, नेवार, मैथिल गरी ३ भिन्न आर्य-हिन्दू समाजमा ब्राह्मणको उपस्थिति पाइन्छ । पूजा-आजा, समाज सेवा र शिक्षा आर्जनमा रुची राख्ने ब्राह्मण आर्यमूल अन्तर्गत पर्दछन् । नेपाली बाहुनहरू खस जाति भारतको कस्मीरदेखि भूटानसम्मको हिमालयको दक्षिणी पाखोमा बस्ने जातिका हाँगा हुन् । यो जाति नेपाल लगायत तत्कालीन विशाल नेपालका भूभागहरू हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाचल प्रदेश, दार्जीलिङ, कालिम्पोङ, सिक्किमका साथै भूटान, बर्मा तथा भारतका अन्य भूभाग तथा विश्वका विभिन्न ठाउँका बसोबास गरेको पाइन्छ । ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा "बाहुन" भनिन्छ । नेपाल भाषामा जुजु-बाजे (राजा बाजे) वा द्यः ब्राह्मण (देव ब्राह्मण) पनि भनिन्छ । यस्क मुनिको निरुक्त शास्त्रका अनुसार -ब्राह्मण त्यो हो जो ब्रह्म (अन्तिम सत्य, ईश्वर या परमज्ञान) लाई जान्दछ । हिन्दू समाजमा ऐतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरू धर्म-निरपेक्ष व्यवसाय गर्छन् तथा उनीहरूको धार्मिक परम्परा उनीहरूको जीवनबाट लुप्त हुँदै गईरहेको छ । यद्यपि नेपाली जनसंख्यामा ब्राह्मणहरूको प्रतिशत कम छ, तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान-विज्ञान तथा उद्यमका क्षेत्रमा यिनीहरूको योगदान अतुलनीय रहेको छ (भण्डारी, २०१६) ।

नेवाः भन्ने शब्दले नेपालको एउटा भाषिक समुदायलाई जनाउंदछ । नेवाः एउटा भाषिक समुदाय पनि हो, नेपाल-वासी (अहिलेको काठमाडौँ उपत्यका) को साझा संस्कृति हो । नेवाः भित्र कयौँ मूल-जातिहरू छन् - (आदिबासी, कन्याकुब्ज, बङ्गाली, राजस्थानी, आसामी, मैथिली) । नेवाः भित्र सनातन धर्म अन्तर्गतका धेरै सम्प्रदायहरू छन् - (शैव, शाक्त, तान्त्र, वैदिक, वज्रयान, महायान, नाथ, वैश्णव, आदि) । नेवाः भित्र ४ जात - वर्ण ( ब्राह्मण, क्षत्रीय, वैश्य, शुद्र) र यस भित्र थुप्रै उप-जातहरू रहेका छन् (ज्यापू, श्रेष्ठ, क्षत्रीय, गुभाजू, उराय, सायमी, ब्राह्मण, नाय, गाथु, भा, द्यला, आदि) । यसैगरी नेवाः भित्र मूलतः २ नस्ल छन् - आर्य, द्रविड (मानन्धर, २०७५) ।

ब्राह्मण समाजको इतिहास प्राचीन भारतबर्षको वैदिक धर्मबाट आरम्भ हुन्छ । ब्राह्मण व्यवहारको मुख्य स्रोत वेद हो । ब्राह्मणहरूका सबै सम्प्रदाय वेदबाट प्रेरणा लिन्छन् । पारम्परिक मान्यता अनुसार यो विश्वास छ कि वेद कुनै पनि मानव/देवताले नलेखेको तथा अनादि हो । धार्मिक तथा सांस्कृतिक रीतिहरू एवं व्यवहारमा विविधताहरूको कारण,

ब्राह्मण समाज विभिन्न उपजातिहरूमा विभाजित छ । नेपालको इतिहास अनुसार भारतको बिभिन्न ठाउँहरू भारतको उत्तराखण्डको पिथुरागढ, कुमाउ, बनारस आदि ठाउँहरूबाट ब्राह्मणहरूको नेपाल प्रवेश भएको थियो । त्यसकारणले ब्राह्मण समाजमा आ-आफ्ना पुर्खौली ठाउँको नाम जोडेर बोलाउने चलन छ । ब्राह्मण शास्त्रहरूमा प्रमुख अग्निरस, अपस्तम्भ, अत्रि, बृहस्पति, बौधायन, दक्ष, गौतम, हरित, कात्यायन, लिखित, मनु, पाराशर, समवर्त, शंख, शत्तप, ऊषानस, वशिष्ठ, विष्णु, व्यास, यज्ञवल्क्य तथा यम ऋषि हुन् । ब्राह्मणका मुख्य कर्तव्यहरूमा शिक्षण, अध्ययन, यज्ञ गर्ने, यज्ञ गराउने, दान लिने तथा दान दिने रहेको छ । ब्राह्मण जातिका जातीय परम्परा र संस्कारलाई हेर्दा बाहुनहरूको परम्परा हिन्दू धर्म मान्ने आर्य मूलको पूजा आजामा रुची राख्ने, छद्म पूजा, कन्या दान, गौ दान, भुमी दान, जस्ता अन्य दानहरू लिने तथा दिने, हिन्दू धर्मका अनुसार पुन्सवन, सीमन्तोनयन, जन्मानुष्ठान, नामकरण (न्वारन), निष्क्रमण, अन्नप्रासन, चुडाकर्म, कर्णवेध, उपनयन अर्थात यज्ञोपवित (व्रतवंध), वेदारम्भ, केशान्त अथवा गोदान, तथा स्नान, समवर्तनम् वा विवाह, अन्त्येष्टि आदि सबै संस्कारहरू विधिपूर्वक सम्पन्न गराउने रहेको देखिन्छ (भण्डारी, २०१६) ।

संस्कार शब्दको ब्युत्पत्ति संस्कृतको 'सम' एवं कृञ धातुमा घमँ प्रत्यय लगाएर भएको छ । ऋग्वेदमा संस्कारको ठाउँमा संस्कृत शब्दको प्रयोग पाइन्छ, जसको अर्थ शुद्ध गरिएको भन्ने हुन्छ । संस्कार, धर्म, सम्प्रदाय, परम्परा, संस्कृति इत्यादि समानार्थी रूपमा प्रयोग गरिन्छ । तर सबैमा फरक हुन्छ । संस्कार शब्दको अर्थ हो पूर्ण गराइएको, तलासिएको, परिष्कार गरिएको वा सफा गरिएको । संस्कारको अंग्रेजी समानान्तर शब्द हो कल्चर- यो कल्टबाट बनेको छ । बर्बर र सभ्य संसारबाट टाढा रहेका जातिहरूको मानसिक क्षमता अविकसित नै रहन जान्छ किनभने उनीहरूमा संस्कारको अभाव हुन्छ । बोलीचाली, पहिरन, धर्म, संस्कृति, श्रम, उत्पादन, वैज्ञानिक आविष्कार, आर्थिक क्रियाकलाप, शिष्टाचार आदि मानवीय सभ्यताका परिचायक हुन् । यी कुराहरू मानिसहरूले आफ्ना नजिकका मानिसहरूसँगै सिक्छ । यसलाई धार्मिक संस्कारसंग सम्बन्धित गराउनासाथ त्यसमा पवित्रता, त्याग र दिगोपन आउंछ । स्मृति र पुराणहरूमा सामान्यता १६ संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, छैठी, नामकरण, अभि निष्क्रमण, अन्न प्राशन, चूडाकर्म, कर्णवेध, यज्ञोपवीत, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि) मानिएका छन् । यसलाई जन्म,

शैक्षिक, विवाह र मृत्युका संस्कारमा पनि विभाजन गर्न सकिन्छ । संस्कारमध्ये चारवटा (नामकरण, यज्ञोपवीत, विवाह र अन्त्येष्टि) प्रमुख मानिएका छन् (बराल, २०४४) ।

नेपालभरी बसोबास गर्ने दोस्रो ठूलो जनसङ्ख्याको रूपमा रहेको ब्राह्मण समुदाय एक माथिल्लो स्तरको समुदाय हो । अन्य समुदायमा जसरी विदेशी संस्कारको प्रभाव पर्दै गइरहेको छ त्यसरी नै ब्राह्मण समुदायमा पनि यसको प्रभाव परिरहेको देखिन्छ । त्यसैगरी ब्राह्मण समुदायले वर्षौदेखि मान्दै आइरहेका संस्कारहरू विभिन्न जातजाति र विदेशी संस्कारको प्रभावले परिवर्तन भइरहेको कुरा प्रत्यक्ष रूपमा देखिरहेका छन् । यस अध्ययनमा अन्य जातिमा रहेको संस्कार जस्तै ब्राह्मण संस्कार र परिवर्तित समाजमा यसको वर्तमान अवस्थाबारे अध्ययन गर्न खोजिएको छ । यसबाट ब्राह्मण संस्कारको परिवर्तित स्वरूपको समेत विश्लेषण गरिएको छ ।

## १.२. समस्याको कथन

नेपाल विभिन्न जातजाति, भाषाभाषी, सामाजिक अवस्था, धर्म संस्कृतिको संगम र रोचक थलो हो । यहाँका जातजातिको मूलथलो, भाषा र जनजीवन, आर्थिक उपार्जन, आर्थिक, सामाजिक र अवस्था, सामाजिक संस्कार र त्यसको परिवर्तित स्वरूपको बारेमा कुनै लेख, पुस्तक तथा सो सम्बन्धि जानकारी दिने उद्देश्यले यस सम्बन्धमा अध्ययन हुन आवश्यक देखिन्छ । यसै सन्दर्भमा ब्राह्मण संस्कार र परिवर्तित समाजको तथ्यगत जानकारी बटुल्ने प्रयोजनले यो अध्यनको आवश्यकता महसुस गरिएको हो । यर्थाथमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाकामा ब्राह्मण संस्कार र परिवर्तित समाज सम्बन्धी विषयमा अध्ययन गर्न विभिन्न अध्ययन विधि अपनाइ शोध खोज गरिएको छ । देश विकासको राष्ट्रिय सन्दर्भमा प्रत्येक जनजातिको आफ्नै महत्व रहेको छ ।

हाम्रो देश नेपाल विभिन्न धर्मावलम्वीको बासस्थान भएर पनि साम्प्रदायिकताको गन्ध नआउने मुलुक हो । करिव पौने तिन करोड नेपालीले तेत्तिस कोटी देवता पुज्ने विश्वकै हिन्दु राष्ट्र नेपाल हो । यस्तैगरी नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातीय देश हो । यहाँका अन्य जाति जस्तै ब्राह्मण जातिमा सामाजिक संस्कार के कस्तो अवस्थामा रहेको छ र ब्राह्मण समुदायको परिवर्तित समाजको अवस्था कस्तो रहेको छ भन्ने विषयमा अध्ययनलाई केन्द्रित गरिएको छ । यो अध्ययन मूल रूपमा, सुर्खेत जिल्लाको वीरेन्द्रनगर

नगरपालिका वडा नं. ३ गण्डकी लाइनमा बसोवास गर्ने ब्राह्मणको संस्कार र परिवर्तित समाजमा यसको अवस्थाको बारेमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## १.३. अध्ययनको उद्देश्य

हरेक कार्यमा निश्चित उद्देश्य हुने गर्दछन् किनकि गन्तव्य विनाको यात्रा पाइलट विनाको जहाज जस्तो हुन्छ । त्यस्तै उद्देश्य विनाको अनुसन्धान अव्यवस्थित प्रतिफल विमुख हुन्छ । निश्चित उद्देश्यले अनुसन्धान कार्यलाई अगाडि बढाउन दिशानिर्देशन गर्छ । यस शोध अध्ययनको मुख्य उद्देश्य अध्ययन क्षेत्रका ब्राह्मण जातिको संस्कार र परिवर्ति समाजको विश्लेषण गर्नु रहेको छ । यस शोधपत्रलाई अगाडि बढाउन निम्न लिखित विशिष्ट उद्देश्य राखिएका छन् :

१. परिवर्तित समाजमा ब्राह्मण संस्कारको जानकारी लिने ।

२. समाजमा ब्राह्मण संस्कार परिवर्तन हुनुका कारणहरू अध्ययन गर्ने ।

## १.४. अनुसन्धानात्मक प्रश्नहरू

यस शोधमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. परिवर्तित समाजमा ब्राह्मण संस्कारको अवस्था के कस्तो रहेको छ ?

२. परिवर्तित समाजमा कुन कुन ब्राह्मण संस्कारहरू रहेका छन् ?

३. परिवर्तित समाजमा ब्राह्मण संस्कारहरूमा के कस्तो परिवर्तन आएको छ ?

४. परिवर्तित समाजमा ब्राह्मण संस्कारले पारेको प्रभाव कस्तो छ ?

## १.५. अध्ययनको महत्व

हरेक विषयवस्तुका आफ्नै किसिमको महत्व रहेको हुन्छ । प्रस्तुत अध्ययनमा परिवर्तित समाजमा ब्राह्मण संस्कारको अध्ययन गरिने भएकाले ब्राह्मण संस्कारको पहिलेको र अहिलेको अवस्थाको बारेमा विस्तृत अध्ययन गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षले ब्राह्मण संस्कारका देखिएका कमिकमजोरीमा सुधार ल्याउनुका साथै ब्राह्मण समुदायसँग सम्बन्ध राख्ने जोकोहीलाई स्रोत सामग्रीको रूपमा सहयोग पुऱ्याउने छ । त्यसको साथै जातिगत रूपमा नीति नियम बनाउन नीति निर्मातालाई, ब्राह्मण संस्कारबारे अध्ययन गर्ने अध्ययनकर्ता, पाठ्यक्रम निर्माणको लागि पाठ्यक्रमविद, ब्राह्मण सम्बन्धी अध्ययन गर्न चाहने अध्ययनकर्ता, अनुसन्धानकर्तालाई समेत आगामी

दिनमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत अध्ययनको महत्वलाई तपसिलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

१) अध्ययन क्षेत्रका परिवर्तित समाजमा ब्राह्मण संस्कारको अवस्थाबारे थाहा पाउन ।

२) परिवर्तित समाजमा ब्राह्मण संस्कारको स्वरूपबारे थाहा पाउन ।

३) अनुसन्धानका माध्यमबाट परिवर्तित समाजमा ब्राह्मण संस्कारका राम्रो बलियो पक्षहरू थापा पाउन ।

४) अनुसन्धानका माध्यमबाट परिवर्तित समाजमा ब्राह्मण संस्कारका सबल पक्षहरू थापा पाउन ।

५) परिवर्तित समाजमा ब्राह्मण संस्कारले पारेको प्रभाव थाहा पाई सोही अनुसारको समुदाय निर्माणको खाका निर्माण गर्न ।

६) सामाजिक सद्भाव कायम गर्न ।

७) सामाजिक एकतामा सहयोग गर्न ।

## १.६. अध्ययनको सिमा

अध्ययनलाई सिमाङ्कन गर्नु नितान्त आवश्यक कुरा हो । यस अध्ययनको क्षेत्र स्नातकोत्तर तह दोस्रो वर्ष समाजशास्त्र विषयको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका अध्ययन कार्यलाई अघि बढाइएको छ । समय परिस्थिति साधन र स्रोतको अभावको बावजुत यस अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका ३ गण्डकी लाइनमा बसोवास गर्दै आएका ब्राह्मणहरूको परिवर्तित समाजमा ब्राह्मण संस्कारको अध्ययनमा सिमित राखिएको छ । यस अध्ययनलाई निम्नलिखित बुँदाहरूमा सीमित गरिएको छ :

१) यो अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनका ६ जना ब्राह्मण कर्म गर्ने ब्राह्मणमा सीमित गरिएको छ ।

२) यो अध्ययनमा केवल परिवर्तित समाजमा ब्राह्मण संस्कारको मात्र अध्ययन गरिने छ ।

३) यो अध्ययन केवल समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्ति लागि गरिएको छ ।

४) तोकिएको नुमना छनोट गर्नका लागि उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ ।

५) यो अध्ययनमा प्राथमिक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

# अध्याय : दुई
# पूर्व अध्ययनको पुनरावलोकन

## २.१. सैद्धान्तिक अवधारणा

समाज गतिशील छ । आजको सत्य भोलिको झुटो र आजको झुटो भोलिको सत्य पनि हुन सक्दछ । मानवीय प्रवृत्ति पनि विभिन्न खालको हुन्छ । कुनै वस्तु विषय वा घट्नालाई हेर्ने दृष्टिकोण पनि फरक हुन्छ, जसरी हेरिन्छ, विश्लेषण गरिन्छ, त्यस्तै बिचार बन्छ । शिक्षाको क्षेत्रमा पनि यो कुरा लागु हुन सक्छ । शिक्षा कस्तो हुने भन्ने कुराको एउटा आधार समाज पनि हो । समाजले शिक्षामा पार्ने प्रभाव र शिक्षाले समाजमा पार्ने प्रभावका सम्बन्धमा विभिन्न दार्शनिक, राजनीतिज्ञ, समाजशास्त्री, शिक्षाशास्त्रीहरूको फरक फरक धारणा रहेको छ । जो निम्नानुसार प्रस्तुत गरिएको छ :

अमेरिकी दार्शनिक शिक्षाविद जोहन डिवेका अनुसार एकै स्थानमा साझा उद्देश्य प्राप्तिका लागि साझा विचार लिएर अघि बढ्ने समूह नै समाज हो । यस प्रकारको साझा आवश्यकता र उद्देश्य विचारको आदानप्रदान र एक अर्काप्रति सहानुभूतिको भावना विकास गर्नुपर्ने आवश्यकतालाई जनाउँछ । शिक्षा एक सामाजिक कार्य हो । शिक्षा जीवनको आवश्यकता, मार्गदर्शक र बृद्धि हो ।

कार्लमाक्सले कम्युनिष्ट मेनिफिस्टोमा आजसम्म विद्यमान समाजको इतिहास वर्ग संघर्षको इतिहास हो र स्वतन्त्र मानिस र दास अभिजात वर्ग र साधारण जनता र सामन्त किसान स्वामी र कामदार, एक शब्दमा भन्ने हो भने शोषक र शोषितले सदैव एक अर्काको विरुद्धमा कहिले लुकेर कहिले खुलेर निरन्तर युद्ध गरिरहेका छन् भनिएको छ । अमेरिकी दार्शनिक एवं शिक्षा विद जोन डिवे साझा उद्देश्य प्राप्तिका लागि साझा विचार लिएर अघि बढ्ने समूहलाई समाजको संज्ञा दिन्छन् । उनले समाजलाई शिक्षाको प्रमुख स्थल मानेका छन् । शिक्षा एक सामाजिक कार्य, स्वयम् जीवनको आवश्यकता मार्गदर्शक र बृद्धि हो भनी समाज र शिक्षाको सम्बन्धलाई पुष्टि गरेका छन् ।

विश्व प्रशिद्घ सिद्धान्तकार एवं राजनीतिक विचारक कार्लमार्क्सले समाजको इतिहास वर्ग संघर्षमा आधारित छ । मूलतः दुई वर्ग शोषक र शोषित बीच भइरहने जीवन्त संघर्षको

प्रतिफल नै समाज हो । संसारमा राम्रा र नराम्रा विषयवस्तु रहेका हुन्छन् । तिनीहरू बीच आन्तरिक र वाह्य दुवै रूपमा द्वन्द्व हुन्छ, द्वन्द्वको प्रतिफल विकास हुन्छ भन्ने वीचार राखेका छन् । यसरी दिइएका अभिव्यक्ति समजको उत्पत्ति परिवर्तन र विकास एवं शिक्षासँग रहेको सम्बन्ध हुबहु नै मिल्दछ भन्न सकिँदैन तापनि अध्ययन क्षेत्र अध्ययनको विषय समाजबाट अलग छैन । शिक्षाको विकासमा समाजको महत्वपूर्ण योगदान रहेको हुन्छ । समाजको धार्मिक सांस्कृतिक आर्थिक, बौद्धिक राजनैतिक भौगोलिक प्राविधिक आदि पक्षले त्यहाँको शिक्षामा सकारात्मक, नकारात्मक दुवै प्रकारको प्रभाव छोडेको हुन्छ । सकारात्मक प्रभावले शिक्षाको विकासमा कछुवाको गतिमा भए पनि अगाडि बढेको छ भने नकारात्मक प्रभावले अन्य क्षेत्र र जातिको तुलनामा तीव्र गतिमा शिक्षाको विकास हुन नसकेको अवस्था देखिन्छ ।

## २.२. पूर्व साहित्यको समीक्षा

विष्ट (१९९०) का अनुसार नेपालीहरूका आधारभूत सामाजिक संरचनाका बारेमा लेखेका छन् । जसमा उनले कसरी नेपाली समाजमा जातजातिको विस्तार भन्ने कुरामा खोजी गर्दा १३ औं शताब्दी पूर्व उत्तरपूर्वी भारतबाट ब्राह्मणहरू नेपाल भित्रिएका थिए । जतिखेर भारतमा मुस्लिम तथा ब्राह्मणहरूका बीचमा आक्रमण भई ब्राह्मणहरूले हिन्दु संस्कार र आफूहरू नेपाल भित्र्याइएका थिए । नेपालमा लिच्छिवी कालको अन्त्यपश्चात शंकाराचार्यले राजालाई राहत प्रदान गरेर शिवदेवले ब्राह्मणलाई काठमाडौंको पशुपतिनाथ मन्दिरको पूजारीका रूपमा नियुक्त गरेको पाइन्छ । यसरी पूजारीहरू पशुपतिनाथमा नियुक्त भएपश्चात जमिन दिन सफल भए जुन कार्य नेपालको जातिगत राजनैतिकको रूपमा विकास भयो । यसरी जग्गा जमिन पाइसकेपश्चात उनीहरू आर्थिक रूपमा सशक्त भए । यसका साथै विभिन्न क्षेत्रमा उनीहरूको पहुँचमा बृद्धि भयो । नियम कानुन निर्माण गर्ने तथा निर्णायक क्षेत्रमा उनीहरूको पहुँच अन्यको भन्दा बढी भएको पाइन्छ । यसरी ब्राह्मणहरूको तीव्र विकास भएको पाइन्छ भने गरिब तथा तल्लो वर्गका रूपमा स्थापित शुद्रलाई हेरिन्थ्यो । वैश्य वा जातिलाई अविकसित, अव्यवहारिक मानिन्थ्यो र व्यापक थिचोमिचो गरिन्थ्यो । तर उनीहरूको पेशालाई हेर्दा अरुमाथि आश्रित हुने जस्ता कृषि कार्यहरूमा संलग्न थिए र हामीहरूको कार्य अरुको सेवा गर्नु मात्र हो भन्ने रहेको थियो ।

शर्मा (२०३९) का अनुसार ब्राह्मणहरू सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल गरी पाँच भागमा वर्गीकरण गरिएका थिए । सारस्वतहरू सरस्वती नदीको किनारबाट नेपालतर्फ पसेका कारण उनीहरूको हाँगालाई सारस्वत भनिएको हो । उनीहरू कालान्तरमा कान्यकुब्ज समुदायमा सम्मिलित भइसकेको पाइन्छ । कान्यकुब्जहरू कनौजबाट हिमाली भेकतिर पसेका थिए । यिनीहरू पूर्वीया र कुमाई गरी दुई भागमा विभाजित भएका छन् । गौड ब्राह्मणहरू सर्वप्रथम सेनहरूका साथ नेपाल पसेका थिए । यिनीहरूमा पनि कुलिन र अकुलिन दुई प्रकारको भेद रहेको पाइन्छ । सेनहरूको राज्य समाप्त हुनासाथ यिनीहरूको अस्तित्व पनि समाप्त भयो । यिनीहरूमध्ये केही कान्यकुब्ज समुदायमा विलीन भए भने केही वैवाहिक कारणबाट अन्य जातिमा मिल्न गए । नेवारी समाजमा रहेको गंगोल थरको समूह नै गौड ब्राह्मणका सन्तति मानिन्छन् । मैथिल ब्राह्मणहरू कोशी र बागमती नदी बीचको तराईमा बसोबास गरेको पाइन्छ । यिनीहरू पनि मूलको हिसाबले ठूलो र सानो भन्ने भेदभाव राख्छन् । मैथिलहरू जो पहाडतिर पसे, उनीहरूको संख्या सारै कम भएकाले कान्यकुब्ज समुदायमा प्रवेश गरेका छन् । यिनीहरू आज पनि मिश्र, ओभ्ना आदि थरबाट पहाड पर्वतमा विभूषित भएका पाइन्छन् । उडिसा प्रदेशबाट नेपाल आएका ब्राह्मणलाई उत्कल भनिन्छ । यिनीहरूले आफ्नो अलग अस्तित्व बनाएर राखेका छैनन् । शर्माका अनुसार ब्राह्मणहरू उपाध्याय ब्राह्मण र जैसी ब्राह्मणमा विभक्त भएको पनि उल्लेख गरेका छन् । उपाध्याय ब्राह्मणको मर्यादा जैसीभन्दा माथिल्लो तहमा मानिन्छ । मनुस्मृतिअनुसार वृत्तिको लागि जसले वेदको कुनै अंश वा वेदांग पढाउँछ, त्यो उपाध्याय कहलाउँछ । उनको भनाइअनुसार जसले वेदको अध्ययन र अध्यापन गर्न सक्छ, ऊ उपाध्याय कहलाउन सक्छ । यदि यस तर्कलाई स्वीकार गर्ने हो भने ब्राह्मण शब्द वेदसित गाँसिएको देखिन्छ ।

बराल (२०४४) का अनुसार हिन्दू सामाजिक सङ्गठनको रूपरेखा प्रस्तुत गरिएको छ । जसमा संस्कार, धर्म, सम्प्रदाय, परम्परा, संस्कृति इत्यादि समानार्थी रूपमा प्रयोग गरिन्छ । तर सबैमा फरक हुन्छ । संस्कार शब्दको अर्थ हो पूर्ण गराइएको, तलासिएको, परिष्कार गरिएको वा सफा गरिएको । संस्कारको अंग्रेजी समानान्तर शब्द हो कल्चर । यो कल्टबाट बनेको छ । यसबाट कृषि युग नै संस्कार र संस्कृतिको प्रारम्भ हो भन्ने उल्लेख गरिएको छ । बर्बर र सभ्य संसारबाट टाढा रहेका जातिहरूको मानसिक क्षमता अविकसित नै रहन जान्छ किनभने उनीहरूमा संस्कारको अभाव हुन्छ । बोलीचाली, पहिरन, धर्म, संस्कृति, श्रम,

उत्पादन, वैज्ञानिक आविष्कार, आर्थिक क्रियाकलाप, शिष्टाचार आदि मानवीय सभ्यताका परिचायक हुन् । यी कुराहरू मानिसहरूले आफ्ना नजीकका मानिसहरूसँगै सिक्छ । यसलाई धार्मिक संस्कारसंग सम्बन्धित गराउनासाथ त्यसमा पवित्रता, त्याग र दिगोपन आउँछ ।

अर्याल (२०६९) का अनुसार पूजा (आजा, समाज सेवा र शिक्षा आर्जनमा रुची राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा बाहुन भनिन्छ र नेपाल भाषा मा जुजु - बाजे (राजा वाजे) वा ब्राह्मण (देव ब्राह्मण) भनिन्छ । हिन्दू धर्म ग्रन्थहरूमा समाज सञ्चालनका निम्ति चार वर्णहरूमा विभाजन गरी ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र वर्णहरूको सृजना गरिएको हो भनी उल्लेख गरिएको छ र ब्राह्मणको अपभ्रंश भई नेपालीहरूमा बाहुन शब्द प्रचलित भएको हो । नेपाली बाहुनहरू खस जाति (भारतको कस्मीर देखि भुटान सम्मको हिमालयको दक्षिणी पाखोमा बस्ने जाति का हांगा हुन् । यो जाति नेपाल लगायत तत्कालीन विशाल नेपालका भूभागहरू हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाचल प्रदेश, दार्जीलिङ, कालिम्पोङ, सिक्किम का साथै भुटान, बर्मा तथा भारतका अन्य भूभाग तथा विश्वका विभिन्न ठाउँका निवासी छन् । नेपालमा मूलत ३ भिन्न आर्य हिन्दू समाज मा ब्राह्मण को उपस्थिती पाईन्छ पहाडेरखस, नेवार, मैथिल ।

शेरचन (२०६८) का अनुसार ब्राह्मण त्यो हो जो ब्रहम (अन्तिम सत्य, ईश्वर या परमज्ञान) लाई जान्दछ । अतः ब्राह्मणको अर्थ (ईश्वर ज्ञाता) । तर हिन्दू समाजमा एतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथा पण्डित नै ब्राहमण हुन्छन् । किन्तु आजकल धेरै ब्राहमणहरू धर्म (निरपेक्ष व्यवसाय गर्छन् तथा उनीहरूको धार्मिक परम्परा उनीहरूको जीवनवाट लुप्त हुदै गईरहेको छ । यद्यपि नेपाली जनसमाजमा ब्राह्मणहरूको प्रतिशत कम छ, तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान (विज्ञान तथा उद्यमका क्षेत्रमा यीनीहरूको योगदान अपरिमित छ । नेपाललाई राष्ट्रको रूपमा निर्माण, एकीकरण, आधुनिकीकरण र अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बनाउन यस वर्गले अन्य समुदायसंग मिलेर महत्वपूर्ण योगदान गरेको छ । उदाहरणका लागि भाषा र व्याकरणको क्षेत्रमा राममणि आदी, कुललचन्द्र गौतम, साहित्यको क्षेत्रमा लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल, इतिहासको क्षेत्रमा नयराज पन्त, वावु राम आचार्य, वालचन्द्र शर्मा, आदर्शको रूपमा सन्त नेता कृष्ण प्रसाद भट्टराई, समाज सुधारको क्षेत्रमा योगमाया, पं नारायण प्रसाद पोखरले, संगीतमा

नरराज ढकाल, शिक्षामा शंकरदेव पन्त, राजनीतिमा वी पी कोइराला, मनमोहन अधिकारी, दर्शनको क्षेत्रमा मीन प्रसाद नेपाल, घनश्याम मरासिनी, खप्तड बाबा, चूडानाथ भट्टराय, प्रशासनिक क्षेत्रमा सरदार यदुनाथ खनालको योगदान इतिहासमा अंकित भइसकेको छ ।

श्रेष्ठ (२०७४) का अनुसार वर्ण विभाजनमा ब्राह्मणहरू सबभन्दा माथिल्लो स्तरको मानिन्छ । त्यसको मुख्य आधार प्राचीन ग्रन्थहरूलाई मानिन्छ । मनुस्मृतिमा ब्राह्मणका ६ वटा कार्यको वर्णन गरिएको छ, जसमा पढ्नु पढाउनु, यज्ञ गर्नु गराउनु, दान दिनु लिनु । यी कार्यहरू अहिले पनि यो वर्गबाट गरिन्छ । तर त्यसका अतिरिक्त उनीहरू अरू पेसामा पनि सक्रिय भएका छन् । नेपालको सन्दर्भमा सरकार र प्रशासन उनीहरूकै हातमा गएको छ । महाभारतका साप्तिक पर्वमा जसले इन्द्रियहरूलाई वशमा गर्न सकेको छैन, ऊ सच्चा ब्राह्मण हुनै सक्दैन भनी ब्राह्मणको वर्णन गरिएको छ । यसलाई अनुसरण गर्ने हो भने पूर्णरूपले साधुसन्तहरू मात्र यो वर्गमा सामेल हुन सक्ने देखिन्छ । यसले यो समाजमा ठूलो संकट नै उत्पन्न गर्छ । इन्द्रियहरूलाई बसमा राख्न ठूलो साधना र त्याग गर्नुपर्ने हुन्छ । यसैगरी महाभारतको कर्ण पर्व अनुसार वेदको ज्ञान नहुनु ब्राह्मणको लागि कलंक हो । यसको माने ब्राह्मण हुने उसैलाई मात्र अधिकार हुन्छ, जसलाई वेदको राम्रो ज्ञान हुन्छ । महाभारतको वन पर्वअनुसार चारै वेदका ज्ञाता, ब्राह्मण यदि दुराचारी भए भने ऊ शूद्रभन्दा घटिया मानिन्छ । जो मानिस वेदबारे केही थाहा छैन तर जसले आफ्ना इन्द्रियहरूलाई बसमा गरेको छ भने उनी सच्चा ब्राह्मण हुन् ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालको जनसंख्या करिब दुई करोड ६० लाख देखाएको थियो । त्यसको १२.२ प्रतिशत जनसंख्या ब्राह्मण भएको पाइएको छ । अंकमा भन्दा यो करिब ३२ लाख २६ हजार ९०३ देखिएको छ । यिनीहरू नेपालका सबै भागमा फैलिएर बसेको पाइएको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

### २.२.१. ब्राह्मण जाति

ऐतिहासिक रूपले हिन्दू समाजमा, काममा आधारित चार वर्ण छन् । १. ब्राह्मण (आध्यात्मिकताका लागि उत्तरदायी), २. क्षेत्रीय (धर्म रक्षक), ३. वैश्य (व्यापारी र कृषक वर्ग) र ४. शूद्र (शिल्पकार, श्रमिक समाज) । नेपालमा मूलतः पहाडे/खस, नेवार र मैथिल आर्य-हिन्दू समाजमा ब्राह्मणको उपस्थिति पाइन्छ । आर्यमूल अन्तर्गत पर्ने पूजा-

आजा, समाज सेवा र शिक्षा आर्जनमा रुची राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा “बाहुन” भनिन्छ । ब्राह्मणको अर्थ -“ईश्वर ज्ञाता” हसन्छ । तर हिन्दू समाजमा ऐतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् (भण्डारी, २०१६) ।

नेपालमा ब्राह्मण जातिको उल्लेख्य बसोबास रहेको छ । नेपालको इतिहास अनुसार भारतका विभिन्न ठाउँहरू भारतको उत्तराखण्डको पिथौरागढ, कुमाउ, बनारस आदि ठाउँहरूबाट ब्राह्मणहरू (बाहुन)को नेपाल प्रवेश भएको थियो । त्यसकारणले ब्राह्मण (बाहुन) समाजमा आ-आफ्ना पुर्खौली ठाउँको नाम जोडेर बोलाउने चलन छ । भारतमा मुगलहरूको आक्रमण हुन थालेपछि ब्राह्मणको नेपाल प्रवेश हुन थालेको हो । नेपालको सामाजिक विभाजनको विकास तथा भारतको सामाजिक विभाजनमा केही मौलिकहरू मेल खाएका छन् भन्ने कुरा डोरबहादुर बिष्टले व्याख्या गरेका छन् । ब्राह्मण शास्त्रज्ञहरूमा प्रमुख अंगिरा, अपस्तम्भ, अत्रि, बृहस्पति, बौधायन, दक्ष, गौतम, हरित, कात्यायन, लिखित, मनु, पाराशर, समवर्त, शङ्ख, शत्तप, ऊषानस, वशिष्ठ, विष्णु, व्यास, यज्ञवल्क्य तथा यम ऋषि हुन् । यी एक्काईस ऋषि स्मृतिहरूका रचयिता थिए । स्मृतिहरूमा सबैभन्दा प्राचीन अपस्तम्भ, बौधायन, गौतम तथा वशिष्ठ छन् । ऐतिहासिक युगका महानतम दार्शनिक आदि शंकराचार्य दक्षिण भारतको नामपुद्री ब्राह्मण परिवारका हुन् भनिन्छ (विष्ट, २०४१) ।

खस बाहुन वा बाहुन नेपालको पहाडी खस समुदायको ब्राह्मण एवम् पूजारी जाति हो। यो नेपालको दोस्रो सर्वाधिक जनसंख्या भएको समुदाय हो । नेपाली साहित्यमा यस जातिको जोडदार योगदान छ । नेपाली राजनीतिमा यस जातिको योगदान छ । यिनीहरूमा उपाध्याय बाहुन र जैसी बाहुन छन् । त्यस्तै कुमाई बाहुन र पूर्वीया बाहुन छन् ।नेपालको खस जातिबाट उद्भव भएको ब्राह्मणहरू हुन् । खस बाहुनहरू आजको समयमा पनि देवाली पूजा वा मष्टो पूजाबाट चिनिन्छन् । यही प्राचिन परम्परा सम्पूर्ण खसहरूको चिनारी हो (कल्याण सन्तवाणी अंक, २०६७) ।

ब्राह्मणबारे मुखाग्र शास्त्रीय वचन छ- जन्मदा मान्छे शुद्ध हुन्छ, कर्म या संस्कारले उसले आफ्नो स्थान तय गर्छ । वर्ण कसरी तय भयो भन्ने कुरा भागवत गीतामा गुण र कर्मको

आधारमा मैले चार वर्ण सृष्टि गरेको हुँ भनिएको छ । त्यसैगरी चाणक्यले भनेका छन् – जो मान्छे एक पटकको भोजनबाट सन्तुष्ट हुन्छ, कर्ममा (यज्ञ गर्नु-गराउनु, पढ्नु-पढाउनु, दानमा पाएको खाने, आफूसँग केही नभएको, बाँकी दान दिने) लागिरहन्छ र आफ्नी स्त्रीसँग ऋतुकाल (मासिक धर्म) पछि मात्र संसर्ग गर्छ, उही नै सच्चा ब्राह्मण कहलाउँछ । ब्राह्मणको कोखमा जन्मिएर पनि मन्त्र संस्कार नभएको र जातिले मात्र चिनिने अ-ब्राह्मण हुन्छ । स्मृतिको श्लोक उल्लेख गर्दै लेख्नुभएको छ– जो मान्छे ब्राह्मणको कोखमा जन्म लिएर उपनयन आदि गरेर पनि ब्राह्मणको कर्म जान्दैन र अध्ययन पनि गर्दैन, उसलाई नाममात्रको ब्राह्मण भनिन्छ । साथै तीन पुस्तासम्म वेद र यज्ञसँग सम्बन्ध टुटेको ब्राह्मण दुर्ब्राह्मण हुन्छ । पहिले-पहिले शूद्र ब्राह्मण भएका र ब्राह्मण शूद्र भएका उदाहरण हाम्रा पुराना पुस्तकमा प्रशस्त छन् । नाम चलेका प्रायः ऋषिहरू नै शूद्रबाट ब्राह्मण भएका कुरा वेद र उपनिषद्मा सुरक्षित छन् । जातबाट ब्राह्मण हुन्थ्यो भने प्रायः सबै महर्षि ती सबै अर्को जातिमा जन्म भएका थिए । अहिले समाजमा ब्राह्मणले अर्को जातकासँग विहेबारी गर्न हुँदैन भनिन्छ । हाम्रो प्राचीन सभ्यताका आधारमा यो सर्वथा गलत मान्यता हो । जात होइन, कर्मको पूजा हुने हाम्रो प्राचीन सभ्यता हो । भारत वर्षको दीपक मानिएका व्यास लगायत ऋषिहरू सबै शूद्र परिवारमा जन्मिएका शूद्र हुनुपर्ने हो। तर उनीहरू सबै हामीले पुज्ने समाज कै सबैभन्दा अग्ला ब्राह्मण भए । त्यसैले जातले होइन, कर्मले ब्राह्मण हुने हो (पोखरेल, २०७६) ।

### २.२.२. ब्राह्मणको अवधारणा र अर्थ

आर्य मूल अन्तर्गत पर्ने पूजा-आजा, समाज सेवा र शिक्षा आर्जनमा रुचि राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा बाहुन भनिन्छ । ब्राह्मणको अपभ्रंश भई नेपालीहरूमा बाहुन शब्द प्रचलित भएको हो । ब्राह्मण शब्द ब्रह्मन बाट बनेको छ । ब्रह्मनको अर्थ हुन्छ मन्त्र । शब्दको दृष्टिले विचार गर्ने हो भने ब्राह्मण शब्दको अर्थ मन्त्रको व्याख्या गर्ने हुन जान्छ । जसले मन्त्रको व्याख्या गर्दछ, ऊ ब्राह्मण हो । यहाँ मन्त्रको व्याख्या गर्ने भन्नुको अर्थ सम्भवतः लिखित वा मौखिक रूपमा वेदका मन्त्रहरूको व्याख्या गर्ने भन्ने बुझिन्छ । ब्रह्मन शब्दको वैदिक शब्दावलीमा यज्ञ पनि अर्थ बताइएको छ । यज्ञको विधि-प्रक्रिया तथा यससित सम्बन्धित विवरण प्रस्तुत गर्ने ग्रन्थलाई ब्राह्मण भनियो । यहाँ ब्राह्मण शब्दले ग्रन्थलाई नै जनाएको पाइन्छ । ब्रह्मन शब्दको अर्को अर्थ रहस्य पनि हुन्छ । अतः वैदिक तत्वज्ञानलाई रहस्योद्घाटन गर्ने कारणले पनि यी

ग्रन्थहरूलाई ब्राह्मण भनिएको हो । सम्भवतः वेद वा मन्त्रको अर्थ लगाउने, बुझाउने तथा रहस्यमाथिको पर्दा हटाई रहस्योद्घाटन गर्ने व्यक्तिलाई पनि समाजले ब्राह्मण मानेको हुनुपर्छ । कतिपयले बह्मालाई सर्जक मानेर जो सर्जक हुन् उही ब्रह्मा हुन् र ब्रह्माका सन्तान स्वतः ब्राह्मण हुन् भन्ने तर्क पनि दिएका छन् । कतिपयले प्राचीन कालमा निकै सानो क्षेत्रमा जातिप्रथा कायम रहेको र त्यहाँ शिक्षा दिने काम गर्नेलाई ब्राह्मण भनिएको तथा शिक्षा दिनेले नै यज्ञादि गराउने गरेको पनि अर्थ निकालेका छन् । जो शिक्षा दिन सक्ने सामर्थ्य राख्दछ, जो ज्ञानी छ, उही ब्राह्मण हो भन्ने भनाइ पनि प्रचलनमा रहेको पाइन्छ । यसरी श्रेष्ठ ज्ञान दिने नै ब्राह्मण हुन् । भूमि सूक्तमा पृथ्वीमा पाँच प्रकारका मानिस बस्ने गरेको उल्लेख छ जसमा प्रमुख चार वर्ण तथा पाँचौंमा निषाद अभिप्रेत छ । यसमा ब्राह्मणलाई ज्ञानको भण्डार भएकाले सबैका पालक भनिएको छ । ब्राह्मणलाई अकारण कष्ट पुऱ्याउन निषेध गरिएको छ (गौतम, २०७८) । वास्तबमा ब्रह्मा ज्ञानद्वारा भरिपूर्ण मनुस्य नै ब्राह्मण हो ।

कुनै मानिस जन्मको आधारमा ब्राह्मण हुन सक्दैन । उसले ब्राह्मणोचित कर्तव्य गरे मात्र ब्राह्मण हुन सक्छ । जटाले, गोत्रले वा जन्मले कोही ब्राह्मण हुँदैन, जसको सत्य छ, जसमा धर्म छ, र जो पवित्र छ, त्यो मात्र ब्राह्मण हुन्छ । ब्राह्मण शब्दको प्रयोग ब्राह्मण वर्णको रूपमा, ब्राहमण ग्रन्थको रूपमा र ब्रह्मको ज्ञान राख्ने व्यक्तिको रूपमा अर्थ्याइएको छ । वर्तमान समयमा ब्राह्मणलाई जाति भनिन्छ तर यसको उत्पत्ति वर्ण हो अर्थात् ब्राह्मण वर्ण हो जाति होइन । यसको उत्पत्तिको आधार ऋग्वेद पुरुष सूक्तमा उल्लेख छ । जनकलाल शर्माका अनुसार वैदिक साहित्यमा वर्ण रंगको अर्थमा अर्थाइएको छ । सुरुमा केवल एक वर्ण थियो । त्यसपछि संस्कार नलिने असवर्ण र संस्कार लिने सवर्ण गरी दुई वर्ण भएको थियो । विस्तारै समयको चक्रसँगै क्रमशः ब्राह्मणबाट, क्षत्रिय, र वैश्य वर्ण बने । म्याक्समुलरका अनुसार ब्रह्मचर्य आश्रम सबैलाई अनिवार्य थियो । जसले ब्रह्मचर्याश्रम पूरा नगरी अन्य आश्रममा गए तिनीहरू परित्यक्त भए । तीनवटै वर्णका यी परित्यक्तहरू व्रात्य कहलाइए । निश्चित यज्ञकर्म गरे पछि भने उनीहरू आआफ्नो वर्णमा फर्कन पाउँथे । व्रात्यहरू ब्राह्मण युगमा त्यस वर्गलाई दिइएको हो जुन आर्य त थिए तर वर्णानुसारको प्रथम कर्तव्य ब्रह्मचर्य आश्रम पालन गरेनन् । यी कर्तव्यच्युतहरूलाई नै वर्णच्युत गराइएको थियो (पोखरेल, २०७६) ।

### २.२.३. ब्राह्मणको इतिहास

ब्राह्मण समाजको इतिहास प्राचीन भारतवर्षको वैदिक धर्मबाट आरम्भ हुन्छ । मनु स्मृतिका अनुसार आर्यवर्त वैदिक व्यक्तिहरूको भूमि हो । ब्राह्मण व्यवहारको मुख्य स्रोत वेद हो । ब्राह्मणहरूका सबै सम्प्रदाय वेदबाट प्रेरणा लिन्छन् । पारम्परिक मान्यता अनुसार यो विश्वास छ कि वेद अपौरुषेय (कुनै पनि मानव/देवताले नलेखेको) तथा अनादि हो । वेदलाई श्रुति मानिन्छ (श्रवण हेतु, जो मौखिक परम्पराको द्योतक हो) । धार्मिक तथा सांस्कृतिक रीतिहरू एवं व्यवहारमा विविधताहरूको कारण, ब्राह्मण समाज विभिन्न उपजातिहरूमा विभाजित छ । सूत्र कालमा, लगभग १००० ई.पू देखि २०० ई.पू सम्म वैदिक अङ्गीकरणका आधारमा, ब्राह्मण विभिन्न शाखाहरूमा बाँडिन लागे । प्रतिष्ठित विद्वानहरूको नेतककत्वमा, एकै वेदका विभिन्न नामहरूमा पृथक-पृथक शाखाहरू बन्न लागे। यी प्रतिष्ठित ऋषिहरूका शिक्षाहरूलाई सूत्र भनिन्छ। प्रत्येक वेदका आफ्नै सूत्र छन् । सामाजिक, नैतिक तथा शास्त्रानुकूल नियमहरूका सूत्रहरूलाई धर्म सूत्र भनिन्छ । आनुष्ठानिकहरूलाई श्रौत सूत्र तथा घरेलु विधिशास्त्रहरूको व्याख्या गर्नेलाई गृह सूत्र भनिन्छ । विश्वकै सर्वप्राचीन ग्रन्थ ऋग्वेदानुसार सर्वोच्चशिखर हिमालयका काखमा आश्रम बनाई बसेका आत्रेय ऋषिका छोरा अर्चनानस हिमालयबाट भारतको गोमति नदि तटवर्ति भूभागका शासक रथवीतिको निमन्त्रणामा उनको राज्यमा गएर राजगुरु भएर बसेका, उनको छोरा श्यावाश्वले रथवीतिकै छोरी विवाह गरी राजपाठ गरेका, उनकै सन्तान कोही राजवंशी, कोही ब्राह्मण भएका र पछि लाहोर प्रान्त हुदै उत्तराञ्चलका बदरीखण्डका आस-पास क्षेत्रबाट नेपाल पसेका कुराका आधारमा हेर्दा नेपाल-भारतको सीमाबाट यता उता बसाईं सर्ने क्रम प्राचीन भएको कुरा उल्लेख गरिएको छ (काफ्ले, २०६९) ।

### २.२.४. नेपालमा ब्राह्मण

नेपालमा ब्राह्मण जातिको उल्लेख्य बसोबास रहेको छ । नेपालको इतिहास अनुसार भारतको विभिन्न ठाउँहरू भारतको उत्तराखण्डको पिथौरागढ, कुमाउ, बनारस आदिबाट ब्राह्मणहरू (बाहुन)को नेपाल प्रवेश भएको थियो । त्यसकारणले ब्राह्मण समाजमा आ-आफ्ना पुर्खौली ठाउँको नाम जोडेर बोलाउने चलन छ। भारतमा मुगलहरूको आक्रमण हुन थालेपछि ब्राह्मणको नेपाल प्रवेश हुन थालेको हो (टोनी, २०५८) । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ब्राह्मणहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना अनुसार नेपालमा ब्राह्मण जाति दोस्रो ठूलो जातिको रूपमा रहेको छ। नेपालमा ब्राह्मण

जाति १२.२ प्रतिशत तथ्याङ्कले देखाएको छ । नेपालमा ब्राह्मणलाई पहाडी ब्राह्मण र तराई ब्राह्मण गरी दुई भागमा विभाजन गरिएको छ (केन्द्रिय तथ्यांक विभाग, २०६८) ।

नेपाली बाहुनहरू खस जाति भारतको कस्मीरदेखि भुटानसम्मको हिमालयको दक्षिणी पाखोमा बस्ने जातिका हाँगा हुन् । यो जाति नेपाल लगायत तत्कालीन विशाल नेपालका भूभागहरू हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाचल प्रदेश, दार्जीलिङ, कालिम्पोङ, सिक्किम का साथै भुटान, बर्मा तथा भारतका अन्य भूभाग तथा विश्वका विभिन्न ठाउँका निवासी छन् । नेपालमा पहाडे/खस, नेवार, मैथिल गरी ३ भिन्न आर्य-हिन्दू समाजमा ब्राह्मणको उपस्थिति रहेको पाइन्छ । नेपालमा ब्राह्मण जातिको उल्लेख्य बसोवास रहेको छ । ब्राहृमण शास्त्रज्ञहरूमा प्रमुख अंगिरा, अपस्तम्भ, अत्रि, वृहस्पति, बौधायन, दक्ष, गौतम, हरित, कात्यायन, लिखित, मनु, पाराशर, समवर्त, शंख, शत्तप, ऊषानस, वशिष्ठ, विष्णु, व्यास, यज्ञवल्क्य तथा यम ऋषि रहेका छन् । युरोपका ससाना देशहरूलाई जितेपछि एलेक्जेन्डर भारतीय उपहाद्वीपलाई आनो राज्यमा गाभ्ने उद्देश्यले ठूलो सेनाका साथ विजय यात्रा सुरु गऱ्यो । ईरान जस्तो शक्तिशाली देशलाई सजिलै जित्न सफल भयो । त्यस पछि ठूलो फौजसहित गान्धार प्रवेश गर्यो । त्यसवेला तक्षशिला विश्वको शिक्षा केन्द थियो । त्यो गान्धार राज्यमा पर्थ्यो । जसका राजा आम्भी थिए । आम्भीले आफ्नो राज्यका सीमा बाहिर महंगा उपहारसहित स्वागत गर्दै एलेक्जेन्डरको अधीनता स्वीकार गरेकोले तक्षशिलाका आचार्यहरू आम्भीसँग रुष्ट भएका थिए । चन्द्रगुप्त मौर्यलाई यवन शासनको विरुद्ध विद्रोह गर्न तालिम दिने कौटिल्य तिनै रुष्ट आचार्यमध्ये एक थिए (शर्मा, २०३९) ।

### २.२.५. ब्राह्मण वर्णको परम्परा र संस्कार

यस्क मुनिको निरुक्त शास्त्रका अनुसार - ब्रह्म जानाति ब्राह्मणः–ब्राह्मण त्यो हो जो ब्रह्म (अन्तिम सत्य, ईश्वर या परमज्ञान) लाई जान्दछ । अतः ब्राह्मणको अर्थ- "ईश्वर ज्ञाता" । तर हिन्दू समाजमा एतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथा पण्डित नै ब्राह्मण हुन्छन् । किन्तु आजकल धेरै ब्राह्मणहरू धर्म-निरपेक्ष व्यवसाय गर्छन् तथा उनीहरूको धार्मिक परम्परा उनीहरूको जीवनबाट लुप्त हुँदै गईरहेको छ । यद्यपि नेपाली जनसङ्ख्यामा ब्राह्मणहरूको प्रतिशत कम छ, तथापि धर्म, संस्कृति, कला, शिक्षा, ज्ञान-विज्ञान तथा उद्यमका क्षेत्रमा यीनीहरूको योगदान अपरिमित छ । नेपाललाई राष्ट्रको रूपमा निर्माण, एकीकरण, आधुनिकीकरण र अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पहिचान बनाउन यस वर्गले

अन्य समुदायसँग मिलेर महत्वपूर्ण योगदान गरेको छ । अन्य वर्णमा जस्तै ब्राह्मण वर्णमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, सीमन्तोनयन, जन्मानुष्ठान, नामकरण (न्वारन), निष्क्रमण, अन्नप्रासन, चुडाकर्म, कर्णवेध, उपनयन अर्थात यज्ञोपवित (व्रतवंध), वेदारम्भ, केशान्त अथवा गोदान, तथास्नान, समवर्तनम् वा विवाह, अन्त्येष्टि आदी सबै संस्कारहरू विधिपूर्वक सम्पन्न गराउने रहेको देखिन्छ । समय बित्दै जाँदा केही संस्कार गाभिने र थपिने भएको पनि देख्न सकिन्छ (शर्मा, २०३९) ।

### २.२.६. बाहुन जातिको थर वा पारीवारिक नाम

नेपालको पहाडी खस समुदायको ब्राह्मण एवम् पूजारी खस बाहुन वा बाहुन जाति हो । यो नेपालको दोस्रो सर्वाधिक जनसंख्या भएको समुदाय हो । नेपाली साहित्य, राजनीतिमा यस जातिको योगदान छ । यिनीहरूमा उपाध्याय बाहुन र जैसी बाहुन छन् । त्यस्तै कुमाई बाहुन र पूर्वीया बाहुन छन् । नेपालको खस जातिबाट उद्भव भएको ब्राह्मणहरू हुन् । खस बाहुनहरू आजको समयमा पनि देवाली पूजा वा मष्टो पूजाबाट चिनिन्छन् । यही प्राचिन परम्परा सम्पूर्ण ब्राह्मणहरूको चिनारी हो । नेपालको ब्राह्मणहरूको थर वा पारीवारिक नाममा आचार्य, अधिकारी, (अर्जेल)/अर्ज्याल/अर्याल, अवस्थी, आत्रेय, बडाल, बडु, बास्कोटा, बराल, बस्ताकोटी, बारकोटी, बास्तोला, बस्याल/बश्याल/बसेल, भण्डारी, भट्ट, भट्टराई, भेटुवाल, भुर्तेल, भुसाल/भुषाल, चालिसे, चापगाइँ, चटौत, चौलागाई)/ चाम्लागाई, चिलुवाल, दाहाल, दुवाडी, दवाडी, देवकोटा, दुलाल, डल्लाकोटी, डुम्रे, ढकाल, ढुङ्गेल, धिताल, धरेल, गजुरेल, गौडेल, गौतम,  गजुरेल, गौडेल, गौतम, गोतामे, गुरागाई, ज्ञवाली, गैरे, गौली, घिमिरे, हुमगाई, जैसी, जोशी, कफ्ले/काफ्ले, कलाखेती, कट्टेल, कँडेल/ कडेल, कोइराला, कुईकेल खकुरेल, खनाल, खनिया, खरेल, खतिवडा, लम्साल, लामिछाने, लेखक, लोहनी, मैनाली, मराठा, मिश्र, नेपाल, नेउपाने/न्यौपाने, निरौला, ओझा, ओली/ वली, प्रसाईं, पराजुली, पंगेनी/पङ्गेनी, पाँडे/पाण्डे, पण्डित, पन्त, पाठक, पोखेले/पोखरेल, पौड्याल, पौडेल, पुडासैनी, प्याकुरेल, पन्थी, फुयाल, राजोपाध्याय, रेग्मी, रिजाल, रिमाल, रिशाल, शर्मा, शिवाकोटी, शुक्ल, संग्रौला, सापकोटा, सत्याल, सेढाई, सिग्देल, सिम्खडा, सुवेदी, तिम्सिना, तिमल्सेना/तिमील्सिना, तिवारी, त्रिपाठी, थपलिया, वाग्ले, उपाध्याय, उप्रेती रहेका छन् (भण्डारी, २०१६) ।

### २.२.७. ब्राह्मणका कर्तव्यहरू

ब्राह्मणका मुख्य कर्तव्यहरूमा शिक्षण, अध्ययन, यज्ञ गर्ने, यज्ञ गराउने, दान लिने तथा दान दिने रहेको छ । ब्राह्मण जातिका जातीय परम्परा र संस्कारलाई हेर्दा बाहुनहरूको परम्परा हिन्दू धर्म मान्ने आर्य मूलको पूजा आजामा रुची राख्ने, छद्म पूजा, कन्या दान, गौ दान, भूमी दान, जस्ता अन्य दानहरू लिने तथा दिने, हिन्दू धर्मका अनुसार पुन्सवन, सीमन्तोनयन, जन्मानुष्ठान, नामकरण (न्वारन), निष्क्रमण, अन्नप्रासन, चुडाकर्म, कर्णवेध, उपनयन अर्थात यज्ञोपवित (व्रतवन्ध), वेदारम्भ, केशान्त अथवा गोदान, तथास्नान, समवर्तनम् वा विवाह, अन्त्येष्टि आदि सबै संस्कारहरू विधिपूर्वक सम्पन्न गराउने रहेको देखिन्छ (भण्डारी, २०१६) ।

### २.२.८. ब्राह्मणको कानुनी व्यवस्था

नेपालको सन्दर्भमा मुलुकी ऐन (१९१०) मा ५ वर्णको व्यवस्था गरिएको थियो । जसमा तागाधारी (पर्वते झर्रा जात (बाहुन क्षेत्री), नेवार बाहुन, तराई बाहुन, श्रेष्ठ नेवार (शिवमार्गी), नमासिन्या मतवाली (मगर, गुरुङ, सुनुवार, बौद्ध नेवार), मासिन्या मतवाली (भोटे, चेपाङ, कुमाल, हायु, थारु, घर्ती), पानी नचलन्या, छोईछिटो हाल्न नपर्न्या (तल्लो जातका नेवार, मुसलमान, म्लेच्छ ) र पानी नचलन्या, छोइछिटो हाल्नु पर्न्या (पर्वते दलित, नेवार (भाजुपि) गरी वर्गीकरण गरिएको थियो । क्रमशः त्यहि बमोजिम राज्य संचालन र सुविधामा पहुँच सुनिश्चित गरिएको थियो । यो व्यवस्थामा मनुस्मृतिले निर्दिष्ट गरेको तागाधारी मध्ये क्षेत्रीले देखिने गरी राज्य संचालन गर्ने र बाहुन त्यो संस्थाको मास्टर माईन्ड (सल्लाहकार) हुने व्यवस्था गरिएको देखिन्छ । बाहुनको परम्परागत पेशा जजमानी गरेर र मन्दिरमा घण्टी बजाएर मात्र त्यो समाज यहाँसम्म आईपुगेको छैन । त्यस पछाडि उसको राज्य र समाजलाई बौद्धिक नेतृत्व दिने धार्मिक वर्चश्व जुन धार्मिक कम राजनीतिक बढी छ, त्यसको स्कुलिङ् नै प्रमुख कारण देखिन्छ । शिक्षामा एकाधिकार प्राप्त उसलाई बौद्धिक नेतृत्वको सामाजिक मान्यता प्रदान गर्दै आयो । यसमा बाहुन समाजको निरन्तर खट्ने धैर्य र श्रमले महत्वपूर्ण योगदान गरेको छ (पौडेल, २०५९) ।

मुलुकी ऐन १९१० ले पहिलोमा बाहुन, दोस्रोमा क्षेत्री र त्यसपछिको हैसियत क्रमशः नेवारभित्रका बाहुन, तराईका बाहुन र शिवमार्गी श्रेष्ठ नेवारले प्राप्त गर्ने गरी व्यवस्था मिलाएको छ । यसरी १६० बर्ष अघि नेपाली राज्यले वर्णाश्रम व्यवस्था (जातको आधारमा

राज्य चलाउने) को चर्को वकालत गर्ने मनुस्मृतिलाई आधार मानी कानुन नै बनाई जातीय आधारमा शासन सत्ता प्रारम्भ गरेको पाइन्छ । यो कानुन वि.सं. २०२० सालमा आएर परिमार्जन भएको छ । तथापि २०२० मा परिमार्जित गरिए पनि नयाँ ऐन पनि पुरानो दर्शनबाटै निर्देशित र ती ऐनका कतिपय प्रावधान भने सक्रिय छ (पूर्ववत्) ।

उपाध्याय ब्राह्मण, जैसी ब्राह्मण र तिरहुतका भट्ट देसी ब्राह्मणमध्ये कसैले पनि मानिस माऱ्यो भने ऐनबमोजिम अंश सर्वस्व गरी दामल गर्नू भनी व्यवस्था गरिएको थियो । यी ब्राह्मणहरूलाई मृत्युदन्डबाट छुट गरिने व्यवस्था गरिएको थियो । वर्तमान परिवेशमा लागु रहेको संहितामा सबै नेपालीलाई देशभर एउटै कानुन लागु हुने व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक अन्तर्गत यस कुरालाई संबोधन गरेको छ (नेपालको संविधान, २०७२) । त्यसैगरी अपराध संहितामा हरेक व्यक्ति बराबर कानुनको दायरामा बन्धित रहेको व्यवस्था गरेको छ । कानुनको नजरमा सबै समान रहेको व्यवस्था गरिएको छ (अपराध संहिता, २०७४) ।

### २.२.९. संस्कार

संस्कार भनेको अनुशासित जीवन पद्धतिमा डोहोऱ्याउने माध्याम हो । संस्कारले हामीलाई सही मार्गदर्शन गर्छ । संस्कार शब्दको व्युत्पत्ति संस्कृतको 'सम' एवं कृञ धातुमा घञ प्रत्यय लागेर भएको हो । ऋग्वेदमा संस्कारको सट्टा संस्कृत शब्दको प्रयोग पाइन्छ, जसको अर्थ शुद्ध गरिएको भन्ने हुन्छ । जैमिनी सूत्रमा संस्कार शब्दलाई यज्ञलाई पवित्र र निर्मल बनाउने कार्यको अर्थमा भएको पाइन्छ । यस हिसाबले हेर्दा संस्कारको अर्थ शुद्ध वा पवित्र पार्नु भन्ने अर्थमा बुझ्न सकिन्छ । सनातन धर्म एवं जीवनशैलीमा मानव जीवनलाई शुद्ध बनाउन विभिन्न संस्कारको व्यवस्था गरिएको पाइन्छ । मनुस्मृति अनुसार जन्मदा सबै मानिस शूद्र हुन्छन्, संस्कार गरेपछि द्विज हुन्छन्, नियमपूर्वक वेद पाठ गर्नेहरू विप्र हुन्छन् भने ब्रह्मवेत्ताहरू ब्राह्मण हुन्छन् । संस्कार शब्दले पूर्ण गराइएको, तरासिएको, परिष्कार गरिएको वा सफा गरिएको भन्ने बुझाउँछ । संस्कार शब्दको अंग्रेजी समानान्तर शब्द कल्चर हो । यो कल्टबाट बनेको छ । बर्बर र सभ्य संसारबाट टाढा रहेका जातिहरूको मानसिक क्षमता अविकसित नै रहन्छ किनभने उनीहरूमा संस्कारको अभाव हुन्छ । तसर्थ मानव जीवनमा संस्कारको ठूलो महत्व छ । बोलीचाली, पहिरन, धर्म, संस्कृति, श्रम, उत्पादन, वैज्ञानिक आविष्कार, आर्थिक क्रियाकलाप, शिष्टाचार आदि मानवीय सभ्यताका

परिचायक हुन् । यी कुराहरू मानिसहरूले आफ्ना नजीकका मानिसहरूसँगै सिक्छ । यसलाई धार्मिक संस्कारसंग सम्बन्धित गराउनासाथ त्यसमा पवित्रता, त्याग र दिगोपन आउँछ (अनलाइन खवर, २०७५) ।

### २.२.१०. जीवनका संस्कार

मनोवैज्ञानिक अनुसन्धानको क्रममा अनेक प्रकारका संस्कारहरूको आविष्कार भएको छ । जसरी फलामको धाउलाई संस्कार र परिष्कार गरे पछि खिया नलाग्ने स्टील बन्छ । त्यसरी नै मानिसमा पनि संस्कारले त्यस्तै गुण आउँछन् भन्ने विश्वास संस्कार दर्शनले गर्छ । स्मृति र पुराणहरूमा सामान्यतया १६ संस्कार मानिएका छन् । जसलाई जन्म, शैक्षिक, विवाह र मृत्युका संस्कारमा विभाजन गर्न सकिन्छ । मानिसहरूले यी संस्कारको मूलमा रहेको दर्शन बिर्सँदै गएपछि यी संस्कार केवल एक प्रचलन मात्र हुन पुगे । तर यस प्रचलनको मूलमा रहेको मनोवैज्ञानिक र सामाजिकताको वैज्ञानिक आधार आज पनि सान्दर्भिक छ । व्यक्तिलाई सभ्य बनाउनु, असल नागरिक बनाउनु, आफ्नो समाज, संस्कृति र आफ्ना देशप्रति जागरुक र गौरवान्वित बनाउनु व्यक्तिको दायित्व हो । त्यसैले आचार्य कहाँ पठाउनु अघि प्राचीनकालमा एक विशेष संस्कार सम्पन्न गर्ने परम्परा रहेको थियो । उचित संस्कार पाएपछि प्रत्येक व्यक्तिको नयाँ जन्म हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ । अर्को शब्दमा संस्कारद्वारा परिष्कृत भएपछि मानिसको मनोवैज्ञानिक रूपान्तरण हुन्छ । त्यसैले यसरी संस्कारित भइसकेको मानिसलाई द्विज भनिन्छ । द्विजको अर्थ हो दोस्रो पटक जन्मनु । पर्सियन धर्ममा पनि उपनयनसंग मिल्दो जुल्दो संस्कार गरिन्छ जसलाई उनीहरूले द्विजात भन्दछन् । हिन्दु विवाह संस्कारमा एक अर्का प्रति पूर्ण समर्पण अर्थात् गोत्र परिवर्तन, मातापिताद्वारा दानको रूपमा कन्या वरलाई प्रदान गर्नु, र पतिले सम्पूर्ण दायित्व वहन गर्ने कुराको प्रतिज्ञा गर्नु जस्ता कुराहरूको औपचारिकता पूरा गरिन्छ । पति पत्नी दुवैले केही संयुक्त प्रतिज्ञाहरू पनि गर्नु पर्छ । प्रत्येक संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउँदै जीवनको अझ उच्चता पुग्न प्रेरित गर्छ । सभ्यताको विकाससंगै केही नयां संस्कार पनि थपिएका छन् । मानिसहरूले जन्म र विवाह दिवसको संस्कार मनाउन थालेका छन् (बराल, २०४४) ।

जन्मदेखि मृत्युसम्ममा पूरा गरिने हिन्दू संस्कारलाई समाजशास्त्रीहरूले आ-आफ्नै किसिमले विभिन्न वर्गमा विभाजन गरेका छन् । गौतम सुत्रानुसार संस्कार -४० वटा हुन्छन् भने मनु

एवं याज्ञवल्क्यले १३ संस्कार (गर्भाधान, पुंसवन, सीमंतोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, केशान्त, समावर्तन, विवाह र श्मशान)मा सीमित गरेका छन् । गौतम सुत्रले व्याख्या गरेका ४० संस्कारमा १. गर्भाधान, २. पुंसवन, ३. सीमंतोन्नयन, ४. जातकर्म, ५. नामकरण, ६. अन्न प्राशन, ७ चौल, ८. उपनयन, ९-१२. वेदमा वर्णित चार व्रत, १३. स्नान, १४. विवाह, १५-१९ पञ्च दैनिक महायज्ञ, २०-२६ सात पाकयज्ञ, २७-३३ सात हविर्यज्ञ, ३४-४० सात सोमयज्ञ रहेका छन् । सामान्यतया सोह्र (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, छैठी, नामकरण, अभि निष्क्रमण, अन्न प्राशन, चूडाकर्म, कर्णवेध, यज्ञोपवीत, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि) संस्कारलाई मान्दै आएको पाइन्छ । जसमध्ये चार वटा संस्कार (नामकरण, यज्ञोपवीत, विवाह र मृत्यु) प्रचलित रूपमा रहेका छन् (पूर्ववत) । प्रचलनमा रहेको १६ संस्कारमध्ये मानिस जन्मनु पूर्व ३ संस्कार, जीवन अस्तित्वमा रहदा १२ संस्कार र मृत्युपछि १ संस्कार गरिन्छ । ब्राह्मणका १६ संस्कारका बारेमा निम्नलिखित व्याख्या गरिएका छन् (अधिकारी, २०७५) :

### १. गर्भाधान संस्कार

यो उत्तम सन्तान प्राप्तिका लागि गरिने पहिलो संस्कार हो । ऋतुदानको समय १६ दिनमा - पहिलेका ४ दिन निन्दित छन्, त्यसैगरी ११ र १३ औ रात्री पनि निन्दित छन् । पौर्णमासी, चतुर्दशी वा अष्टमी यी रात्रीलाई पनि छोडी दिनु भन्ने मनुस्मृतिको वचन छ । बाकी रहेका १० रात्रीमा वीर्य निषेचनद्वारा गर्भस्थापना गर्नु गृहस्थाश्रमको पहिलो कर्तव्य हो । पुत्र वा पुत्री जुन चाहेको हो सो प्राप्त गर्ने विधान बताइए पनि बुद्धिमान रोगरहित स्वस्थ शिशुमा बढी जोड दिइएको छ । यो संस्कार वास्तवमा दिव्य आत्माहरूलाई जन्म लिनका लागि भूमि तयार गर्नु हो । यसलाई पवित्रतासँग जोडिएको छ । सन्तुलित साकाहारी भोजन र स्त्री पुरुषको प्रसन्न मनःस्थितिले बालकको भविष्य निर्माणमा महत्व राख्छ ।

### २. पुंसवन संस्कार

गर्भमा स्थित भ्रूणलाई पुरुषत्व प्रदान गर्ने कर्म नै पुंसवन हो । गर्भ निर्दोष होओस्, स्वस्थ र पुष्ट होस्, गर्भमा रहेको भ्रुण पुरुष होस्, ज्ञानी र गुणी होस् अनि शक्ति र स्मृतिले पनि सम्पन्न होस् भनेर गरिने संस्कारलाई पुंसवन संस्कार भनिन्छ । यो गर्भस्थ शिशुको बौद्धिक एवं मानसिक विकासका लागि गर्भ रहेको दोस्रो या तेस्रो महीनामा गरिने द्वितीय संस्कार हो । गोभिलीय र सौनक गृहसुत्रमा पनि यज्ञ गर्ने विधान अनि बरको कोमल

पात र गुर्जो मसिनो पिसेर कपडामा छानेर गर्भिणीको दाया नाकमा सुघाउनु पर्दछ । गुर्जो वा ब्राही पनि खाने बिधान पनि छ ।

### ३. सीमन्तोन्नयन संस्कार

सीमन्त शब्दको अर्थ मतिष्क र उन्नयन शब्दको अर्थ विकास हो । आमालाई प्रसन्नचित्त राख्न, गर्भस्थ शिशु स्थिर उत्कृष्ट अनि सौभाग्य सम्पन्न होस् भनेर गर्भाधानको आठौं महिनामा गरिने तृतीय संस्कार हो यो । यसका लागि यज्ञमा खिचडीको आहुती दिनु पर्दछ । बचेको खिचडीमा घ्यु हालेर गर्भिणीले आफ्नो प्रतिबिम्ब हेर्नु पर्दछ ।

### ४. जातकर्म संस्कार

बालकको जन्म भएपछि गर्नुपर्ने जातकर्म चौथो संस्कार हो । गर्भावस्थामा आमाको आहारको रस पिएका हुनाले जातकर्म संस्कार गर्नाले गर्भको खानपिन सम्बन्धी सबै दोषहरू नाश हुन्छन् भन्ने विश्वास रहेको पाइन्छ । यो नवजात शिशु बुद्धिमान, बलवान, स्वस्थ एवम् दीर्घजीवी होस् भन्ने कामनाले गरिने संस्कार हो ।

### ५. नामकरण संस्कार

जन्मेको ११ औं वा कुनै सुखमय दिनमा शिशुलाई सुन्दर र सार्थक नाम राख्न गरिने पाँचौ संस्कार हो । बालकको नाम जोडा अक्षर र बालीकाको नाम बिजोड अक्षरमा राख्नु भन्ने मनुस्मृतीको वचन छ ।

नयाँ जन्मिएको शिशुलाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । यसलाई न्वारन वा नुवारन भनिन्छ । यो चलन वैदिक वा पूर्ववैदिक युग देखि नै चलिआएको देखिन्छ । नाम कर्म संस्कारको मुख्य कर्म जन्मलग्न, जन्मनक्षत्र, जन्ममास तथा अन्यान्य इष्टदेवता आदिलाई उद्देश्य गरेर वैदिक विधिपूर्वक अग्नि स्थापना र हवन कर्म गरी पिताले आफ्नो कुलोचित नाम राखिदिने पाइन्छ । यो संस्कार सामान्यतया शिशु जन्मिएको एघारौ दिनमा गरिन्छ तर कहीँ जातकर्मसँगै नाम सुनाउने चलन भेटिन्छ । जुनबेला देखि मानिसले भाषाको विकास गर्दै आयो त्यसै बेलादेखि नै उसले आफ्नो जीवनमा आइपर्ने दैनिक व्यवहारका वस्तुहरूको नाम राख्न थाल्यो । अनि सामाजिक चेतनाको विकासका साथै मानिसहरूको पनि नाम राखिन थाल्यो, यसै प्रथालाई धार्मिक संस्कारका रूपमा परिणत भएको देखिन्छ । नामकर्म प्रक्रियामा नामाकरण विधि, नामघोषणा, मेखलाबन्धन, मेधाजनन र अन्त्यमा शिशुको अभिषेक गरिने चलन देखिन्छ ।

### ६. निष्क्रमण संस्कार

शिशुको चार महिनामा पहिलो पटक घरबाट बाहिर भ्रमणमा लैजान प्रारम्भ गर्नु पर्दछ । यसले गर्दा शिशुमा संसारको वातावरणसँग भिज्ने क्षमताको विकास हुन्छ । निष्क्रमण, नयाँ शिशुलाई घरबाट बाहिर निकाल्ने एउटा महत्वपूर्ण संस्कार हो । स्कृति, याज्ञवल्क्य, वीरमित्रोदय र आश्वलायन गृहसूत्रमा निष्क्रमण संस्कारको विधिबारे उल्लेख गरिएको भए पनि सामान्यतया हाम्रो समाजमा पिताको आज्ञाले माताबाट, बाबुको काखमा, बाबुपछि हजुरबुवा, हजुरआमा तथा अन्य परिवारजनहरूको काख परिवर्तन गराउने चलन रहेको पाइन्छ ।

### ७. अन्नप्राशन संस्कार

आमाको दुधसँगै सुपाच्य पौष्टिक अन्न पनि शिशुलाई छैठौ महिनामा दिन शुरु गर्नु पर्दछ । हाम्रो समाजमा यसलाई भातखुवाई र पासनी भन्ने चलन छ । नयाँ शिशुलाई पहिलो पटक अन्न खुवाउने वा भात खुवाउने शास्त्रोक्त विधिलाई अन्नप्राशन संस्कार भनिन्छ । आमाको गर्भमा रहँदासम्म बालकको मुखमा जो फोहोर वस्तु परेको हुन्छ, त्यसको शुद्धि अन्नप्राशन संस्कार गर्नाले हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । अन्नप्राशन संस्कारमा घ्यु, दही र मह मिसाएको भातले यज्ञमा आहुती दिई बचेको भात शिशुलाई चटाउनु पर्दछ ।

### ८. चूड़ाकर्म (मुण्डन) संस्कार

यो शिशुको बौद्धिक, मानसिक एवं शारीरिक विकासको कामनाले जन्मपछि पहिला वा तेस्रो वर्षमा गर्भका मलिन कपाल खौरने आठौं संस्कार हो । यो संस्कारमा मामाले शिशुको मुण्डन गरिदिने संस्कार रहेको छ ।

### ९. कर्णवेध संस्कार

हिन्दू संस्कार परम्परामा क्रम प्राप्त नवौं संस्कार कर्णबेध (कान छेड्नु) हो । जन्मिएको छ वा सात महिनामा दाँत निस्कनु भन्दा पहिले छोरा वा छोरीको कान छेडिदिने परम्परा रहेको देखिन्छ । हाम्रो समाजमा आभूषण लगाउनका लागि कान छेड्ने प्रथा रोग आदिबाट रक्षा गर्नका लागि, अलङ्कार लगाउनको लागि तथा अण्डकोश वृद्धि एवम् अन्यवृद्धिको निरोधका लागि पनि बालकको कर्णबेध गर्नुपर्छ भनिएको देखिन्छ ।

### १०. विद्यारम्भ/अक्षराम्भ संस्कार

जब बाल बालिकाको शिक्षा ग्रहण गर्न सक्ने क्षमता हुन्छ तब यो संस्कार गराउने प्रचलन छ । यो संस्कारको माध्यमले बालकले शिक्षाको लागि उत्सुकता बढाउनुका साथै

घरका सदस्य तथा शिक्षकहरूलाई पनि जागरूक गराउनु मुख्य उद्देश्य हुन्छ बालकको हातमा लेखन सामग्री (पेन्सिल, कलम आदि) दिएर पुस्तिकामा लेखाउने अक्षरहरूको उच्चारण गराउनुका साथै ब्राह्मण द्वारा अग्निस्थापना आदि पनि गराइन्छ ।

**११. उपनयन संस्कार**

उपनयन संस्कार द्विजहरूको अति महत्वपूर्ण संस्कार हो । यसलाई व्रतबन्ध वा यज्ञोपवित संस्कार पनि भनिन्छ । उप को अर्थ नजिक अनि नयनको अर्थ प्राप्त गर्नु वा हुनु हो । यसमा गुरुले यज्ञोपवीत धारण गराएर दीक्षा दिन्छन् अनि ऋषीऋण, पितृऋण र देवऋणबाट बाहिर उत्तीर्ण हुन प्रेरणा दिन्छन् ।

**१२. वेदारम्भ संस्कार**

पहिले बालकलाई उपनयन गरेकै दिन वा भोलिपल्ट गुरुकुलमा प्रवेश दिइन्थ्यो । गुरुको नजिक बसेर श्रेष्ठ शिक्षा दीक्षा ग्रहण गर्दै गायत्री मन्त्रदेखि पुरै वेदको अध्ययन गर्नका लागी नियम धारण गर्न लगाइन्थ्यो । वैदिक समयमा धनी गरीब सबैलाई समान निःशुल्क शिक्षाको अवसर प्रदान गरिन्थ्यो ।

**१३. केशान्त संस्कार (गोदान संस्कार)**

केशान्त संस्कार सोह्र संस्कार भित्र पर्ने एक महत्वपूर्ण संस्कार हो । यो संस्कार जब शिष्य वेद व्याकरण तर्क शास्त्रमा निपूर्ण भएपछि उसलाई त्यहादेखि विदाईको समयमा यो संस्कार गरिन्थ्यो भने त्यस समयमा शिष्य मृग चर्म धारण गरेको लामा लामा केश पालेको र ब्रह्मचर्यको पालन र विद्यामा ध्यान हुनाले अवशेष कार्य स्नान आदिद्वारा स्वच्छ गरी शुद्ध बस्त्र र ती लामा केशको मुण्डनसँगै विद्यावारिधि प्रदान गर्ने चलन थियो अतः यसलाई केशान्त संस्कार नाम राखिएको हो ।

**१४. समावर्तन संस्कार**

शिक्षा प्राप्त गरिसकेपछि विद्यालयले विदाई दिदा गरिने संस्कार समावर्तन संस्कार हो । जसलाई आजको समयमा 'दीक्षान्त समारोह' भनिन्छ । पहिले विवाह गरेर गृहस्थाश्रम धारण गर्ने उद्देश्यले विद्यालय छोडेर घर आउनुलाई समावर्तन भनिन्थ्यो । यसअर्थमा समावर्तन मूलतः विद्यार्थी जीवनका अन्तमा दीक्षान्त समारोहका रूपमा वा कुरुकुलबाट घर फर्किदा गरिने संस्कार हो । सामान्यतया २४/२५ वर्षमा यो संस्कार गरिन्थ्यो । यसले युवकलाई समाजमा सम्मानित स्थान प्राप्त हुन्थ्यो ।

### १५. विवाह संस्कार

हिन्दूहरूमा विवाह एक महत्वपूर्ण संस्कारको रूपमा रहेको छ । विवाह संस्कारबाट मानिसले वास्तविक रअर्थपूर्ण जीवन सुरु गरेको मानिन्छ । हिन्दू परम्परामा विवाह दुई व्यक्तिको सम्बन्ध मात्र नभई यो विशुद्ध धार्मिक अनुष्ठानको आयोजनाबाट गरिने दुई व्यक्ति, दुई परिवार, गोत्र वा कुटुम्भ बिच चिरस्थायी सम्बन्धको स्थापना गरिने संस्कार हो । हिन्दू धर्म ग्रन्थ अनुसार ऋग्वेद र अथर्ववेदमा विवाह सम्बन्धी संस्कारको उल्लेख पाइन्छ ।

चार आश्रम मध्येको वेशी जिम्मेवार पूर्ण आश्रम गृहस्थ आश्रमको शुरुवात यहीबाट सुरु हुन्छ । परिवार गठनको आधार नै विवाह हो । यसपछि सन्तानको निरन्तरता कायम हुन्छ । वैदिककालमा विवाह सामान्य विधिबाट सम्पन्न गरिन्थ्यो । अनेक देवदेवताको प्रार्थना र अर्चना गरी वरवधुको सफल दाम्पत्य जीवनको कामना गरिन्थ्यो । वधुलाई दिइने आशिर्वादमा उनलाई अनेक सन्ततिहरू पैदा गर्न, सासु ससुरा अनि कुटुम्बको अन्य कतिपय विधिहरू आज पनि हिन्दू विवाह विधिमा समाविष्ट छन् । दुई परिवार गठनको आधार नै विवाह हो ।

### १६. अन्त्येष्टि संस्कार

जीवनको अन्त्य मुत्यु हो । मृत्यु कालमा र मृत्यु पछि गरिने संस्कार सम्बन्धी कर्मलाई अन्त्यकर्म संस्कार भनिन्छ । आगामी जीवन वा नवीन यात्राको तयारी पनि हो । यो यस जीवनको अन्तिम संस्कार हो । यस संस्कारको सिलसिला मृत्युशैयाबाट शुरू हुन्छ ।
यस संस्कारमा प्रथमतः शरीर छुट्न लागेका व्यक्तिलाई उसको मृत्युदाह शान्त पार्न र बिदाई यात्रा कष्टरहित बनाउनका लागि मधुपर्क खुवाउने चलन छ । मधुपर्कलाई सर्वप्रथम मन्त्र पढेर भगवान्लाई समर्पण गर्नुपर्छ । मृत शरीरलाई दाहकर्मले अन्त्य गरिन्छ । यो नै अन्तिम संस्कार हो र यसपछि कुनै विधि गर्नु पर्दैन ।

प्रत्येक संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउँदै जीवनको उच्चतामा पुग्न प्रेरित गर्छ । तसर्थ संस्कार गराउँदा आफू पनि शुद्ध रहनु पर्छ र पुरोहित पनि शुद्ध आचरणको व्यक्तिलाई लिनुपर्छ । अन्यथा संस्कारले दिनु पर्ने प्रतिफल प्राप्त हुँदैन भन्ने शास्त्रीय विधान छ । वर्तमान सभ्यताको विकाससँगै हामीकहाँ केही नयाँ संस्कार पनि थपिएका छन् । मानिसले जन्म दिवस र विवाह दिवसको संस्कार मनाउन थालेका छन् ।

यद्यपि त्यसमा केही कुरा हामीकहाँ प्रचलित परम्परा अनुसार छैन । त्यसैगरी बच्चा गर्भमा रहला बेवी सावर, विवाह हुँदा मेहदी लगाउने संस्कार भित्रिएसँगै विदेशी संस्कार मान्न थालेको थुप्रै उदाहरणहरू रहेका छन् जुन हाम्रो संस्कार अनुसार मेल खाँदैन, यसमा विचार पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ ।

### २.२.११. संस्कारको महत्व

मानव जीवनलाई उन्नत बनाउन संस्कारहरूको विशिष्ट महत्व हुन्छ । मानवको शारीरिक मानसिक तथा आत्मिक उन्नतिका लागि जन्मदेखि मृत्युपर्यन्त भिन्न भिन्न समयमा विविध संस्कारको व्यवस्था गरिएको छ । संस्कारहरूले नै मानवलाई द्विज बन्ने अधिकार मिल्दछ ।

यसलाई महर्षि मनुको भनाईले समेत पुष्टि गरिएको छ । यसमा भनिएको छ - द्विजहरूको गर्भधान आदि संस्कार वैदिक पुण्य कर्मद्वारा सम्पन्न हुनु पर्दछ किनभने संस्कारले यस लोक तथा परलोकमा पवित्र गर्दछ । संस्कारले शरीरलाई शुद्धि गर्दछ । यज्ञ, व्रत आदिले मानव शरीर अनि आत्मालाई ब्रह्म प्राप्तिका लागि योग्य बनाइन्छ । यसले मोक्ष प्राप्तिमा सघाउ पुग्ने विश्वास गरिन्छ । त्यसैगरी महर्षि दयानन्दले संस्कारविधि नामक पुस्तकमा 'जे गर्दा शरीर र आत्मा सुसंस्कृत भएर धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन सक्दछ र सन्तान योग्य हुन्छन् । यस संस्कारहरूलाई पालना गर्नु सबै मनुष्यहरूका लागि उचित छ । संस्कारहरूले संस्कारितलाई पवित्र तथा असंस्कृतलाई अपवित्र भनिन्छ । शिक्षा तथा औषधिहरूले सुखवर्धक संस्कार गर्नका लागि बुद्धिमानहरूले सधै उद्यम गर्नु पर्दछ' भनिएको छ । शुक्ल यजुर्वेदमा परमेश्वरले गृहस्थहरूलाई सोह्र संस्कार गर्न स्पष्ट आज्ञा समेत दिएका छन् । यसरी पूर्ण शुद्ध मानव भई समाजमा बस्न सोह्र संस्कारको पालना गर्नु अतिआवश्यक रहेको र मानव जीवनको हरेक पक्षमा यसको महत्व रहेको छ (अनलाइन खबर, २०७५) ।

राजनीतिक जन्जालोमा जकडिएको हाम्रो मुलुकमा नागरिक तथा राजनीतिक अधिकारको प्राप्ति नै राजनीतिक सामाजिक आन्दोलन केन्द्रित हुँदा आज समाजको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारका विषय छाँयामा परेका छन् । नेपाल सरकार १४ मे १९९१ मा आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध १९६६ अनुमोदन गरी यसको पक्ष राज्य बन्यो । यसले विषेशगरी आर्थिक सामाजिक तथा साँस्कृतिक पक्षसँग

जोडिएका नेपाली नागरिकका आधारभूत आवश्यकता परिपूर्ति गर्न अधिकारलाई प्रत्याभूत गर्दछ । राजनीतिक मधेशी, ब्रामहण, महिला दलित मुसलमानले सधैंभरी राजनीतिक अधिकारलाई नै पहिलो प्राथमिकता दिन्छ र नीति निर्माण तहमा रहने त्यस वर्गले पनि आत्मनिर्भर गराउन सक्ने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार भन्दा राजनीतिक अधिकार दिएर परिपूर्ति गर्ने प्रयास गर्दछन् । फलस्वरुवप तत्काललाई त्यो माग निराकरण भएपनि दीर्घकालीन रूपमा त्यसले केही फाइदा गरेको देखिदैन ।

हाम्रो समाजमा ब्राह्मणलाई विद्वान, सभ्य तथा शिष्ट मानिन्छ । सामान्य जनबोलीमा ब्राह्मणलाई बाहुन भन्ने प्रचलन रहेको छ । नेपालमा मूलतः पहाडे/खस, नेवार, मैथिल गरी ३ भिन्न आर्य-हिन्दू समाजमा ब्राह्मणको उपस्थिति रहेको पाइन्छ । ब्राह्मणका मुख्य कर्तव्यहरूमा शिक्षण, अध्ययन, यज्ञ गर्ने, यज्ञ गराउने, दान लिने तथा दान दिने रहेको छ ।

ब्राह्मण शब्द ब्रह्मन बाट बनेको छ । ब्रह्मनको अर्थ मन्त्र हुन्छ । ब्राह्मण शब्दको अर्थ मन्त्रको व्याख्या गर्ने हुन जान्छ । जसले मन्त्रको व्याख्या गर्दछ, ऊ नै ब्राह्मण हो भनी व्याख्या गरिएको पाइन्छ । नेपालको पहाडी खस समुदायको ब्राह्मण एवम् पूजारी खस बाहुन वा बाहुन जाति हो । संस्कार भनेको अनुशासित जीवन पद्धतिमा डोहोऱ्याउने माध्याम हो । संस्कारले हामीलाई सही मार्गदर्शन गर्छ । संस्कार शब्दको व्युत्पत्ति संस्कृतको 'सम' एवं कृञ धातुमा घञ प्रत्यय लागेर भएको हो । प्रस्तुत शोधमा ब्राह्मण र संस्कारलाई जोडेर अध्ययन गरिएको छ । मानव जीवनमा गरिने संस्कारहरूलाई ब्राह्मणद्वारा विधि पुऱ्याएर गरिन्छ । यसले जीवनमा सफलता पाइन्छ भन्ने विश्वास रहेको छ । यस सम्बन्धमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान नगरिएकोले परिवर्तित समाजमा ब्राह्मण संस्कारका विषयवस्तुलाई समेटि अध्ययन कार्य अगाडि बढाइएको छ ।

## २.३. अध्ययनको वैचारिक खाका

**परिवर्तित समाजमा ब्राह्मण संस्कार**

**संस्कार**

१. गर्भाधान संस्कार
२. पुंसवन संस्कार
३. सीमन्तोन्नयन संस्कार
४. जातकर्म संस्कार
५. नामकरण संस्कार
६. निष्क्रमण संस्कार
७. अन्नप्राशन संस्कार
८. चूडाकर्म (मुण्डन) संस्कार
९. कर्णवेध संस्कार
१०. विद्यारम्भ/अक्षराम्भ संस्कार
११. उपनयन संस्कार
१२. वेदारम्भ संस्कार
१३. केशान्त संस्कार (गोदान संस्कार)
१४. समावर्तन संस्कार
१५. विवाह संस्कार
१६. अन्त्येष्टि संस्कार

**परिवर्तित समाजमा संस्कार**

१. गर्भाधान संस्कार
२. पुंसवन संस्कार
३. सीमन्तोन्नयन संस्कार
४. जातकर्म संस्कार
५. नामकरण संस्कार
६. निष्क्रमण संस्कार
७. अन्नप्राशन संस्कार
८. चूडाकर्म (मुण्डन) संस्कार
९. कर्णवेध संस्कार
१०. विद्यारम्भ/अक्षराम्भ संस्कार
११. उपनयन संस्कार
१२. वेदारम्भ संस्कार
१३. केशान्त संस्कार (गोदान संस्कार)
१४. समावर्तन संस्कार
१५. विवाह संस्कार
१६. अन्त्येष्टि संस्कार

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१. अध्ययन क्षेत्र छनोट

कुनै पनि अध्ययन कार्य पूरा गर्नका लागि एउटा निश्चित क्षेत्र तोक्नुपर्ने हुन्छ । जसले निश्चित क्षेत्र, निश्चित समुदाय, निश्चित समयको बारेमा सूचना सङ्कलन गर्न सहयोग पुग्ने गर्दछ । प्रस्तुत अध्ययन कार्य पूरा गर्नका लागि सुर्खेत जिल्ला अन्तरगत वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । अध्ययन गर्नका लागि अनुसन्धानकर्ता स्वयम् आफु बस्ने समुदायमा नै ब्राह्मण जातिको समुदाय भएकाले, उक्त क्षेत्रमा सहज तरिकाले ब्राह्मण संस्कारबारे आवश्यक तथ्याङ्क सङ्कलन गर्न सकिने भएकाले, दुरीको हिसावले नजिकै, समय र आर्थिक वचत हुने, अनुसन्धानकर्ताले राखेको उद्देश्य सजिलै पुरा हुने भएकाले, अनुसन्धानकर्ता सोही स्थानको स्थानीय भएकाले यस अध्ययन क्षेत्र अनुसन्धानको लागि छनौट गरिएको छ ।

## ३.२. अनुसन्धानात्मक ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यसमा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक रूपबाट गुणात्मक ढाँचामा विश्लेषण गरिएको छ । यो अध्ययनमा परिवर्तित समाजमा ब्राह्मण संस्कारको विस्तृत अनुसन्धान गरिने भएकाले सोधखोज विधिको समेत प्रयोग गरिएको छ ।

## ३.३. नमुना छनोट

अध्ययनको क्रममा आवश्यक सही तथ्याङ्क सङ्कलन गर्न उचित विधिको प्रयोग गर्नु आवश्यक हुन्छ । यसको लागि वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनका १३१ ब्राह्मण घरधुरीमध्ये ६ जना पुरोहित काम गर्ने ब्राह्मणलाई उद्देश्य मूलक नमुना छनोट विधिको प्रयोग गरी नमुना जनसंख्या छनोट गरिएको छ ।

## ३.४. तथ्याङ्कको स्रोत

वास्तवमा तथ्याङ्क अनुसन्धानको ऐना हो । यसले वास्तविकताको आँकलन गर्न मद्दत गर्दछ । प्रस्तुत अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ को गण्डकी लाइनमा

बसोबास गर्ने ब्राह्मणहरूको ब्राह्मण संस्कार र यसको परिवर्तित स्वरूपको अध्ययन गरिने भएकाले प्राथमिक र द्वितीय स्रोतलाई मुख्य प्राथमिकतामा राखिएको छ।

**क) प्राथमिक स्रोत**

यस स्रोत अन्तरगत अध्ययन क्षेत्रमा गएर घरधुरी सर्वेक्षण, मुख्य सूचनादाताहरूको अन्तरवार्ता, अवलोकन जस्ता विधिहरू प्रयोग गरी तथ्याङ्कलाई सङ्कलन गरिएको छ।

**ख) द्वितिय स्रोत**

प्रस्तुत शोधपत्रलाई पूर्णता दिने क्रममा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ को प्रोफाइल, केन्द्रीय तथा क्षेत्रीय तथ्याङ्क विभागबाट उपलब्धा तथ्याङ्कहरू, ब्राह्मण र ब्राह्मण संस्कारसँग सम्बन्धित प्रकाशित पुस्तक, पत्रपत्रिका, अनलाई सामग्रीका साथै विभिन्न विद्धान तथा समाजशास्त्री सरसल्लाह आदिलाई द्वितीय स्रोतको रूपमा लिइएको छ।

## ३.५. तथ्याङ्क सङ्कलनको साधन

प्रस्तुत शोधमा ब्राह्मण जातिको संस्कार, परिवर्तित समाजमा ब्राह्मण संस्कारको अवस्था पत्ता लगाउन सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ मा अध्ययन गरी आधारभूत तथ्याङ्क निम्न लिखित साधनको प्रयोग गरी सङ्कलन गरिएको छ।

### ३.५.१. अन्तरवार्ता

अध्ययनको क्रममा ब्राह्मण संस्कार र परिवर्तित समाजको बारेमा अध्ययन गर्न ब्राह्मण जातिका संस्कारका विविध पक्षसँग सम्बन्धित विस्तृत तथ्याङ्क सङ्कलन गर्न विस्तृत अन्तरवार्ताको माध्यम अपनाइएको छ । जसमा खुला अन्तरवार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.५.२. अवलोकन

अध्ययनकर्ता स्वयम् वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ का ब्राह्मण समुदायमा बस्ने भएकाले ब्राह्मण संस्कार र परिवर्तित समाजको अवस्था थाहा पाउन उनीहरूको व्यवहार, भेषभूषा, धर्म आदिका लागि सहभागी अवलोकन विधि अपनाइएको छ।

## ३.६. तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा उद्देश्य प्राप्तिका लागि अध्ययनका विविध साधन र विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। यसमा त्रुटिरहित तथ्याङ्क सङ्कलन गरिएको छ। जसमा

वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ का ६ घरधुरीका ६ जना ब्राह्मण उत्तरदातासँग नमुना तथ्याङ्क सङ्कलन गरिएको छ । सोबाट आएको तथ्याङ्क, शोध निर्देशकको सुझाव अनुसार प्रश्नावली, अन्तर्वार्ता अनुसूची र अवलोकन फाराममा सुधार गरी अध्ययन क्षेत्रका उत्तरदाताबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा उत्तरदाताहरूलाई यो शैक्षिक उपाधिको लागि मात्र तथ्याङ्क लिइएको कुरामा विश्वस्त पारी सबैलाई सहयोग गर्न आग्रह समेत गरिएको छ । अध्ययनको लागि तथ्याङ्क अनुसन्धानकर्ता स्वयम् उपस्थित भई सङ्कलन गरिएको छ । यस अध्ययनमा ब्राह्मण जातिको संस्कार, परिवर्तित समाजमा ब्राह्मण संस्कारको अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

## ३.७. तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

यस अध्ययनमा ब्राह्मण संस्कार र परिवर्तित समाजका विविध पक्षलाई वर्णनात्मक रूपमा व्याख्या गरिएको छ । अध्ययनको क्रममा प्राप्त कोरा तथ्याङ्कलाई गुणात्मक आधारमा वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ ।

## ३.८. नैतिक आधार

यस अनुसन्धानमा अनुसन्धानकर्ताले नैतिकतामा ध्यान दिइएको छ । खासगरी उत्तरदाताको गोपनीयतालाई मध्यनजर गरिएको छ । स्रोतहरूको उल्लेख एक तथ्याङ्क विश्लेषण गर्दा भावनात्मक नभई वस्तुगत विश्लेषणमा जोड दिइएको छ । तथ्याङ्क सङ्कलन गर्दा अनुसन्धानकर्ताले व्यक्तिगत गोपनीयता कायम गर्ने, उत्तरदातालाई कुनै किसिमको हानी नोक्सानी हुने काम नगर्ने, सूचनाको गहिराइसम्म पुग्ने, उद्देश्यमा केन्द्रित हुने, सूचना प्रकाशन गर्दा सम्बन्धित क्षेत्रसँग अनुमति लिने जस्ता विविध पक्षलाई पूर्णरूपमा पालना गरी तथ्याङ्कसङ्कलन गरिएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

नेपाल एक विविधताले भरिपूर्ण देश हो । यहाँ बहुभाषा बोल्ने, बहुधर्म मान्नेका साथै बहुजात भएको मानिसहरूको बसोबास रहेको छ । प्रस्तुत अध्ययनमा वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनमा परिवर्तित समाजमा ब्राह्मण संस्कारको बारेमा अध्ययन गरिएको छ । यसको लागि अध्ययन क्षेत्रका ब्राह्मण कर्म गर्ने ६ जना उत्तरदाताहरूलाई नमुना जनसंख्याको रूपमा लिई अध्ययन कार्यलाई अगाडि बढाइएको छ । अध्ययनमा ५१-६३ वर्षको उमेर समूहका व्यक्तिहरूलाई छनोटमा पारिएको छ । छनोटमा परेका उत्तरदाताहरूको शैक्षिक अवस्था हेर्दा एस.एल.सी.देखि स्नातकोत्तरसम्म रहेको पाइन्छ । सबैका भाषा नेपाली रहेको र धर्म सनातन रहेको छ । अध्ययन क्षेत्रबाट ब्राह्मण संस्कारबारे अध्ययन गरी प्राप्त विवरणलाई तल व्याख्या गरिएको छ :

## ४.१. सुर्खेत जिल्लाको परिचय

नेपालको वर्तमान संघीय स्वरूपअनुसार कर्णाली प्रदेशको सदरमुकामको रूपमा सुर्खेत जिल्ला रहेको छ । यो जिल्ला कर्णाली प्रदेशको मुटुको रूपमा रहेको छ । यो जिल्ला समुद्री सतहबाट १९८ मिटरदेखि २,३६७ मिटरसम्मको उचाईमा रहेको छ । नेपाल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्रमशः १.७ र ५.८ प्रतिशत भू-भाग ओगटेको सुर्खेतमा पहाड र तराईको मिश्रित खालको धरातलीय बनोट र हावापानी देख्न सकिन्छ । यो जिल्लाको पूर्व-पश्चिम अधिकतम लम्बाई ११५ कि.मि. र उत्तर-दक्षिण अधिकतम चौडाई ३७ कि.मि. रहेको छ । सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर हो । वीरेन्द्रगनर नगरपालिकाको सदरमुकामको रूपमा स्थापना वि.सं. २०३३ सालमा भएको थियो । नेपालको राजधानीदेखि लगभग ६०० कि.मी. उत्तर पश्चिममा र समुद्री सतहदेखि लगभग ६६५ मी. उचाईमा अवस्थित यो नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका सुन्दर पहाडले घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका हो । हाल १६ वटा वडामा विभाजित वीरेन्द्रगनर नगरपालिका  नेपालका ३६ वटा पुराना न.पा.मध्ये एक हो । बाह्र बण्डाल अठार खण्डालको नामले परिचित यो सुर्खेत जिल्ला वि.स. २०१६ साल अघि  दैलेख जिल्ला अन्तरगत रहेको थियो ।  नेपाल राज्यलाई १४ अचल ७५

जिल्लाको प्रशासनिक विभाजन पश्चात १७ वटा तत्कालीन गााउ पंचायत र यसको जम्मा क्षेत्रफल ९५४ बर्गमिटर रहने गरी घोषणा गरिएको यस जिल्लाको समय-समयमा सिमाना थपघट हुदै हाल यसको जम्मा क्षेत्रफल २,४५१ वर्ग कि.मी. रहेको छ भने ४ वटा गाउपालिका र ५ वटा नगरपालिका रहेका छन् । यस जिल्लाको पूर्वमा भेरी र पश्चिममा कर्णाली नदी पर्दछन् । यो जिल्लाको उत्तरपूर्वमा महाभारत श्रृङ्खला र दक्षिण पश्चिममा चुरे पर्बत पर्दछन् भने कही बेसी कही पहाडी क्षेत्र रहेको यसको पूर्ब मालारानी गा.वि.स. देखि पश्चिम लगामसम्म लम्बिएको यसको भू-वनोट झट्ट हेर्दा लगभग इट्टा आकारको छ । यस जिल्लाको पुरानो नाम दोभानचौर हो ।

भौगोलिक दृष्टिकोणले सुर्खेत जिल्लालाई ३ भागमा विभाजन गर्न सकिन्छ । जसमा जिल्लाको उत्तरी भागमा महाभारत श्रृङ्खला रहेको छ । महाभारत श्रृङ्खला भित्र सुर्खेत जिल्लाको १,००० देखि २,३६७ मिटर उचाई सम्मको करिब ४३ प्रतिशत भू-भाग रहेको छ । यस जिल्लाको साविकको लेखगाउँ, जर्वुटा, नेटा, अवलचिङ्ग, पाम्का, मटेला, रजेना, गर्पन, राकम, काप्रिचौर, छाप्रे, लेखफर्सा, गुमी, रानीवास गाउँ विकास समिति पर्दछन् । दोश्रो भौगोलिक क्षेत्र अन्तर्गत मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्र रहेको छ । यस क्षेत्रले जिल्लाको लगभग ४२ प्रतिशत भू-भाग ओगटेको छ । यो भू-भाग जिल्लाको मध्य भागमा समुद्र सतहबाट लगभग २५० देखि १,००० मिटरसम्मको उचाइमा पर्दछ । साविकका दशरथपुर, लेखफर्सा, गुमी, रामघाट, मेहेलकुना, मैनतडा, घुमखहरे, साहारे, वीरेन्द्रगनर, लाटीकोईली, छिन्चु, उत्तरगंगा, कुनाथरी, घाटगाउँ, बाबियाचौर, सालकोट, गुटु, विद्यापुर, कल्याण गा.वि.स.हरू आदिका धेरैजसो भूभाग यस क्षेत्रमा पर्दछन् । तेश्रो भौगोलिक क्षेत्र अन्तरगत चुरीया श्रृङ्खला पर्दछ । सुर्खेत जिल्लाको दक्षिण भागमा अवस्थित १००० देखि १५०० मिटर सम्मको उचाईमा रहेको यस क्षेत्रले जिल्लाको लगभग १३ प्रतिशत भू-भाग ओगटेको छ । यस भू-क्षेत्र भित्र साविकका लेखपराजुल, तातापानी, हरिहरपुर तथा छिन्चु गा.वि.स.हरू र वीरेन्द्रनगर नगरपालिको केही क्षेत्र पर्दछन् (सुर्खेत जिल्लाको परिचय, २०७९) ।

## ४.२. अध्ययन क्षेत्रको परिचय

कर्णाली प्रदेशको राजधानीका रूपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कटकुवा, गोठीकाडा र जर्बुटा गाउँ पञ्चायत भित्र

पर्ने केही भागलाई मिलाएर वीरेन्द्रनगर नगरपञ्चायतका रूपमा भएकोमा नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निर्णय बमोजिम साविकका छिमेकी उत्तरगंगा र लाटिकोइली गाविस तथा मिति २०७१।०८।१६ गतेको निर्णय अनुसार जर्बुटा गा.वि.स गाभ्नुका साथै मिति २०७२।०३।१५ गतेको निर्णय बमोजिम एक वटा वडा थप गरी जम्मा वडा संख्या २५ कायम भएकोमा नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयअनुसार विस्तारित नगरमा साविकका गढी, रतु र गर्पन गा.वि.स. समावेश गर्दै २४५.८५ वर्ग कि.मी., १६ वडा भएको स्थानीय तहका रूपमा वीरेन्द्रनगर नगरपालिका रहेको छ । नेपालको राजधानी काठमाण्डौदेखि लगभग ६०० कि.मी.उत्तर पश्चिममा समुन्द्री सतहबाट लगभग ६६५ मी.मा अवस्थित यो नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका हो । यस नगरपालिका पूर्वमा पाम्का र साटाखानी गा.वि.स., पश्चिममा हरिहरपुर गा.वि.स., कुनाथरी गा.वि.स र लेखगाउँ गा.वि.स., उत्तरमा दैलेख जिल्लाको गोगनपानी गा.वि.स., दक्षिणमा भेरी नदी रहेका छन् ।

यहाँको बसोबासको स्थितिलाई हेर्दा प्रारम्भ वि.सं. २०२३ सालबाट भएको पाइन्छ । यस भन्दा अगाडि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्रमा) औलो लाग्ने हुदा जिल्ला सदरमुकाम गढी गा.वि.स.मा रहेको र उपत्यकामा फाटफुट रूपमा थारु र राजी समुदायको बसोबास रहेको थियो । औलो उन्मुलन भए पश्चात् उपत्यकामा बसोबास गर्न थालियो र सबै सरकारी कार्यालयहरूलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो । वीरेन्द्रनगर नगरपालिकामा औलो उन्मुलन पश्चात् सुर्खेत जिल्लाका विकट पहाडी क्षेत्र लगायत दैलेख जिल्ला र कर्णाली अञ्चलका विभिन्न जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरूको बाहुल्यता पाइन्छ । ब्राह्मण, क्षेत्री, मगर, थारु, कामी, सार्की, दमाई, दशनामी सन्यासी आदि यहाँका प्रमुख जातिहरू हुन् । विभिन्न स्थानबाट बसाई सरी आएकाले यहाँको चालचलन रीतिथिति/संस्कृतिमा समेत विविधता पाइन्छ । वीरेन्द्रनगर नगरपालिकामा वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान र वि.सं. २०३८ मा रत्नराजमार्ग सडक निर्माण कार्य सम्पन्न भई नियमित रूपमा सडक यातायात सेवा शुरु भए पश्चात् वीरेन्द्रनगर कर्णाली अञ्चलका जिल्लाहरूको प्रवेशद्वारका रूपमा स्थापित भएको छ । कर्णाली अञ्चलमा उपभोग

हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो पश्चिम नेपाल कै प्रमुख व्यापारिक एवं शैक्षिक पर्यटकीय केन्द्र समेत बन्न पुगेको छ । यसको पूर्वबाट भेरी नदी र पश्चिमबाट कर्णाली नदी बगेकोले ऱ्याप्टीङ्ग गरी आनन्द लिन आउने पर्यटकहरूका लागि समेत यो आकर्षक स्थलको रूपमा परिणत हुन पुगेको छ । पहिले चौहानचौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यो नगरपालिका नेपालका राम्रा गुरुयोजना भएका नगरपालिका मध्येको एक हो । देशको सन्तुलित विकासको निम्ति चार विकास क्षेत्रमा विभाजन गर्दा वीरेन्द्रनगर सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम घोषणा गरिएको थियो भने हाल मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रूपमा समेत रहेको छ ।

साविकको वीरेन्द्रनगरलाई नेपालकै व्यवस्थित गुरुयोजना भएको शहरका रूपमा चिनिए तापनि पछिल्लो समयमा बढ्दो शहरीकरण तथा बसाई सरी आउनेको चाप साविकको लाटीकोइली, उत्तरगंगा गा.वि.स.मा पर्दै गएकोमा त्यसलाई व्यवस्थित गर्न नसक्दा आज वीरेन्द्रनगरलाई व्यवस्थित शहरको रूपमा विकास गर्न चुनौतीको विषय बनेको छ तर वीरेन्द्रनगर आज कर्णाली प्रदेशको गेटवय बन्दै गर्दा तथा राज्यको पुनर्संरचनासगै वीरेन्द्रनगरले कर्णाली प्रदेशकै शैक्षिक, प्रशासनिक, व्यापारिक केन्द्रका रूपमा रहँदै पर्यटकीय उजागर गर्ने थलोको रूपमा विकास हुने प्रशस्त सम्भावना बोकेको छ ।

कर्णाली प्रदेशको राजधानीका रूपमा रहेको वीरेन्द्रनगर नगरपालिकामा नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णय बमोजिम जम्मा १६ वटा वडा रहेका छन् । जसमध्येको साबिक उत्तरगंगा गाबिस वडा नं. ८ र ९ हालको वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ रहेको छ । वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ को कुल क्षेत्रफल ६.६० बर्ग कि.मि रहेको छ भने घरधुरी सँख्या २२७५, जम्मा जनसंख्या १६०९ जना, टोल संस्था संख्या ४२ वटा रहेको छ । यस वडा नं. ३ पूर्व गण्डकी लाइन सडक, पश्चिम रेडियो नेपाल, उत्तर राजमार्ग जुम्ला रोड र दक्षिण माझगाउँ खोलाले घेरिएको छ । यस क्षेत्रमा काठकुवा पानीको मूल, पाथिभारा मन्दिर समेत रहेकाले रमणीय र बजार क्षेत्र नजिकै रहेको छ (वडा प्रोफाइल, २०७८) ।

## ४.३. तथ्याङ्कको व्याख्या

संस्कृति भनेको “मानव सभ्यता” निर्माणका क्रममा विकास गरेको भाषा पोसाक, चाडपर्व रहनसहन, धार्मिक, विश्वास र नैतिक आचरण खानपिन विवाह छेवर गुन्योचोली जन्मदेखि मृत्यु सम्मको काज कर्म आफ्नै संस्कार अनुसार गर्नेलाई संस्कृति भनिन्छ । नेपाल एक बहुभाषिक, बहुजातिक, बहुधार्मिक देश भएकोले नेपालमा भाषिक, जातीय, धार्मिक विविधता बोकेको राष्ट्र हो । यहाँ विभिन्न जातजातिहरूको बसोबास रहेको छ । यहाँ बस्ने हरेक जाति आफ्नो छुट्टै पहिचान रहेको छ । त्यो पहिचान उनीहरूले मनाउने संस्कारमा रहेको छ । यहाँ बसोबास गर्ने बहुसंख्यक समुदायभित्रको ब्राह्मण पनि एक हो । ब्राह्मण जातिको संस्कार छुट्टै किसिमको रहेको छ । जसले ब्राह्मण भनि व्यक्तिलाई छुट्याउने गरेको छ ।

ब्राह्मण संस्कारहरूका बारेमा अध्ययन गर्दा शिशु गर्भमा रहदादेखि मृत्युसम्ममा गरिने विभिन्न क्रिया कर्महरू नै ब्राह्मण संस्कार अन्तर्गत रहेको पाइन्छ । यसको संख्यामा विभिन्न विद्वानहरूका अनुसार फरक फरक रहेको पाइन्छ । तथापी १६ संस्कार एक विशेष र चर्चित संस्कारहरूको रूपमा लिने गरिन्छ । ब्राह्मणका १६ संस्कारहरूमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामाकरण, निष्क्रमण, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, सन्यास र अन्त्येष्टि संस्कार रहेका छन् । यी संस्कारहरूको स्वरूप र मनाउने विधिमा ठाउँ स्थानअनुसार केही फरक भए पनि एकै किसिमले संस्कार गर्ने प्रचलन रहेको छ ।

ब्राह्मणले गर्ने हरेक संस्कारको आफ्नै किसिमको महत्व रहेको छ । वर्तमान समयमा यस संस्कारको महत्व रहदा रहदै पनि समय, स्थानको अभाव र व्यस्त जीवनले गर्दा सबै संस्कारमा ध्यान दिएको पाइदैन भने पुंसवन संस्कारमा पुराना संस्कार नमानी वैज्ञानिक साधनको प्रयोग गरी भ्रुणको पहिचान गर्ने प्रचलन व्यापक रहेको छ । त्यसैगरी नामाकरणमा पनि गोगलमा सर्च गरेर गर्ने, विवाह संस्कारमा प्रेम विवाह गर्ने गरेको पाइन्छ । कर्णवेध र विद्यारम्भ संस्कारमा सरस्वती पूजाको दिन पारेर कान छेड्ने र अक्षराम्भ गर्ने संस्कार फैलिएको छ । यी यावत कारणले गर्दा पुराना संस्कारमा परिवर्तन आएको कुरा सबैले स्वीकार गरेको विषयवस्तु हो भने समयको परिवर्तन र शिक्षा प्रणालीमा आएको परिवर्तनले गर्दा उपनयन, केशान्त संस्कारको भने अन्त्य भए जस्तै देखिन्छ ।

अध्ययनमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामाकरण, निष्क्रमण, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि संस्कार गरी १६ संस्कार समावेश गरिएका छन् । यी संस्कारहरूका बारेमा निम्नलिखित उत्तरदाताहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

| क्र.सं. | उत्तरदाताको नाम थर | उमेर | लिङ्ग | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भिम प्रसाद लम्साल | ५१ | पुरुष | एस.एल.सी. | ब्राह्मण कर्म | व्यापार |
| २ | मणिराम देवकोटा | ५६ | पुरुष | स्नातकोत्तर | ब्राह्मण कर्म | शिक्षण |
| ३ | नन्दाराम गौतम | ५४ | पुरुष | एस.एल.सी. | ब्राह्मण कर्म | |
| ४ | कृष्ण प्रसाद पौडेल | ५३ | पुरुष | प्रविणता प्रमाणपत्र | ब्राह्मण कर्म | व्यापार |
| ५ | चिन्तामणि पौडेल | ६३ | पुरुष | आधारभूत | ब्राह्मण कर्म | व्यापार |
| ६ | थमप्रसाद पौडेल | ५२ | पुरुष | एस.एल.सी. | ब्राह्मण कर्म | व्यापार |

## ४.४. ब्राह्मण संस्कार

मन, वाणी र शरीरको शुद्धिकरण गर्नु संस्कार हो । ब्राह्मण संस्कार भन्नासाथ ब्राह्मण जातिसँग सम्बन्धित संकारलाई बुझाउँछ । ब्राह्मण संस्कार वैदिक सनातन धर्मसँग सम्बन्धित संस्कारहरूसँग जोडिएको पाइन्छ । संस्कारहरूको मूलभूत उद्देश्य मानिसहरूको जीवनका महत्वपूर्ण क्षणहरूलाई ध्यान दिएर उपयोगी बनाउन सक्षम बनाउनु हो । धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थ प्राप्ति गर्नका लागि संस्कारहरूले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा प्रेरणा र पथप्रदर्शनको काम गर्दछ । तात्विक रूपमा भन्नु पर्दा संस्कार भनेको अस्वच्छ, अस्वस्थ र अपरिष्कृत जीवलाई स्वच्छ र परिष्कृत बनाउने आध्यात्मिक उपचार विधि हो । संस्कारहरूको संख्या विभिन्न ठाउँमा विभिन्न संख्यामा उल्लेख गरिएको पाइन्छ । अध्ययनबाट प्राप्त ब्राह्मण संस्कारहरूलाई तल विभिन्न उपशीर्षकमा व्याख्या गरिएको छ ।

### ४.४.१. पहिलो उत्तरदाता

पहिलो उत्तरदाता भिम प्रसाद लम्सालका अनुसार ब्राह्मण संस्कारलाई यसरी व्याख्या गरिएको छ :



नमस्कार ! म भिमप्रसाद लम्साल हुँ । मेरो उमेर ५१ वर्ष पुगेको छ । म एस.एल.सी.सम्म अध्ययन गरेको छु । म हाल वीरेन्द्रनगर नगरपालिका वडा नं ३ गण्डकी लाइनमा बस्छु । मैले विगत २३ वर्ष देखि ब्राह्मण कर्म गर्दै आइरहेको छु । मैले आफुले पढेको, जाने बुझेको र प्रयोगमा ल्याइएको १६ संस्कारका बारेमा निम्नानुसार जानकारी दिने प्रयास गरेको छु ।

### १. गर्भाधान संस्कार

#### पहिलेको अवस्था

सनातन धर्म अनुसारको १६ संस्कार मध्ये गर्भाधान पहिलो संस्कार हो । गर्भाधान संस्कारमा शुभ दिन वार बेला योग नक्षत्र हेरी शुभ दिनमा स्नान लगायत आफ्नो नित्य पूजा कर्म गरी सूर्य देवी देवता भगमान कुल देवता आदिको नाम उच्चारण गर्दै सफा सुन्दर विस्तरामा पूर्व शिरानी गरी सहवासको कर्मलाई नै गर्भाधान भनिन्छ । छोराको इच्छा भए ४, ६, ८, १०, १२, १४, १६ जोडा दिनमा र छोरीको चाहाना भए ५, ७, ९, ११, १३, १५ दिनको सहवास हुनु पर्दछ । यही विधिलाई अपनाएर गर्भाधान संस्कार पूरा गरिन्थो ।

#### अहिलेको अवस्था

अहिले गर्भाधान संस्कारको कर्ममा ध्यान दिएको पाइदैन ।

### २. पुसवन संस्कार

#### पहिलेको अवस्था

पुंसवनम भन्नाले गर्भ धारण भएको ३ महिनामा गर्भवतीले राम्रो र स्वच्छ बच्चाको निमित्त भगमान, देवी देवताको नाम दिने सुवास बासनायूक्त बासना लिने साथै फलफूल भोजन गर्दा पहिला देवी देवतालाई चढाउने फल सिद्धीको निमिक्त पाञ्चायन देवताको पूजा गर्ने सधै सुद्ध सफा रहने । सकिन्छ भने दाहिने नाखमा शुद्ध जल राख्ने गरिन्छ ।

#### अहिलेको अवस्था

अहिले यो संस्कार कही कतै गरेको देखिदैन । यसमा परिवर्तन आएको पाइन्छ ।

३. सीमान्तोनयन संस्कार

पहिलेको अवस्था

सिमन्तोन्नयम र कर्म ६ वा ८ महिनामा गणेश चन्द्र मातृत्व ग्रह आदिको पूजा गर्ने शक्ति ज्ञान मानसिक सु-स्वास्थ्यका लागि गर्भमा रहेको बच्चाको निमित्त राम्रो वचन सितलो स्वभावमा ध्यान दिदै आमाले हरी नाम जप्ने गर्नुपर्छ ।

अहिलेको अवस्था

कतै कतै बच्चा गर्भमा रहेको अवस्थामा भजन कृतन र खान पानमा ध्यान दिएको पाइन्छ । त्यसैगरी नर्स, डाक्टरहरूबाट परामर्श दिने कार्य पनि गरिन्छ ।

४. जातकर्म संस्कार

पहिलेको अवस्था

जात कर्ममा पहिलो विधि गर्दा कासाको थालीमा गंगा जलमा गेरु घोलेर आमालाई चेतनमन्त्रद्वारा १० चोटी हातमा राखी पिउने गरिन्छ भने दोस्रो विधि कासाको कटौरामा तिलको तेल दुवो र दुवोको रस तान्त्रिक मन्त्रद्वारा १०८ पटक मन्त्रद्वारा चलाएर गर्भवती आमालाई उक्त तेल रस पिलाउने र केही तेल र दुवाको रसआमाको पेटमा घस्ने साथै भोज पत्रमा रक्तचन्दनले नौ दुर्गाको नाम लेखी दुर्गा नाम उच्चारण गरी चुप बत्ती गरेमा कर्म पूरा भै फलदायी हुन्छ । यो कर्म विधि नाभी छेदन पूर्व अगाडि गरिनु पर्छ ।

अहिलेको अवस्था

बच्चाको जन्म धेरै जसो अस्पतालमा हुने हुँदा अहिले कही कतै यो कर्म गरेको पाइन्छ ।

५. नामाकरण संस्कार

पहिलेको अवस्था

बच्चा जन्मिएको छ दिनमा गर्ने कर्मलाई छैटी भन्ने गरिन्छ । छैटी कर्म गर्दा बच्चा सहित नुहाएर शुद्ध सफा भै ६ दिनको साझ वा राती धर्मशास्त्र अनुसार गोबरको षष्ठीका देवीको पूजा गर्नुपर्छ । कापी कलम बच्चाको सिरानीमा राख्नुपर्छ । नामाकरण बच्चा जन्मेको ११ दिनमा चर कोषसम्म गरी चर परिवार सबैले नुहाएर शुद्ध भै पन्चगव्य खाएर पान्चायन देवता पूजा हवन गरी अस्ट चिरन्जीवीको पूजा गरी उक्त कापीमा नक्षत्र अनुसार नाम लेखी ब्राह्मणद्वारा नाम सुनाउने नामकरण विधि गरी ग्रह फाल्ने काम सहित विधिवत तरिकाले गरिन्छ ।

**अहिलेको अवस्था**

छोराको हकमा छैटी र नामकरण गरिन्छ भने छोरीको हकमा जन्म भवमा केवल नामा करण मात्र गर्ने चलन बढेको पाइन्छ ।

**६. निष्क्रमण संस्कार**

**पहिलेको अवस्था**

निष्क्रम संस्कार गर्दा बच्चा जन्मेको ४ चौथो महिनामा शुभ दिन बार कला हेरी सबै देवताको पूजा गरी मङ्गलाभरण वा स्वस्ती वाचन गर्दै चन्द्रमा दाया पार्दै बज्यै वा फुपुले सूर्यको दर्शनको निमित्त बालकलाई घर बाहिर ल्याइन्छ ।

**अहिलेको अवस्था**

अहिले नामाकरणको दिनमा सूर्य दर्सन गराउने चलन बढेको छ ।

**७. अन्नप्राशन संस्कार**

**पहिलेको अवस्था**

अन्न प्राशन गर्दा छोरा भए ६ वा ८ महिना आदि छोरी भए ५ वा ७ महिनामा शुभ दिन वार बेला कुल देवता आदिलाई चढाएर सबै कर्म गरी सुन वा चाँदीको चमच वा पैसाद्वारा जेष्ठ बुबा, हजुर आमाबाट, हजुरआमा नभए आमाको हातबाट पहिला पास्नी गराइ बच्चालाई टिका लगाइ केही उपहार दिएपछि मात्र क्रमैसित बुवा, दाजु, भाउजु, मामा आदिले पास्नी गराउनु पर्छ ।

**अहिलेको अवस्था**

हाल सबै कर्म माथिको अनुसार नै चलेको छ ।

**८. चुडाकर्म संस्कार**

**पहिलेको अवस्था**

क्षवर उपनयन गर्दा वैदिक कर्म अनुसार दिन, वार हेरी ३ वा ५ वर्षमा पान्चायन देवताको पूजा गरी शास्त्र अनुसार जुटिका वन्धन गरी सुनको छुरा तयार गरी काँसको थालीमा सगुन सहित राखी मामाले केश काट्ने र बहिनीले उक्त केश टिप्दै काँसको थालीमा राख्ने  गर्नुपर्छ । केश टिपेको थाली बहिनीलाई नै दिनुपर्छ मामाले भान्जालाई टिका लगाइ टोपी लगायत अन्य यथाशक्ति उपहार दक्षिणा दिई केशलाई नदिमा विसर्जन गर्नुपर्छ । यही विधि अनुसार चुडाकर्म संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले ब्राह्मणहरूमा यो संस्कार/चलन यथावत चलेको छ । अन्यमा भने आफ्नो विचार अनुसार गर्ने गर्दछन् ।

**९. कर्णवेध संस्कार**

**पहिलेको अवस्था**

कर्णवेध संस्कार गर्दा दिन, वार, तिथि आदि केहि ६, ७, ८ महिनामा पान्चायन् देवताको पूजा गरी पुत्रको भए दाहिने पुत्रीको भए बाँया कान छेड्ने गर्नुपर्छ । कर्णवेध गर्दा ब्राह्मण भए चाँदी, क्षेत्रीको सुन, वैश्यको चाँदी, सुद्रको भए फलामले छेड्ने विधान रहेको छ । कर्णवेधको निमित्त श्री पन्चमीको दिनलाई उत्तम मानिएको छ । यही विधिअनुसार कर्णवेध संस्कार गरिने परम्परा रहेको थियो ।

**अहिलेको अवस्था**

हाल सबै जातिले विधिशास्त्र विना श्री पन्चमीको दिनमा वाणा कहाँ गै सुनले मात्र छेड्ने गरेको पाइन्छ ।

**१०. विद्यारम्भ संस्कार**

**पहिलेको अवस्था**

विद्यारम्भ गर्दा वैदिक कर्म अनुसार वेदी मण्डप बनाउनु पूर्वमा एक मुण्डप तयार गरी श्री गणेश सरस्वती अन्य दुवै देवताको स्थापना क्रमशः सबैको पूजन गरी थुप्रै बत्ती गर्ने सरस्वती पूजा विधिवत गरी शुकको पूजा गर्ने वेद पुराण आदि पुस्तकको पूजा गर्ने र पुस्तक हातमा राखी शिक्षार्थीलाई ॐ भन्न लगाउने सबै देवी देवताको नाम उच्चारण गर्न लगाउनु विद्यारम्भ गर्न लगाउने गर्नुपर्छ । यही विधिअनुसार विद्यारम्भ संस्कार पुरा गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले ३, ४, ५ वर्षको बच्चालाई सरस्वती पूजाको दिनदेखि कापी कलम लिएर विद्यालय पठाउने चलन छ ।

**११. उपनयन संस्कार**

**पहिलेको अवस्था**

उपनयन संस्कार भन्नाले चुडाकर्मलाई मानिन्छ । चुडाक्रम गर्दा विधिले बताए अनुसार जन्म महिना छाडी दिन वार, बेला चन्द्रमा चुटाइ गर्नुपर्छ । कर्मको १,२ दिन अगाडी पूर्वाङ्ग

विधि गर्नुपर्छ । कर्मको दिनमा यज्ञ मण्डपमा अस्ट कलश सहित स्थापना गरी कर्म गर्ने सुनको छुरा काँसाको थाली तयार गरी पूजा विधि गर्ने सुनको छुरा काँसाको थाली तयार गरी पूजा विधि गर्ने मामाले केश काट्ने बहिनीले केश टिप्ने गर्नुपर्छ । बुकुवा लगाउने, नुहाएर यज्ञ मन्डमा बस्ने झोली मेखला आदिको पूजा गर्ने मन्त्रबाट शिक्षा लिने देशान्तर सुनेर मामाले देशान्तर लिने देशान्तरबाट फर्केपछि अष्टकलाशले जुटाएर ब्रह्म गायत्री सुन्ने आदि कर्म गर्नुपर्छ ।

**अहिलेको अवस्था**

अहिले मन्दिरमा गएर कर्म गर्ने चलन बढेको छ । वर्तवन्ध घरमा नै गर्ने राम्रो मानिन्छ । कतिपयले केश काट्न मान्दैनन् । कतिको कानमा जनै सूत्र हुँदैन ।

**१२. वेदारम्भ संस्कार**

**पहिलेको अवस्था**

वेदारम्भ गर्दा ब्रह्म चर्यमा रही गुरुको आदेश अनुसार सरस्वती देवी सहित अन्य देवताको पूजा गरी वेदको पुस्तकको पूजा ढोक गरी गुरुको पूजा गरी वेदारम्भ गर्नुपर्छ । वेदको पहिलो मन्त्रबाट सुरु गर्दा ॐ श्री गणेशाय नमः भन्दै वेदारम्भ गर्ने ब्राह्मणले वेद मन्त्र अनिवार्य सुन्नै पर्छ विना मन्त्रको फल मिल्दैन । यो संस्कार वेदअनुसार नै पुरा गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

वेदारम्भ गर्ने ब्राह्मणहरूले गुरुकुलमा गएर उक्त कुरा पालना गरेको पाइन्छ ।

**१३. केशान्त संस्कार**

**पहिलेको अवस्था**

केशान्त संस्कार वा वैदिक धर्मअनुसार नै गरिन्छ । जुटीका बन्धन गरी सिखा गाह्रो पारी गुरुको आदेश अनुसार गरिन्छ । साथै घर गृहस्थी छाडी योगी कै रूपमा बस्ने भए त्यही विधि अनुसार र गुरु विधा सिकेर घर फर्किने भए त्यही अनुसार संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

गुरुकुलमा बस्दा केही संस्कार फेर बदल गरेको पाइन्छ । अहिलेको अवस्थामा केशान्त संस्कार समय अनुकूल परिवर्तन भई सोही अनुसार पालना गर्न लगाइन्छ ।

## १४. समावर्तन संस्कार

**पहिलेको अवस्था**

स्नान संस्कार वैदिक सनातन धर्म अनुसार ब्रह्म मुहुर्तमा कठी सौच कर्म गरी सकेपछि धारा, नदी, कुवा, तलाउ, आदि ठाउँमा गई गंगाको नाम उच्चारण गर्दै सम्भव भएसम्म पूर्व वा उत्तर फर्केर हरर गंगे हर हर महादेव भन्दै स्नान गर्ने गायत्री मन्त्र जप्ने हातमा जल लिएर सूर्य नारायणलाई अर्घ समेत दिने र हरी नाम जप्दै घर आई नित्य पूजा गर्ने विधिलाई स्नान संस्कार भनिन्छ। वेदमा उल्लेख गरेअनुसारको नियम पालना गरिन्थ्यो।

**अहिलेको अवस्था**

अहिले सबै सुविधा भएका कारण घरमै नुहाउने चलन बढेको छ। मकर (माघे) संक्रान्तिमा तलाउ, नदीमा जाने वा तीर्थ गई स्नान गर्ने चलन पनि छ। यो चलन बुढा पुराना बाहेक नयाँ यूवा पिडीमा चासो भएको पाइदैन।

## १५. विवाह संस्कार

**पहिलेको अवस्था**

विवाह दुई आत्माको पवित्र मिलन हो। विवाह संस्कार गृहस्थी बसाल्न र सभ्य समाजको नियममा बस्नको लागि विवाह संस्कार गरिन्छ। विवाह संस्कार अनुसार कन्या रजस्वला सुरु हुनुभन्दा पहिले कन्यादान गर्न पाए पुण्य कमाइन्छ भन्ने वैदिक मान्यता अनुसार कन्याको ५-१० वर्षमै विवाह गरिदिने चलन रहेको थियो भने वरको उमेर परिपक्व भएको राम्रो मान्यता रहेको थियो। यही अनुसार नै विवाह संस्कार मान्ने चलन रहेको थियो।

**अहिलेको अवस्था**

विवाह संस्कारमा अहिले धेरै परिवर्तन आएको छ। वर्तमान समयमा प्रजनन स्वास्थ्य र नेपालको संविधानलाई मान्नु पर्ने भएकोले २० वर्ष पुगेपछि मात्र विवाह गरिदिने चलन रहेको छ।

## १६. अन्त्येष्टि संस्कार

**पहिलेको अवस्था**

अन्येष्टि कर्म भन्नाले मानिसले अन्तिममा मृत्युवरण गरेपश्चात गरिने संस्कार हो। विभिन्न धर्मालम्बीहरूले आ-आफ्नो धर्मअनुसार गर्दछन्। सनातन् हिन्दु धर्ममा मेलाबाट गरिन्छ।

पहिलो वासिष्टि र अर्को पद्धतिबाट गरिन्छ पद्धतिबाट छोटो तरिकाबाट संस्कार हुन्छ भने वासिष्टिबाट सबै विधि विधानबाट गरिन्छ कर्म गर्दा कस्तो गर्ने भन्ने कर्तामा फरक पर्दछ ।

**अहिलेको अवस्था**

अहिले सामान्यतया पद्धति विधिद्वारा छोटो तरिकाले अन्येष्टि संस्कार गरिन्छ भने कहि कहि कर्ताले भने अनुरूप वसिष्टिबाट पनि गरिन्छ ।

## ४.४.२. दोस्रो उत्तरदाता

मणिराम देवकोटाका अनुसार ब्राह्मण संस्कारलाई यसरी व्याख्या गरिएको छ :



नमस्कार ! म मणिराम देवकोटा हुँ । म वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी टोलमा बस्छु । मैले थोरै संस्कृत पनि अध्ययन गरेको र नेपाली भाषामा स्नातक तथा स्नातकोत्तर समेत गरेको छु । मैले गत १५/२० वर्ष देखि समयानुकुल वेद, रुद्धि, भागवत समेत पाठ गर्ने भएकोले र स्वयम् ब्राह्मण कुलमा जन्मेकोले मैले जानेका बुझेका, भोगेका र प्रयोगमा आएका सोह्र संस्कारहरूको बारेमा निम्नानुसार तल उल्लेख गरेको छु । ती मध्ये केहि धार्मिक पुराणमा भने अनुसार वर्तमानमा पनि यथावत छन् भने केहि समय परिस्थिति सँगै परिवर्तन भएका पनि छन् । समयानुसार मैले छोटोमा उत्तर दिन कोशिस गरेको छु ।

### १. गर्भाधान संस्कार

**पहिलेको अवस्था**

जीवन र जगत्को सुक्ष्म अध्ययन गरेर ऋषिमुनिहरूले संस्कारहरूको व्यवस्थापन गरेका हुन् । मानव जन्मदेखि मृत्यु पर्यन्त गरिने संस्कारहरूलाई सोह्र संस्कार भनिन्छ । त्यसमध्ये पहिलो भनेको गर्भाधान संस्कार हो । हिन्दू संस्कारमा यसलाई मानव जीवनको पहिलो संस्कार मानिएको छ । जसरी हामीले एउटा सागको विरुवा उमार्न बारीमा मल, बिउ, माटोलाई सफा गरी उपयुक्त तापक्रम बनाई राम्रो सागको कल्पना गरेर बिउँ छर्छौं र त्यो राम्रो भएर उम्रन्छ । त्यस्तै हामीले स्वच्छ, निरोगी, बलवान, बुद्धिवान, राम्रो संस्कारयुक्त

बालकको जन्म दिनका लागि आमा बुवाले स्वच्छ, सफा मन, वचन र शारीरिक शुद्धता, राम्रो वातावरणमा सन्तान उत्पादनका हेतुले विधि पूर्वक गरिने समागम संस्कारलाई गर्भाधान संस्कार भनिन्छ ।

यो संस्कार गर्न पूर्व क्षेत्र शुद्धी, आहार विहार शुद्धी, शारीरिक स्थिति राम्रो, मानसिक अवस्था राम्रो हुन आवश्यक पर्दछ । यसमा खानपानको कारणले पनि बच्चाको जन्ममा ठूलो प्रभाव पार्दछ । त्यसैले ऋषिमुनीहरूले सबै कुराको ख्याल गरी यी संस्कारहरूको परिकल्पना गरेका हुन् । यही कारण पहिले हाम्रो समाजमा पनि धार्मिक, नैतिक मान्यता अनुसार सबै संस्कार गरिन्थे ।

**अहिलेको अवस्था**

अहिले यो धार्मिक संस्कार अनुसार गर्भाधान संस्कार गरेको पाइँदैन । तथापी वैज्ञानिक तथ्यमा जाँदा पनि उमेर नपुगेको, शारीरिक रूपले अस्वस्थ, मानसिक अवस्था कमजोर भएका आमा बुवाको कोखबाट जन्मेका बालबालिका केहिन केहि रूपमा कमजोर हुन्छन्। त्यसैले विज्ञानले पनि घुमाउरो रूपमा वेद र अन्य धार्मिक ग्रन्थलाई आधार बनाएको पाइन्छ । आंशिक रूपमा यो संस्कारको अनुसरण गरिए तापनि पूर्ण रूपमा अहिले यो संस्कार चलन चल्तीमा आएको देखिदैन ।

२. **पुंसवन संस्कार**

**पहिलेको अवस्था**

गर्भमा भएको भ्रुणलाई पुरुषत्व प्रदान गर्ने कर्म नै पुंसवन हो । गर्भको बच्चा पुरुष नै किन हुनु पर्‍यो भन्ने प्रश्न जन्मन सक्छ । तत्कालीन समयमा पुरुषस्त्रीको सन्तुलन मिलाउनका लागि समाज वैज्ञानिकहरूले पुरुष सन्तति उत्पादनलाई महत्व दिए । यी संस्कारले पेटमा भएको बच्चा स्वस्थ, ज्ञानी, गुणी, पुष्ट होस् भनी गर्भाधान भएको तीन महिनामा शुभ नक्षत्र पारेर बच्चा पेटमा चल्नु भन्दा पहिला गर्नु पर्दछ । यो विधिविधान अनुसार गरिने संस्कार हो ।

**अहिलेको अवस्था**

आजभोलि यो संस्कार गरेको पाईंदैन । केवल पुत्र चाहनेहरूले लिङ्ग पहिचानको लागि अस्पतालमा गएर गर्भको भिडियो एक्सरे गर्ने गर्दछन् । इच्छा अनुसार पेटको बच्चा राख्ने र त्याग्ने काम गर्दछन् । यो धार्मिक र कानुनी मान्यता भन्दा बाहिरको विषय हो ।

### ३. सीमान्तोनयन संस्कार

**पहिलेको अवस्था**

सीमन्तोन्नयनको शाब्दिक अर्थ गर्भिणीको केशलाई उन्नयन अथवा माथितिर फर्काउनु भन्ने हो । यसको पहिलो उद्देश्य गर्भिणीको अमङ्गल नहोस् भन्ने हो । दोस्रो उद्देश्य गर्भिणी र गभस्थ शिशुलाई कुनै प्रकारको कष्ट नभै दीर्घायुष्थ होस् भन्ने हो भने गर्भिणीलाई सन्तुष्ट पार्नु, प्रसन्न राख्नु र परिवारले माया दर्शाउनु तेस्रो उद्देश्य हो । यस संस्कारमा षोडशोपचार पञ्चोपचार वा यथामिलिती उपचार कुनै पनि विधिले गर्न सकिन्छ । यो विधि गर्दा गर्भमा भएको शिशुको र आमा दुवै सुस्वास्थ्य तथा दीर्घायुको कल्पना गरिन्छ । गर्भस्थ शिशुका इच्छा गर्भिणीका ईच्छा र चाहना बनेर व्यक्त हुन्छन् । शिशु गर्भमा रहेको बेला आमामा परेको प्रभावले शिशुमा पनि प्रभाव पर्दछ । यस्तो अवस्थामा सबै परिवार, समाजले गर्भिणी महिलालाई खुसी र सुखी वातावरणको सिर्जना गर्नु पर्दछ । यस्तै अवस्थामा नारदले हिरण्यकस्यपुकी पत्नी कयाधुलाई दिएको उपदेशका प्रभावले प्रल्हाद जन्मजात ज्ञानी भएको श्रीमद्‌भागवतमा आउँछ भने अर्जुनले शुभद्रालाई सुनाएको युद्धकला सम्बन्धी ज्ञानका प्रभावले गर्भमा रहेका अभिमन्यु जन्म जात सुरवीर भएर देखा परेको महाभारतमा आउँछ । त्यसैले गर्भावस्थामा भएको गर्भिणीलाई सुख, शान्ति दिनु अपरिहार्य हुन्छ । गर्भिणी महिलाले पनि आफ्नो स्वास्थ्यको ख्याल गर्नु पर्छ। यी सबै कार्य सम्पन्न गर्न वैदिक विधि विधानहरूको नियम अनुसार सीमन्तोन्नय संस्कार गरिन्छ ।

**अहिलेको अवस्था**

हाल आएर विधि विधान अनुसार धार्मिक कार्य नगरे पनि गर्भस्थ शिशु र आमाको ख्याल प्रसस्त गरेको पाइन्छ । केहि असचेत परिवार र समाज बाहेक अन्य सबै क्षेत्रमा गर्भवती महिलाको शारीरिक चेकजाँच, उपयुक्त खानपान, औषधोपचार र उचित हेरचाह गरिएको हुन्छ । अहिलेको बातावरणीय दुस्परिणामलाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाको निगरानीमा र घरपरिवारमा पनि गर्भवती महिला र गर्भस्थ शिशुको उन्नतिका प्रशस्त उपायहरू अपनाएको पाइन्छ । हाल सहज प्रविधिका कारणले पनि आमा र शिशु दुबैको निगरानी गर्न सहज भएको छ ।

४. जातकर्म संस्कार

**पहिलेको अवस्था**

शिशु जन्मने समयको वरिपरि गरिने शास्त्रीय संस्कारलाई जातकर्म संस्कार भनिन्छ । जातकर्म संस्कार शिशु जन्मिनु पूर्व आमालाई ब्यथा लागेदेखि नै शुरु हुन्छ । यो कर्म गर्दा आमालाई बच्चा जन्माउनको लागि तयार पारिएको आरामदायी कोठामा लगेर राखिन्छ । सुत्केरी सहयोगी, सामग्रीसँगै पति वा अभिभावकले हातमा तिलकुश सहित पानी लिएर सुत्केरी र बच्चा दुबैको सुस्वास्थ्यको कामना गर्दै सालनाल सहित बच्चा सजिलै जन्मियोस् भनी मन्त्रोच्चारण गरी विनियोग छोड्नु पर्छ । त्यसपछि नालकाटी बच्चालाई स्तनपान गराउनु पर्छ । नालकाटी सकेपछि शिशुका पिता वा अभिभावकले मुख हेर्न र शिशुलाई दही वा दूध सहित मनतातो पानीले नुहाउने व्यबस्था गर्नु पर्छ । त्यसपछि घ्यू र थोरै मह मिलाई सुन वा चाँदीको चम्चाले शिशुलाई चार पटलसम्म चटाउनु पर्दछ । यसलाई 'मेधाजनन' भनिन्छ। अनि बाबुले शिशु जन्मेको भूमिमा दाहिने हात राखेर मन्त्रद्वारा जन्मभूमि अभिमन्त्रण गर्नु पर्दछ । जब शिशु छ दिनको हुन्छ त्यो दिन षष्ठिकापून वा छैटी कर्म गरिन्छ । छैटी गर्दा कहीं काठको पिर्कामा गोबरले षष्टी देवीको मूर्ति बनाएर वा कहीँ षष्टी देवीको चित्र अगाडि राखेर पूर्जा गर्दछन् । षष्टीका साथ दायाँतर्फ स्कन्द र बायाँ प्रद्युम्नको पनि चित्र राखिन्छ । षष्टी पूजा सन्ध्या कालमा गरिन्छ । साथमा अष्ट चिरन्जीवीको पनि पूजा गरिन्छ । त्यस रात सुत्केरीको कोठामा अखण्ड दीप बालिन्छ । शिशुका मावलीलाई रआफन्तजन सबैलाई बोलाई भजन किर्तन गरिन्छ । यो छैटी कर्म सोह्र संस्कार भित्र नपरे पनि लोक प्रसिद्ध छ ।

**अहिलेको अवस्था**

हाल यो संस्कार प्रायः गरिने गरेको पाइदैन । अहिले गर्भवतीलाई अस्पताल लगी डाक्टरको सल्लाहसुभाव अनुसार काम गरिन्छ। शिशुलाई स्नान पनि २४ घण्टा पछि गरिन्छ । छैटौं दिनमा छोरो भए गक्ष अनुसार छैटी कर्म गर्ने र छोरी भए नगर्ने पनि चलन छ । कतिपयले दुवै छैटीकर्म गर्ने पनि चलन छ ।

५. नामाकरण संस्कार

**पहिलेको अवस्था**

शिशु जन्मेको एघारौँ दिनमा प्रायः यो संस्कार गरिन्छ । यसलाई लोकभाषामा नाम राख्ने, न्वारन या नुवारन पनि भनिन्छ । कहीँ कतै जातकर्मसँग नाम सुनाउने चलन पनि छ भने

प्रायः गरी दशौँ, बाह्रौँ, तेह्रौँ, सोह्रौँ, उन्नाइस, बत्तिसौँ, सयौँ दिनमा एक वर्षमा दोश्रो वर्षको पहिलो दिनसम्म पनि नाम राख्ने चलन छ । यो नक्षत्रका आधारमा र लौकिक आधारमा राखिन्छ ।

**अहिलेको अवस्था**

बाह्मण जातिमा प्रायः जसो विधि अनुसार नामाकरण संस्कार गरिन्छ भने अन्य जाति सबैमा विधिअनुसार नगरी आफ्नो परम्परा अनुसार गरेको पनि पाइन्छ ।

**६. निष्क्रमण संस्कार**

**पहिलेको अवस्था**

यो नयाँ शिशुलाई घरबाट निकाल्ने एउटा संस्कार हो । यो शिशु जन्मेको चौथो महिना वा तीनवटा पूर्णिमा पार गर्नुपर्छ । यो विधि गर्दा घर अगाडि खुल्ला ठाउँमा गोबरले लिपेर सानो गोबरको कुण्ड बनाउने वा स्वस्तिक चिन्ह बनाएर कुनै भाँडामा पानी राखेर सूर्यको आह्वान गरेर सूर्यको दर्शन गराउने गरिन्छ । त्यसपछि आमाले मन्त्र उच्चारण गर्दै शिशुलाई बाबु, हजुरबुवा, हजुरआमा लगाएत परिवाजनले पालैपालो काख लिएर शिशुको आमालाई दिइन्छ । निष्क्रमण विधि सकिएपछि शिशुलाई नजिकको मन्दिरमा लगेर भगवान्‌को दर्शन गराउनु राम्रो मानिन्छ ।

**अहिलेको अवस्था**

अहिले प्रायः अस्पतालमा सबै शिशुको जन्म हुने भएकाले अस्पतालमै सबै निष्क्रमण संस्कार अप्रत्यक्ष रूपमा सम्पन्न गरिन्छ । घरमा विधि पुऱ्याउन एघार दिनको न्वारनको दिनमा सूर्यलाई अर्ध दिएर सूर्यको दर्शन गराउने चलन चलेको पनि पाइन्छ ।

**७. अन्नप्राशन संस्कार**

**पहिलेको अवस्था**

शिशु जन्मेको पहिलो चोटी अन्न वा भात खुवाउने चलन भएकाले यसलाई अन्नप्राशन भनिएको हो । यो छोरा भए छ र आठ महिनामा छोरी भए पाँच र सात महिनामा खुवाउने चलन छ । भात खुवाइ एक वर्षभित्र गरि सक्नु पर्दछ । यो भात खुवाइको दिन शिशुका बाबु वा अभिभावकले विहान उठी स्नान ध्यान गरी पूजा पाठ सकेर शुद्ध बस्त्र पीररेर आचमन प्रणायाम गरी शुद्ध जल सेचन गरी षष्टीका पूजन गर्ने । त्यसपछि पायस र चरु हवन गर्ने । त्यसपछि शिशुलाई शुद्ध आसनमा बसालेर बनाइएका व्यञ्जनहरूलाई सुन, चाँदी, काँस वा चरेसको थालमा राखी मह, घिउ वा पञ्चामृतले मुछेर सुनको असर्फी वा पैसाले पहिले

आमा त्यसपछि बाबुले मन्त्र उच्चारण गर्दै पाँच पटक खुवाइन्छ । त्यसपछि अन्य परिवार र इष्टमित्रले बालकलाई चटाईदिनु पर्दछ । बालकलाई भात ख्वाएपछि लगातार पाँचदिनसम्म भात खुवाउनु पर्दछ । भात खुवाउने काम सकेपछि बालकलाई मन्दिरमा लगेर दर्शन गराउने पनि गरिन्छ ।

**अहिलेको अवस्था**

अहिले माथिको विधि विधान अनुसार नगरे पनि कतिपयले धेरै ठूलो तामझामका साथ देखावटी गर्ने चलन पनि चलेको छ । कतिपयले सामान्य हिसाबले घर परिवार र आफन्त जम्मा भएर भात ख्वाइ गर्दछन् भने कसैले न्वारनको दिनमा जुठो लगाईदिने वा भात चटाइदिने पनि चलन छ। जे जसरी भए पनि समग्रमा यी सबै तरिकाको समग्र रूप अन्नप्राशन वा भात ख्वाई नै हो ।

**८. केशान्त संस्कार**

**पहिलेको अवस्था**

बालबालिकाको सुस्वास्थ, सौन्दर्य, आयुवृद्धि तथा कल्याणका लागि बालक जन्मेको छ महिनादेखि एक वर्षभित्र उपयुक्त समय मिलाएर मुण्डन गरिदिनु पर्छ । यो मुण्डन कार्य एक वर्ष, तिन वर्ष, पाँच वर्ष, सम्भव नभए सातवर्षका उपनयनसँगै पनि गर्ने गरिन्छ । यो संस्कार गर्दा बाबुआमा वा अभिभावकले विहान स्नान, ध्यान, सन्ध्या आदि गरी पवित्र भएर आफ्नो इष्टदेव कुलदेवलाई सम्झेर काँसको थालमा रौं पर्ने गरी छेवर गरी सो रौंलाई गोबरमा राखेर गंगामा विसर्जन गर्नुपर्दछ । यो छेवर कर्ममा टुपी राख्नु पर्दैन पुरै रौं मुण्डन गर्नु पर्दछ ।

**अहिलेको अवस्था**

हाल कसैले विधिविधान अनुसार घरमा छेवर गरे तापनि धेरै जसोले गाउँको जान्ने मान्छे वा बजारवालाले पसलमा लगेर शिशुको छेवर गर्ने चलन पनि चलेको छ ।

**९. कर्णवेध संस्कार**

**पहिलेको अवस्था**

बालाबालिकाको पहिलोचोटी कान छेड्ने संस्कारलाई कर्णवेध संस्कार भनिन्छ । यो संसारकै गहना लाउनेहरूले कान छेड्ने चलन छ तर हामीकहाँ प्राचीन कालमा छुट्टै उद्देश्यले कान छेड्ने चलन चल्यो । कानका अनेक ठाउँमा रोग नियन्त्रण गर्ने विन्दु हुन्छन् । ती ठाउँमा छेडेर धातु लगाउनाले धेरै रोगबाट मुक्ति पाउन सकिन्छ । बालक जन्मेको सात महिनाभित्र

दाँत नआउँदै छोरा वा छोरी दुवैको कान छेड्नु पर्छ । कान छेड्दा धार्मिक विधिअनुसार महिना, बार, तिथि, नक्षत्र आदि जुराएर छेडिन्छ । कसैले भात ख्वाईका दिन वा चूडाकरणका अवसरमा पनि सम्पन्न गर्दछन् । नाक छेड्ने चलन भए यसै दिन नाक पनि छेडिदिनु पर्छ । कान छेड्दा मन्त्र उच्चारण गरेर छेड्न पर्छ। कान छेडेपछि भगवान्को नाम स्मरण गर्दै कान छेड्नेलाई दक्षिणा सगुन आदि दिनु पर्दछ । आगन्तुकलाई पनि फल प्रसाद वितरण गर्नुपर्दछ ।

**अहिलेको अवस्था**

आजभोलि धार्मिक विधान गरिदैन । प्रायः सरस्वती पूजाका दिन वा अन्य अनुकुल अवसर पारी सुनचाँदी पसलमा गई कान, नाक छेड्ने चलन छ । दक्षिणा भेटी जे जति दिन पर्ने हो, त्यो पसलेलाई नै दिने चलन सर्वत्र चलेको छ ।

**१०. विद्यारम्भ संस्कार**

**पहिलेको अवस्था**

बालबालिकालाई पढ्न, लेख्न सिकाउने, अक्षर आरम्भ गराउने काम अक्षरारम्भ हो । आमाबाबुको मुख्य कर्तव्य भनेको बालबालिकालाई शिक्षादिक्षा प्रदान गर्नु हो। भनिन्छ, 'माता सत्रु पिता बैरी येन बालो न पठित !' छोराछोरी नपढाउने आमा सत्रु पिता वैरी हुन् । त्यसैले विद्यारम्भ संस्कारलाई महत्वपूर्ण मानिएको छ । मानव जीवनको विकासक्रमसँगै वर्णमालाको आविष्कार भएको हो । वर्णमालाको विकास भएको समयदेखि आफ्ना सन्ततिलाई सिकाउने संस्कारको जन्म भयो। शिक्षाको महत्वलाई आत्मसाथ गर्दै आफ्ना सन्ततिलाई दिइने विद्याको आरम्भ शुभ समयमा उपयुक्त ढङ्गले, विधिपूर्वक असल व्यक्ति वा गुरुबाट गराउनु पर्दछ । हुन त प्राचीन कालमा अभिमन्यु, शुकदेव, प्रल्हाद आदिले आमाको गर्भबाट सत् शिक्षा पाएको कुरा सुनिन्छ । विज्ञानले पनि मातृ गर्भमै भ्रुणलाई प्रशिक्षण गर्ने थारणा ल्याएको पाइन्छ । बालकलाई अक्षरारम्भ गराउँदा गणेश, सरस्वती तथा इष्ट देवताको तस्वीर अगाडि राखेर शुद्ध भई धुप जलाई बस्ने ठाउँ शुद्ध गरी अक्षरारम्भ गराउने गुरुलाई पूर्व र बालकलाई पश्चिम फर्काएर बसाल्नु पर्दछ । परिवेश अनुसार लेख्ने वस्तु तयार गरी 'गुरु ब्रह्मा गुरु र्विष्णुः, गुरु देर्वो महेश्वर । गुरुः साक्षात् परब्रह्म तस्मै श्री गुरवे नमः ॥ मन्त्र उच्चारण गर्दै सर्व प्रथम गुरुले श्रीगणेशाय नमः, श्री सरस्वत्यै नमः ॐ भूः र्भूव आदि आधारहरू लेखेर अ.आ.ई.ई..., क ख ग... A B C ... आदि लेख्ने र बालकलाई त्यसै माथि हात समातेर लेखाउने र भन्न लगाए

पछि अक्षराम्भ विधि पूरा हुन्छ । त्यसपछि गुरुलाई दक्षिणा, उपहार आदि दिएर प्रणाम गरी आशिर्वाद लिनु पर्दछ ।

**अहिलेको अवस्था**

अहिले विधि अनुसार त्यस्तो गरिँदैन तापनि प्रायः गरी सरस्वती पूजाका दिन घर मै वा विद्यालयमा लगेर विद्यारम्भ गराउने चलन छ ।

## ११. चूडाकरण संस्कार

**पहिलेको अवस्था**

चूडाकरण संस्कार भनेको ब्रतबन्ध गर्नका लागि कपाल मुण्डन गर्ने प्रकृया हो । यो संस्कारमा दुई वटा कार्य प्रमुख हुन्छन् ।१. जुटिका बन्धन, २. मुण्डन । जुटिका बन्धनको अर्थ काटिने केशलाई अभिमन्त्रित कपडा र कुशले केही समय तीन भागमा बाँधेर राख्नु हो भने मुण्डन भनेको टुप्पी बाहेक सबै केश मन्त्रोच्चारण सहित खौरिनु भन्ने हो । चूडाकरण गर्दा कर्ताले शुद्ध भई विधिपूर्वक अग्निस्थापना गरी पूर्वाङ्ग हवन गर्ने, आफ्ना कुलदेवता, इष्टदेवलालाई सम्झेर कपाल खौरिनु पर्दछ । सो कपाल, दिदी बहिनीले गोबर वा काँसको थालीमा जम्मा गर्नु पर्दछ । कपाल काट्दा आयु, कीर्ति र कल्याणको कामना गर्नु पर्दछ । त्यसपछि काटेको रौं गंगामा लगेर विसर्जन गर्नु पर्छ । कपाल मुण्डन सकेपछि केश काट्नेलाई उपहार, दक्षिणा आदि दिने, ब्रह्मणलाई दक्षिणा, टीका गरेर कार्य सम्पन्न हुन्छ ।

**अहिलेको अवस्था**

आजभोलि पनि घरमा चुडाकरण गरेमा माथिको सबै काम गरिन्छ भने मन्दिर तथा बाहिर गर्नु परे यी सबै प्रक्रिया गरेको पाइदैन ।

## १२. उपनयन संस्कार

**पहिलेको अवस्था**

उपनयन भनेको द्विजले जनै लगाउन गर्ने विधान हो । चूडाकरणको काम सकेपछि ब्राह्मणले तयार पारेको मन्त्रित कपडा कर्तालाई लगाउन दिने, त्यसपदि यज्ञापवित (जनै) पूजा गराएर विधिपूर्वक जनै लगाइदिने काम गरिन्छ । जनै धारणपछि हवन आदि कार्य सम्पन्न गरी गुरु दक्षिणाका लागि त्यहाँ आएका आफन्त तथा घरका मानिससँग भिक्षा माग्न लगाइन्छ । भिक्षा माग्दा सर्वप्रथम आमासँग एक पाथी चामल र सिङ्गो फल, दोस्रो पटक एक माना चामल र सिङ्गो पल, तेस्रो पटक एक मुठी चामल र सिङ्गो फल गरी

तित पटक लिने अनि क्रमैसँग अरुसँग पनि फल, पैसा, चामल आदि भिमा जम्मा गरी गुरुका अगाडि राखी प्रणाम गर्नुपर्छ । यही विधि अनुसार उपनयन सबैले गर्दथे ।

**अहिलेको अवस्था**

हाल घरमा गर्दा सोही विधि अनुसार गरिन्छ भने मन्दिर वा बाहिर गएर गर्दा सामान्य तरिकाले गरिने र विधिको पूर्ण पालना हुन नसक्ने देखिन्छ ।

### १३. वेदारम्भ संस्कार

**पहिलको अवस्था**

चूडाकरण, उपनयन संस्कार पूरा भएपछि कुमारलाई सुसंस्कृत, सभ्य, ज्ञानवान, विद्वान बनाउनका लागि वेदारम्भ वा वेद पढ्न लगाउने गरिन्छ । यदि कुमार ब्रह्मण भए चारै वेदका एक एक मन्त्र पढाउने र ब्राह्मण भन्दा अरु भए धर्नुवेद, अर्थशास्त्र, नीति भास्त्र वा दुर्गा सप्तसतीका केही श्लोकहरू अर्थसहित पताउने गरिन्छ ।

**अहिलेको अवस्था**

हाल घरमा गर्दा माथिका कार्य गरिन्छ भने बाहिर सामान्य प्रकृया मात्र गरिन्छ ।

### १४. समावर्तन संस्कार

**पहिलेको अवस्था**

यो संस्कार भूलतः विद्यार्थी जीवनको अन्तमा दीक्षान्त समारोहका रूपमा गुरुकुलबाट घर फर्किदा गरिने संस्कार हो । सामान्यतया २४/२५ वर्षको उमेरमा दीक्षान्त हुन्थ्यो । त्यसै बखत यो संस्कार गरिन्थ्यो । यो संस्कार पश्चात उ एउटा सक्षम नागरिक भई समाजमा फर्कदा समाजबाट पनि सम्मानित हुन्थ्यो । यो कार्य पनि गुरुकुलमा गरिने हुँदा धार्मिक विधिविधान अनुसार कार्य सम्पन्न हुने गर्थ्यो । चूडाकरण, उपनयन, वेदारम्भ, समावर्तन यी सबैको समष्टि रूप नै व्रतबन्ध हो । सबै नीति नियम भित्र बाधिनुलाई नै ब्रतबन्ध भनिएको हो । यी कार्य गरेपछि मात्र मानिस धर्मको बन्धनभित्र बाँधिन सक्छ ।

**अहिलेको अवस्था**

समावर्तन संस्कार अहिले दीक्षान्त समारोहका रूपमा मनाइन्छ । धार्मिक विधिविधान अनुसार मनाइदैन । केही गुरुकुलमा पढ्नेहरूको हकमा यो संस्कार आंशिक रूपमा कायम रहेको पाइन्छ ।

## १५. विवाह संस्कार

### पहिलेको अवस्था

दुई अलग अलग पारीवारिक पृष्ठभूमिका नर र नारी सँगसँगै जीवन बिताउनका लागि पूरा गरिने कानूनी वा धार्मिक प्रकृयालाई विवाह भनिन्छ । हिन्दू दर्शनमा विवाह जीवनकै अति महत्वपूर्ण र प्रमुख संस्कार मानिन्छ । यो संस्कारले नै मानव जीवनको अस्तित्व रहेको छ । प्राकृतिक रूपमा विवाह पुरुष र स्त्रीको स्वाभाविक संयोग हो । जहाँबाट सन्तनि सिर्जनाको श्रृङ्खला पनि शुरु हुन्छ । लाखौं वर्ष पहिले परस्परको यौन आकर्षणले जसरी पशुपंक्षीका भाले पोथीहरूको संयोग हुन्छ, त्यस्तै अवस्था मानिसको पनि थियो । विस्तारै धेरै वर्षपछि मानवीय व्यवहारलाई परिष्कृत र व्यवस्थित गर्दै मानिसले विवाह संस्थाको विकास गयो । विवाहलाई व्यवस्थित बनाउने आचार्य भगवान् शिव हुन् भनिन्छ । त्यसैले अहिले पनि विशेष गरी विवाहका अवसरमा उमामहेश्वर वा शिवपार्वतीलाई आदर्श दम्पति भनेर पूजा गरिन्छ । विवाहका सन्दर्शमा मध्यकालमा बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता विकृति देखिए पनि वैदिक ऋषिहरूले कन्यालाई १६ वर्ष र कुमारलाई २४ वर्ष भन्दा कम उमेरलाई वैवाहिक मान्यता दिएका छैनन् । यसको मूल मर्म भनेको कम उमेरमा बिहे गरे शारीरिक अपरिपक्क आर्थिक कमजोरी हुने कुराको सङ्केत नै हो । अर्को अर्थमा शारीरिक र मानसि रूपले सन्तान उत्पादनका लागि तयार हुनुपर्छ भन्ने हो । त्यस समयमा विवाहलाई निम्न चरणमा बाँडेको पाइन्छ : १. पैशाच विवाह : कन्या वा अभिभावक निदाएका बेलामा छलकपट पूर्वक, यौन सम्बन्ध कायम गरिन अपहरण गर्नुलाई पैसाच विवाह भनिन्छ । २. राक्षस विवाह : अभिभावकबाट खोसेर रुवाउदै कन्यालाई बलपूर्वक हरण गरिने विवाह ३. गन्दर्भ विवाह : कन्या र वर दुवैको आपसी मन्जुरीमा गरिने विवाह ४. आसुर विवाहः कन्या पक्षलाई यथासक्य धनसम्पति दिएर कन्यासँग स्वच्छापूर्वक गरिने विवाह ५. प्रजापत्य विवाह : तिमी दुई सँगसँगै गृहस्थ धर्मको परिचालन गर भन्ने वाणीद्वारा सम्झाएर पूजापूर्वक कन्यादान गर्ने विवाह ६. आर्षविवाह : एक वा दुई जोडी गाई वरबाट लिएर विधिपूर्वक, धार्मिक ढङ्गले कन्या प्रदान गर्ने विवाह ७. ब्राह्म विवाह : कन्याका पिताले योग्य वरलाई आमन्त्रण गरी सुयोग्य कन्या वस्त्रालङ्कार सहित यथासक्य दक्षिणा दिएर विधिपूर्वक गरिने विवाह । यी सबै विवाहका आफ्नै विधि सूर्वक गरिने परम्परा पाइन्छ ।

### अहिलेको अवस्था

अहिले प्रायः गरी भागी विवाह र मागी विवाह गरी दुई प्रकारका विवाह प्रचलित छन् । यसमा धार्मिक र कानुनी दुवै प्रकृया अपनाएको पाइन्छ । विशेष गरी मागी विवाहमा सबै धार्मिक प्रकृया पूरा गरिन्छ भने भागी विवाहमा सामान्य प्रकृया गरेको पाइन्छ । कतिपय अवैधानिक विवाह पनि हुने गर्दछन् ।

### १६. अन्त्यकर्म संस्कार

### पहिलेको अवस्था

यो मानव जीवनको अन्तिम संस्कार हो । मृतकको आत्मालाई शान्ति दिलाउनका लागि गरिने कर्महरू विभिन्न छन् । मानव देह समाप्त हुने वित्तिकै वा अन्त्य अवस्था भएको बेला सतगती प्राप्त होस् भनी विभिन्न धार्मिक ग्रन्थहरू पाठ गर्ने, भगवानको भजन गर्ने रामनाम उच्चारण गर्ने देखि धार्मिक विधिअनुसार दशगात्र कर्म गरी बाह्र वा तेह्र दिनमा शुद्ध शान्ति हुने । धार्मिक विधि अनुसार गौदान, भूमिदान, शैयादान, पद दान, विर्षे स्वर्ग गर्ने । यथा सक्य ब्राह्मण तथा छोरी ज्वाई, भान्जाभान्जी लगाएत पुज्यजनलाई पितृ प्रसाद ग्रहणका साथै दान दक्षिणा गरी मृतात्माको चिर शान्तिका साथै बैकुष्ठ बासको कामना गरिन्छ । पितृलाई १ वर्षसम्म पुग्ने गरी पिण्ड दान, अन्न दान आदि धार्मिक विधि अनुसार दान गर्ने गरिन्छ । यही विधि पुऱ्याएर अन्त्यकर्म संस्कार गरिन्थ्यो ।

### अहिलेको अवस्था

पहिले भन्दा केही संक्षेपीकरण गरिएता पनि धार्मिक विधि अनुसार नै अहिले अन्त्यकर्म गरिएको पाइन्छ ।

## ४.४.३. तेस्रो उत्तरदाता

नन्दाराम गौतमका अनुसार ब्राह्मण संस्कारलाई निम्नानुसार व्याख्या गरिएको छ :



नमस्कार ! म नन्दाराम गौतम हुँ । म वीरेन्द्रनगर नगरपालिका वडा नः ३ गण्डकी लाइनमा बस्छु । मैले २५ वर्ष देखि ब्राह्मण कर्म गर्दै आइरहेको छु । मैले आफुले यो कर्म हिन्दू धार्मिक ग्रन्थ अनुसार गराउदै आइरहेको छु । मैले जाने बुझे अनुसार स्रोह संस्कारहरूको बारेमा निम्नानुसार उत्तर दिने प्रयास गरेको छु ।

१. गर्भाधान संस्कार

**पहिलेको अवस्था**

आफूले वैदिक विधिअनुसार विवाह गरी ल्याएकी ब्राह्मणीसँग गर्भाधान कर्म गरी योग्य शुभ समयमा रजस्वला भएको ७ दिन पुगेपछि दुवैले स्नान गरी, पवित्र सात्वीक भोजन गरी, पवित्र वस्त्र धारण गरी, मधूर रसिला भगवानको कथा, लिला, नाम र धामको वर्णन गर्दै, सुन्दै साँझ सन्धा नपारी शुभ दिन, शुभ वार, शुभ लग्न, शुभ नक्षत्र र शुभ स्थानमा उत्तर शिर नगरी नपारी भगवान चिन्तन गर्दै प्रशन्न मुद्रामा गर्धाधान संस्कार गर्ने गरिन्थ्यो र यसरी जन्मेका बालकहरू आज्ञाकारी, परोपकारी, गुरु, माता, पिताको सेवा गर्ने, पितृ र देव भक्ति गर्ने, कुलत र कुसंगतमा नलाग्ने, सत्संग र ईश्वर भक्ति गरी आफू र आफ्नो कुलसमेललाई उद्धार गर्ने स्वाभाव भएको वालक स्वस्थ र दिर्घायु हुने गर्दथे ।

**अहिलेको अवस्था**

अहिले कुनै शुभ समयको ख्याल नगरी कुनै नियम पालन नगरी विवाह भएकै दिन देखि एक आपसमा सम्बन्ध राखी भविश्यमा हुने परिणामको ख्याल नराखी गर्भाधान गर्ने गरेको पाईन्छ । जो पछि जन्मने वालक नै माता पिताको उपदेश नमान्ने, कुलतमा लाग्ने, तामसी, राजसी भोजन मनपराउने, वैदिक परम्परालाई नमानी रुढिवादी भन्ने यस्तै भौतिकवादी सन्तती उत्पन्न हुने गरेको देखिन्छ ।

२. पुंसवन संस्कार

**पहिलाको अवस्था**

भ्रुणलाई पुरुषत्व प्रदान गर्न गर्भरहेको ३ महिनामा गरिने संस्कार हो । शुभ समयमा गर्भाधान भए पछि गर्भमा रहेको बालकको पनि सत्वगुण आओस् भनी गर्भवती भएकी नारीले खाएको भोजन र आहार विहारको प्रभाव सो शिशुमा पनि पर्ने भएको हुँदा विशेष शाकाहारी पौष्टिक आहार लिने, प्रशस्त दूध, दही, घ्यू, मह, खुदो, खुवा र रसादी फलहरू, सात्विक भोजन गर्ने आदि नियम गरिन्थ्यो । सात्विक स्वभाव धारण गरिन्थ्यो

**अहिलेको अवस्था**

अहिलेको अवस्था वैज्ञानिक युगमा प्रवेश गरेको मानिन्छ । जसरी गर्भाधानको लागि महत्व दिइदैन त्यसरी नै पुंसवन संस्कारलाई पनि ख्याल गरिदैन । बरु पेटमा रहेको भ्रुणको परिचान गरी छोरी भए त्यसलाई त्याग्ने परम्परा बढ्दै गएको पाइन्छ ।

### ३. सीमन्तोन्नयन संस्कार

**पहिलेको अवस्था**

गर्भवती भएका नारीहरूलाई कुनै दुख तनाव, थकावटको महसुस नहोस भन्नका लागि घरमा गर्नुपर्ने दैनीकी कामहरू सक्दो गरेता पनि सो को थकावट नहोस् भनेर विशेष समयकालमा मधुर पौराणिक धार्मिक कथाहरू भन्ने, सुनाउने, रामायण, महाभारत जस्ता रामकृष्णका लिला चरित्रहरू भन्ने, सुन्ने र सुनाउने, गाउँघरमा भएका राजामहाराजाहरूले गरेका समाजको लागि उदाहरणीय कामहरूको वर्णन गर्ने । जस्तै : राजा हरिश्चन्द्रको कथा, अम्बरिषको कथा, सुधामा, युधिष्ठिरको कथा, नारदज्यूले प्रह्लाद गर्भ मै रहेको बेला उनकी आमा कयादुलाई सुनाएको कथा, सत्संग, भगवानको वर्णन, भागवत सम्बन्धी कथा भन्ने र सुनाउनाले, सुन्नाले सबैको कल्याण शद्बुद्धि हुनुको साथै वालकको पनि असल संस्कार हुने आमालाई पनि आनन्दर सुख बढ्ने हुनाले यस्तै समयमा यो सत्संग गरिन्थ्यो ।

**अहिलेको अवस्था**

वर्तमान समयमा गर्भवती आमालाई खुसी पार्न पश्चिममा मुलुकको प्रभावले गर्दा सीमन्तोन्नय संस्कारमा परिमार्जन गरी बेबी सावरको रूपमा मनाउने चलन रहेको छ ।

### ४. जातकर्म संस्कार

**पहिलेको अवस्था**

बालक जन्मनेबेला ठाउँ र स्थान अनुसार फरक चलन भएता पनि विशेष ब्राह्मण संस्कारमा महिलालाई बेथा सुरु भए पछि सुत्केरी बस्ने ठाउँको वरी परि विशेष सरसफाई गरी गाईको गोबरले लिपी जौ, तिल कुश, सस्स्यु र पञ्चगव्य छरी दिप, कलस, गणेश स्थापना गरी उनको पूजा गरेर विघ्न निवारण को लागि ईष्ट देवतालाई पनि सम्झना गरिन्थ्यो र सम्भव भएसम्म योग्य ज्योतिषिलाई बोलाई घडी थापी बालक जन्मने समयको प्रतिक्षा गरिन्थ्यो र संयोग बालकको जन्म मुल अश्लेषा, जेष्ठ, चतुर्दशी आदी भएको भए सोको वैदिक विधी अनुसार शान्ति गराइन्थ्यो र बेथा लागेकी नारीको अवस्था र समयलाई हेरी सुत्केरी गराउन जान्ने महिलाको वा वैधको पनि व्यवस्था गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको अवस्थामा जातकर्म संस्कार गर्ने गरिन्छ तर फरक तरिकाबाट । जातकर्म गर्दा बालक दक्ष जनशक्तिबाट अस्पतालमा जन्मिने हुँदा जातकर्मका सबै विधि लागु नभए पनि बच्चा र आमाको लागि भने सबै पूर्व तयारी गर्ने गर्दछन् ।

**५. नामाकरण संस्कार**

**पहिलेको अवस्था**

नामाकरणको लागि विशेष ११ औं दिनमा वा रोकिएमा अनुकुलन भएमा शुभ दिन पारी योग्य ब्राह्मण बोलाई वैदिक विधान अनुसारको यदा तयार गरी हवन पूजन, गरी जन्म समयमा प्राप्त भएको नक्षत्रको नाम अनुसार पुत्र भए देवताको नाम जोडेर जस्तै, राम, श्याम, कृष्ण, हदी, नारायण, शिव आदि र कन्याको जन्म भए देवीको नाम जोडेर नाम राखिन्थ्यो जस्तैः, दुर्गा, यमुना, राधा, सिता, गंगा, हरीमाया आदि । यसरी वैदिक विधान पूर्ण गरी रक्षाबन्धन बांधी अभिशेष गरी नामाकरण संस्कार पूर्ण गरिन्छ र गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको अवस्थामा नामाकरण ब्राह्मणहरूबाट गराउने चलन भए तापनि गोगलमा खोजेर आधुनिक नाम राख्ने गरिन्छ ।

**६. निष्क्रमण संस्कार**

**पहिलेको अवस्था**

निष्क्रमण संस्कारमा भुभ दिन, शुभ वार, बेला लाग्न, साइत जुराई दिपकलश, गणेशको पूजा सम्झना गरी उचित समयमा घर बाहिर निकाल्ने वा लैजाने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले सबैले स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने नीति सरकारले ल्याएको हुँदा शिशु नै घरभन्दा बाहिर जन्मिने भएकाले यस संस्कारमा त्यति ध्यान दिइदैन ।

**७. अन्नप्राशन संस्कार**

**पहिलेको अवस्था**

पुत्र ६ वा ७ महिना लागे पछि पास्नी वा अन्नप्राशन गर्न शुभ दिन जुराई घरमा वा पास्की गर्ने स्थानमा विधिवत स्नान गरी बालकलाई पनि स्नान गराई नयाँ पवित्र वस्त्र लगाई दिएर सिंगार गरी विधिवत दिप कलश, गणेश पूजन गरी पवित्र भोजन तयार गरी

बालकलाई पूर्व फर्काएर तयारी भएको प्रशादी अन्न अग्नी र भगवानलाई चढाई प्रेम पूर्वक वालकलाई भोजन पास्नी गराउने र टिका लगाई दिएर उपहार दिने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

बालक जन्मिसकेपछि गर्नुपर्ने संस्कारहरूमध्ये अन्नप्राशन एक महत्वपूर्ण संस्कार हो । यो संस्कार सामान्यतया एउटै समय पारेर ६ वा ७ महिनामा गर्ने गरिन्छ ।

**८. चुडाकर्म संस्कार**

**पहिलेको अवस्था**

विशेष जन्मेको ३ वर्षमा नियम पूर्वक देव पूजन गरी दिपकलाश गणेश पूजन गरी शुभ दिन, महिनार बार नक्षत्रमा चुडाकर्म गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

चुडाकर्म संस्कारमा केही मात्रामा परिवर्तन आएकोछ । चुडाकर्म गर्नलाई ३ वर्ष नै कुरेको भेटिन्छ ।

**९. कर्णबेध संस्कार**

**पहिलेको अवस्था**

कर्ण वेध संस्कारमा पनि, शुभ दिनर समयमा देव पूजन गरी सुवर्ण मुन्द्रा वा सिंउडीको लामो काँडाद्वारा कर्ण कर्म वेध गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले आफूखुशी प्राय स्वर्णकार कहाँ लगी कर्णवेध गराइन्छ ।

**१०. विद्यारम्भ/अक्षराम्भ संस्कार**

**पहिलेको अवस्था**

विशेषत वसन्त पञ्चमीको दिनमा वा अन्य शुभ मांगलिक दिन वा साइतमा दिप, कलश, गणेश र सरस्वतीको पूजन गरी विद्यारम्भ गरिन्थ्यो ।

**अहिलेको अवस्था**

हाल आएर ब्राह्मण जातिमा रहेको संस्कारमा परिवर्तन आएको छ । पहिला गुरुकुलमा गएर शिक्षा लिइन्थ्यो । हाल जन्मकै स्थान वा विद्यालयबाट विद्यारम्भ गरेको पाइन्छ ।

### ११. उपनयन संस्कार

**पहिलेको अवस्था**

विधीवत वैदिक विधान अनुसार यज्ञ आरम्भ गरी, केश मुण्डन गरी स्नान गरी विविध देव पूजने र हवन गरी विधिवत तयार गरी अभिमन्त्रित गरीएको जनै योग्य गुरू (ब्राहमण) बाट गायत्री मन्त्र श्रवण गरी गुरुकूल वा गुरुको साथमा उचित योग्य शिक्षा (वैदिक शिक्षा) आरम्भ गर्ने गरिन्थ्यो जस्तै : श्रीराम, लक्ष्मण, भरत, शत्रुघ्नले गुरु वशिष्ठज्यूबाट र श्री कृष्ण वबरामले गुरुयोउचार्यबाट गायत्रीमन्त्र श्रवण गरी अवन्तीका पूरीमा रहने योग्य गुरु श्री सान्दीपनी ज्यूबाट उचित शिक्षा सुधामा सहितले लिनुभएको थियो । यस्तै गुरु परम्परा अधि अहिले पनि विविध ठाउँ जस्तै देषधार, स्वर्गद्वारी काँशी, वृन्दावन, हरिद्वार आदि ठाउँहरूमा चल्दै आएको छ ।

**अहिलेको अवस्था**

अहिले शिशु औपचारिक शिक्षातर्फ जाने भएकाले शिशुको संख्या बढेको पाइन्छ ।

### १२. बेदारम्भ संस्कार

**पहिलेको अवस्था**

विधिवत् देव पूजन गरी गुरूको सामिप्यमा रहेर नियम पालन गर्दै सार स्वर मिलाई वेद अध्ययन आरम्भ गरिन्छ ।

**अहिलेको अवस्था**

बेदान्त संस्कार गर्दा अहिलेको युवापुस्तमा यस सम्बन्धमा ख्यान नगरिएको पाइन्छ ।

### १३. केशान्त संस्कार

**पहिलेको अवस्था**

विधिवत् देव पूजन गरी पवित्र जलमा स्नान गरी गुरुकुलको शिक्षा र ब्रह्मचर्य ब्रत पूर्ण गरी गृहस्थ आश्रममा प्रवेश गर्नको लागि विधिवत् शुभ दिनमा केशान्त संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले शिक्षा आफ्नै घर वा होस्टेलबाट लिने गरिन्छ । जसले गर्दा केशान्त संस्कार गरिनु पर्दैन ।

## १४. समावर्तन संस्कार

**पहिलेको अवस्था**

विधिवत यज्ञ तयारी गरी पूजीत भएका गंगाजल सहितको जलले वैदिन मन्त्रद्वारा पूर्व फर्किर स्नान गराउने वा गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

समावर्तन संस्कार वर्तमान समयमा समय अनुकूल नभएको जस्तै देखिन्छ किनभने यसको पालना गर्न व्यस्त जीवनमा असहज बनेको छ ।

## १५. विवाह संस्कार

**पहिलेको अवस्था**

अगाडीका संस्कार जस्तै विवाह पनि जीवनको महत्वपूर्ण संस्कारहो । नियमपूर्वक विवाह भएको छ भने वैवाहिक जीवन सुखमय र जन्मने सन्तती पनि असल स्वभाव भएका, गुणी, परोपकारी, मातृ पितृ भक्ती गर्ने, गुरु भक्ति गर्ने, आदर, आफ्नो कुलको पनि उद्धार गर्ने खालका हुन्छन् भने वैदिक विधान अनुसार स्वजातिमा विवाह नभएर विजातीय मनोमानी विवाह भयो भने जीवन पनि दुखदायी, सन्तानहरू वर्णशंकर र मृत्युपछि अधोगतीमा लैजाने खालका हुन्छन् । यसैले थर, गोत्र, वर्ग, राशी, नक्षत, नाडी, गुण, दिग्द्वारी, जाति आदिको विचार गरेर मात्र विवाह गर्नु पर्छ र यस्तै गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

नेपाल धर्मनिरपेक्ष राष्ट्र हो । यहाँ विभिन्न जातजातिको बसोबास रहेको छ । विश्व यति साँघुरिएको छ किन सबै एकै परिवारको भैसकेको देखिन्छ । अहिले विवाहको लागि कुनै जात, धर्म, भाषा मानिदैन । अहिले प्रेम विवाहले प्राथमिकता पाएको सन्दर्भमा वैदिकमा उल्लेख गरिएअनुसार विधिमा विश्वास नराखेको पाइन्छ ।

## १६. अन्त्यष्टि संस्कार

**पहिलेको अवस्था**

अन्त्यष्टि संस्कार हाम्रो परम्परा वैदिक विधान अनुसार चलेको हुनाले अन्त्यष्ठि कर्मको विधान अनुसार नै गर्ने गरिन्थ्यो र यसै गरिन्छ ।

**अहिलेको अवस्था**

अन्त्येष्टि संस्कारमा वैदिक विधान अनुसार नै गर्ने गरिन्छ । यसमा सामान्यतया दिनमा फेरवदल गर्न खोजिएको छ र कोभिडको कारणले केहीमा फेरवदल पनि गरिएको छ ।

### ४.४.४. चौथो उत्तरदाता

कृष्ण प्रसाद पौडेलका अनुसार ब्राह्मण संस्कारका बारेमा निम्नानुसार व्याख्या गरिएको छ ।



नमस्कार ! म कृष्ण प्रसाद पौडेल हुँ । म ५३ वर्षको भएँ । हाल म विरेन्द्रनगर नगरपालिका वडा नं ३ गण्डकी लाइनमा बस्छु । मैले २१ वर्ष देखि ब्राह्मण कर्म गर्दै आइरहेको छु । मैले आफुले जाने बुझेका स्रोह संस्कारकाहरूको बारेमा निम्नानुसार जवाफ दिने प्रयास गरेको छु ।

### १. गर्भाधान संस्कार

**पहिलेको अवस्था**

वस्तुतह सन्तानको निमार्ण उसको जन्म हुन् भन्दा अगाडि गर्भकालमा हुन्छ र गर्भकालमै ८०% सम्पन्न भैसकेको हुन्छ । आमाको सोच भावना, व्यवहार र वातावरणले गर्भमै बच्चालाई गहिरो प्रभाव परेको हुन्छ ब्राहमण संस्कारमा यसलाई ठूलै मान्यता दिइएको छ । शिशुको जन्म पश्चायत अझै पनि ब्राह्मण संस्कारमा शिक्षाको छैठी, न्वारण, पास्नी तथा उसको जन्मउत्सव ब्राह्मण नीती नियम अनुरूप सम्पन्न गरिन्छ । गर्भाधान संस्कार पहिले एकदमै विधिपूर्व ब्राह्मण बोलाएड छर छिमेक बोलाएर भव्य र सभ्य तरिकाले गरिन्थ्यो ।

**अहिलेको अवस्था**

गर्भाधान संस्कार अहिले गरिन्छ वा गरिदैन भन्नेमा चाहि गरिन्छ अति गरिदैन दुवै पक्ष छ अहिले गर्भाधान संस्कार गरिए तापनि पहिलेको जस्तो छैन । अहिलेको समाज एकदमै व्यस्तताको कारणले गर्दा विधि पूर्वक गरेको पाइदैन वा देखिदैन । झन ब्राह्मण बोलाएड गर्दै गर्दैन तर कता कति चाहि गरेको पनि देखिन्छ । अहिले धेरै विदेशी (पाश्चात्य) संस्कार अपनाउने हुँदा हाम्रो जुन संस्कार, परम्परा, रीति, तीथी रिवाज सबै लोप (विलुप्त हुने हुँदा हाम्रा यी परम्परा नाश पनि हुने देखिन्छ । त्यसैले अहिलेको पिडीले यसलाई बचाउदा सबै यस्ता संस्कार जिउदा भइरहनेछन् । व्यस्तताको कारणले गर्भाधान संस्कार गरेतापनि व्यवहारिक तरिकाले गरेको पाइएको छैन । अन्त्यमा देश त पुरानै ठीक थियो भनेझै संस्कार पनि पुरानै थियो । कमसेकम व्यक्तिहरूलाई संस्कारले अनुशासनमा राखेको थियो । अन्त्यमा अहिले गर्भाधान संस्कार गरिन्छ तर त्यसमा विधी नियम केहि पनि छैन ।

२. **पुंसवन संस्कार**

**पहिलेको अवस्था**

पुंसवन संस्कार पहिले गर्भ रहेको दोस्रो तेस्रो महिनामा वा गर्भको लक्षण प्रकट भएपछि पुंसवन संस्कार सम्पन गर्नुपर्ने छ । यो संस्कार पुत्रजनका लागि गरिने हो । यस संस्कारमा समय, नक्षत्र, तिथि र वारको निरूपण गरिएको छ ।

**अहिलेको अवस्था**

अहिलेको समयमा यो संस्कार हराउँदै गएको छ । यसको विधिवत् अनुष्ठान गर्दा भ्रुण पुरुषरूपमा परिवर्तन गर्न सकिने कुरा शास्त्रमा थियो तर आज भोलि यो संस्कारलाई अन्धविश्वास रूपमा मानिन्छ ।

३. **सिमान्तोन्नय संस्कार**

**पहिलेको अवस्था**

गर्भवति महिलालाई खुशी र प्रसन्न राख्नको लागि आफ्नो धड्कन बोलाइए आफ्नै धड्कनमा तातो पानी र तेलहरू शरिरमा लगाई गर्भवती महिलालाई खुशी राख्नका लागि शरीरमा तेल लगाई मिठो मसिनो खानेकुरा खुवाई घरमै सिमान्तोन्नय संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले गर्भवति महिलालाई खुशी वा प्रशन्न राख्नका लागि अस्पतालको प्रक्रिया अपनाएर अस्पताल लगेर डाक्टर नर्सद्वारा चेकजाँच गरिन्छ ।

४. **जातकर्म संस्कार**

**पहिलेको अवस्था**

जातकर्म संस्कार अन्तर्गत शिशु जन्मिने समयको वरिपरि गरिने शास्त्रीय संस्कार पहिले कस्तो थियो भने जुन आमाको कोखमा शिशु जन्मनेवाला छ त्यो घरमा आमाको कोठामा भगवान्का तस्वीरहरू राख्ने, बच्चाहरूको राम्रो तस्वीर राख्ने, आमाले शिशु अनुशासीत र ज्ञानी होस भनि सन्त गुरुसँग परामर्श लिने, नित्य, कर्म, पूजा, पाठ, भजन किर्तन गर्ने, भगवान्को स्तुति गर्ने जसले गर्दा बच्चा ज्ञानी र आज्ञाकारी बनोस भनि शिशु जन्मिने समयमा यी शास्त्रीय संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले पनि शिशु जन्मिने समयको वरिपरि गरिने शास्त्रीय संस्कारमा अलिकति केही परिवर्तन आएको छ । विशेषतः अहिले व्यस्त समय भएको कारणले गर्दा शास्त्रीय भन्दा पनि

विदेश संस्कारले गर्दा धेरै परिवर्तन आएको छ । अहिले गर्छन् तर बेग्लै जस्तै : शिशु जन्मने समय वरिपरि भनौ वा शिशु जन्मिनु भन्दा केहि महिना बेवि सावर भनेर केक काटेर पार्टी खाएर मनाइन्छ । यो शास्त्रीय संस्कार भन्दा फरक विकृतिको रूपमा रहेको छ ।

**५. नामाकरण संस्कार**

**पहिलेको अवस्था**

हाम्रो नेपाली समाजमा नामकरण संस्कार पहिले गरिन्थ्यो । शिशु जन्मेको एघारौँ दिनमा विधिपूर्वक ब्राह्मण बोलाएर यज्ञ गरेर, शुद्ध बनेर शास्त्रमा जे भेनेको छ त्यहि अनुरूप कर्मकाण्ड गरेर नामाकरण गरिन्छ । नामाकरण गर्दा ग्रह, दोष, नक्षत्र, राशी सबै जुराएर विधि पूर्वक नामाकरण गरिन्थ्यो । पहिलेको संस्कार एकदम विधि पूवर्क, परम्परा पूवर्क, रिवाज पूर्वक गरिन्थ्यो । नामाकरण संस्कार पहिले भव्य र सभ्य तरिकाले गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले पनि नामाकरण संस्कार गरिन्छ तर अलि विधी पूर्वक गरेको पाइदैन । अहिले बाक्लो बस्ती ब्राहमण कम, समय कम भएको कारणले विस्तारै यी संस्कारलाई भुल्दै आएको देखिन्छ । अहिलेसम्ममा सन्तानको नामाकरण गरिन्छ तर विधी पूर्वक गरेको पाइँदैन जसले गर्दा सन्तानहरूमा पछिका पिढीले संस्कार भुल्ने विदेशी संस्कार अगाल्ने जस्ता विकृति आउने समस्या देखिन्छ ।

**६. निष्क्रमण संस्कार**

**पहिलेको अवस्था**

जन्मिएको तेस्रो वा चौथो महिनमा चन्द्रमा र तारा अनुकुल भएको दिनमा बालकलाई नुहाइ सिगार पटार गराई पिताले बालकलाई घरभित्रबाट बाहिर ल्याएर सूर्य दर्शन गराउने संस्कार हो । यो संस्कारमा बालकका सामु विभिन्न धातुका भाडा, वर्तन, पुस्तक आदि राख्ने संस्कार थियो ।

**अहिलेको अवस्था**

अहिले यो परम्परा हटिसकेको छ । आज भोलि निष्क्रमण संस्कारमा बाहिर ल्याएर बालकलाई सूर्यदर्शन गराउने परम्परा एघारौँ दिनमा रहेको छ ।

### ७. अन्नप्राशन संस्कार

**पहिलेको अवस्था**

अन्नप्राशन संस्कार पनि हिन्दुहरूको एक विशेष चाड, प्रमुख संस्कार हो । शिशु जन्मेको पाँच महिनामा छोरीको र छ महिलामा छोराको विधि पूर्वक अन्नप्राशन गरिन्छ । यसमा शिशुलाई कर्मकाण्ड गरेर समय, गते, वार हेरेर विभिन्न प्रकारका खानेकुराहरू अन्न फलफूल गेडागुडी राखेर आफन्तजन छिमेकीहरू बोलाएर खुसीयालीका साथ विधि पूर्वक शिशुलाई आशिर्वाद दिएर अन्नप्राशन गरिन्थ्यो । यो एकदमै राम्रो संस्कारको रूपमा लिइन्थ्यो ।

**अहिलेको अवस्था**

यो अन्नप्राशन संस्कार पहिलेको जस्तै गरिन्छ जस्तो लाग्छ मलाई । अहिले पनि बच्चा जन्मेको ५/६ महिनामा अन्नप्राशन गराइन्छ । पुरानो संस्कार जस्तै ब्राह्मण, आफन्त छर छिमेक सबैलाई बोलाएर फलफूल, अन्न, गेडागुडी सबै प्रकारको खाने राखेर बच्चालाई अन्न प्राशन गराइन्छ । अहिले पनि यो संस्कार लागु नै छ ।

### ८. चूडाकर्म संस्कार

**पहिलेको अवस्था**

चुडाकर्म केश मुण्डल गर्ने संस्कार पहिले बच्चा जन्मेर ४।५ वर्ष पुगेपछि माइती पक्षका मामा आएर विधिपूर्वक ब्राह्मण बोलाएर कर्मकान्ड सबै हेरेर मामाले आफ्नो भान्जालाई केहि दान दक्षिणा वा द्रव्य धातु दिएर केश मुण्डन गर्ने संस्कार थियो ।

**अहिलेको अवस्था**

अहिले पनि चुडाकर्म केश मुण्डन गर्ने संस्कार यथावत नै छ । पहिले जसरि गरिन्थ्यो अहिले पनि पुरानै संस्कार अनुरूप चुडाकर्म गर्ने गरेको पाइएको छ । पहिलेको भन्दा अहिले अलिकति फरक चाहि छ । फरक भएतापनि चूडाकर्म वा केशमुण्डन संस्कार अहिले पनि पुरानै जस्तो परम्परामा गर्ने गर्दछन् ।

### ९. कर्णवेध संस्कार

**पहिलोको अवस्था**

कर्णवेध संस्कार कान छेड्ने संस्कार हो । पहिले विधिपूर्वक श्रीपञ्चमीको दिन कान छड्ने संस्कार रहेको थियो । यसले गर्दा हाम्रो संस्कार परम्पराको जर्गेना हुन्छ ।

**अहिलेको अवस्था**

अहिले पनि कान छेड्ने संस्कार पहिलेको जस्तै यो परम्परा गराइन्छ । यसमा कुनै परिवर्तन छैन । यो संस्कार पुरानै विधिपूर्वक मनाइन्छ ।

**१०. विद्यारम्भ संस्कार**

**पहिलको अवस्था**

विद्यारम्भ संस्कार पहिले गुरुकुलमा जानु पर्थ्यो । विद्यार्थीहरूले अध्ययन गर्न जाँदा आफ्नो बस्ने सामान आफैले लगेर जानु पर्थ्यो । पहिले गुरुले आध्यात्मिक, व्यावहारिक र नैतिक ज्ञान सिकाउनु हुन्थ्यो । प्रयोग्यातक शिक्षा हुन्थ्यो । सैद्धान्तिक भन्दा व्यावहारिक पढाइ हुन्थ्यो । असल चरित्रका विद्यार्थीहरू हुन्थ्ये । ज्ञानी र आज्ञाकारी हुन्थ्ये । कर्म काण्ड, नित्य कर्म पनि भजन, स्तुति भगवानका बारेमा आध्यात्मिक ज्ञान हुन्थ्यो । गुरु पनि सरल र नैतिक स्वभावका हुन्थ्ये र सुसाशित हुन्थे । भविष्यमा सहयोग हुने किसिमको सिकाइ प्रणाली हुन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको विद्यारम्भ पहिलेको भन्दा धेरै फरक पाइएको देखिन्छ । अहिले शिक्षा प्रणाली पहिलेको भन्दा धेरै सुविधायुक्त छ । पहिले गुरुकुलमा अध्ययन गर्न जाँदा सबै व्यवस्था आफैले गर्नुपर्थ्यो भने अहिले सुविधा सम्पन्न विद्यालयहरू निर्माण भएका छन् तर शिक्षा प्रणाली भने पहिलेको भन्दा अहिलेको फरक देखिएको छ । पहिले संस्कार, अनुशासीत नैतिक हुन्थ्यो भने अहिलेको शिक्षा सैद्धान्तिक भएको पाइन्छ ।

**११. उपनयन संस्कार**

**पहिलेको अवस्था**

उपनयन संस्कार अर्थात गुरुको साथमा गएर शिक्षाको आरम्भ गर्ने संस्कार मलाई थाहा भए अनुसार त्रेतायुगमा हुन्थ्यो जस्तो लाग्छ । त्रेतायुगमा दशरथका चार पुत्र मध्ये राम र लक्ष्मणले गुरु विश्वामित्र सँग सँगै गएर शिक्षा लिएका थिए ।

**अहिलेको अवस्था**

अहिले यो उपनयन संस्कार गुरुको साथमा गएर शिक्षा आरम्भ गर्ने चलन हराएको छ । यो अहिले कुनै पनि प्रचलित छैन जस्तो लाग्छ । अहिले जतासुकै विद्यालय भएका कारण यो संस्कार विलुप्त भएको देखिन्छ ।

### १२. बेदारम्भ संस्कार

**पहिलेको अवस्था**

सर्वप्रथम 'वेदो नारायण साक्षात' (वेद नै भगवान हो) । ब्राह्माण्डमा जून भगवानको स्वास्बात मन्त्र उच्चारण भइरहेको थियो तब गुरु सन्तहरूले त्यसलाई टिपेर वेद लेखे । वेद अनादी छ । न जन्म न मृत्यु सनातन गुरुद्वारा वेद अध्ययनको प्रारम्भ पहिले दुई तरिकाले गराइन्थ्यो । त्यसलाई भनिन्थ्यो शुर्ति वेदम्ह निष्ठम अर्थात वेदलाई सुनेर वा वेदलाई अध्ययन गरेर पहिले वेद अध्ययन गर्दा स्नान गर्न अनिवार्य थियो र शुद्ध हुन जरुरी थियो । गुरुद्वारा अध्ययन गराउँदा संस्कारले अध्ययन गराइन्थ्यो अन्यथा त्यो शिक्षाले लाभ दिँदैन भन्ने हुन्थ्यो ।

**अहिलेको अवस्था**

मेरो विचारमा वेद अध्ययन अहिले गरिन्छ वा गरिदैन भन्ने विषयमा धेरै मात्रामा गरिदैन, कता कति गरिन्छ, अहिलेको परिवेशमा गुरुद्वारा वेद अध्ययन गराउने कहि कतै मात्र छन् । मलाई जानकारी भएअनुसार बनारसमा या नेपालको पशुपति क्षेत्रमा अहिले वेद अध्ययन गराउने पनि एकदमै कम मात्रामा छन् । त्यसले गर्दा पनि वेद अध्ययन गराउन कठिन भएको अवस्था छ । वेद आफैमा भगवान भएकाले अध्ययन गराउने सन्त या माहात्माले वेदको हरेक मन्त्र, श्लोक र उपनिशद अध्ययन गरेको हुनुपर्छ र अध्ययन गर्न आउने सबैको समस्या वेदबाट समाधान गर्न सक्नुपर्छ । त्यस्ता गुरू धेरै कम मात्रामा भएको हुनाले अहिले गुरुद्वारा वेद अध्ययनको सिकाइ एकदमै कम मात्रामा रहेको छ ।

### १३. केशान्त संस्कार

**पहिलेको अवस्था**

यो संस्कारमा गुरु कुलमा बस्दा ब्राह्मणले गर्ने सम्पूर्ण संस्कार पुरा गरी गृह प्रस्थान गर्ने समयमा केश मुण्डन गरिन्थो ।

**अहिलेको अवस्था**

हाल आएर गुरुकुलमा शिक्षा लिने पद्धति हटेको हुनाले केशान्त संस्कार पनि अन्त्य भएको छ । हाल वर्तवन्धको समयमा केश मुण्डन गरिन्छ ।

## १४. समावर्तन संस्कार

### पहिलेको अवस्था

मुख्यतया ब्राह्मण संस्कारमा विहान उठे पछि मातृभूमिलाई नमन ढोग गरी विहानको नित्यकर्म गरी जप ध्यान गरी पूजा पाठ गरिन्थ्यो ।

### अहिलेको अवस्था

हाल आएर नयाँ पिढिले यो पुरानो रुढिवाढी परम्परा हो भनेर यो संस्कार छोडेको पाइन्छ भने पुराना बुढा पाकाहरूले यो संस्कारलाई निरन्तरता दिएको पाइन्छ ।

## १५. विवाह संस्कार

### पहिलेको अवस्था

विवाह संस्कार दुई वटा परिवार बीच सम्बन्ध जोड्ने संस्कार हो । पहिला विवाह केटो वा केटीले मन पराउनु भन्दा पनि घरका मुलि मान्छेले चित्त बुझाएपछि गरिन्थ्यो । जुन सानै उमेरमा वाल विवाह गरिन्थ्यो । जसले गर्दा छोरी मान्छेलाई एकदमै गाह्रो हुन्थ्यो । विबाह गर्दा छर छिमेक बोलाएड भोज खान्थे त्यो पनि गाउकै जंगलका सालका पातको टपरी बनाएर खाइन्थ्यो र बाजा पनि आफ्नै स्थानीय मौलिक बजाइन्थ्यो ।

### अहिलेको अवस्था

अहिले विवाह संस्कारमा परिवर्तन भएको छ । पहिलेको जस्तो बुवा आमाको निर्णय हिड्नु पर्दैन । केटा केटीले चित्त बुझेपछि मात्र विवाह हुन्छ । यता कानूनले वाल विवाह गर्न रोक लगाएको छ । अहिले २० वर्ष पुगे पछि मात्र विवाह गर्न पाइन्छ अन्यथा कानूनको कारबाहीमा परिन्छ ।

## १६. अन्त्येष्टि संस्कार

### पहिलेको अवस्था

मानिसको मृत्यु भएपछि मानिसलाई नदीको घाटमा लगि चिता बनाइ दाहसंस्कार गर्ने र छोरा बुहारीले १३ दिनसम्म क्रिया कर्म गर्ने चलन थियो ।

### अहिलेको अवस्था

अहिलेको संस्कारमा परिवर्तन आई पहिलेभन्दा अलि सहज तरिकाले अन्त्येष्टि गर्ने र पहिले जस्तै १३ दिन नै काजक्रिया गर्ने संस्कार रहेको छ ।

### ४.४.५. पाँचौ उत्तरदाता

चिन्तामणि पौडेलका अनुसार ब्राह्मण संस्कारलाई यसरी व्याख्या गरिएको छ :



नमस्कार ! म चिन्तामणि पौडेल हुँ । म विरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनमा बस्छु । म ६३ वर्षको भएँ । मैले एस.एल.सी. तहसम्म अध्ययन गरेको छु । मैले २५ वर्ष देखि ब्राह्मण कर्म गर्दै आइरहेको छु । मैले जाने बुझेका स्रोह संस्कारहरूको बारेमा निम्नानुसार उत्तर दिएको छु ।

### १. गर्भाधान संस्कार

#### पहिलेको अवस्था

गर्भाधान संस्कार १६ संस्कार मध्येको पहिलो संस्कारको रूपमा लिइन्छ । सनातन धर्मअनुसार संस्कारमा यसलाई मानव जीवनको पहिलो संस्कार मानिएको छ । यस संस्कारले मानव जीवनको सुरुवाती संस्कार भएकोले यो संस्कार विधिअनुसार भएमा शिशु स्वच्छ, निरोगी, बलवान, बुद्धिवान, राम्रो संस्कारयुक्त जन्मिने भएकाले यसलाई विशेष ध्यान दिइन्थ्यो । यसको लागि क्षेत्र शुद्धी, आहार विहार शुद्धी, शारीरिक स्थिति राम्रो, मानसिक अवस्था राम्रो हुन आवश्यक पर्दछ । यसमा खानपानको कारणले पनि बच्चाको जन्ममा ठूलो प्रभाव पार्दछ ।

#### अहिलेको अवस्था

अहिले यो धार्मिक संस्कार अनुसार गर्भाधान संस्कार गरेको पाइँदैन । विवाहित जोडीले गर्भाधान संस्कारको ख्याल नगरी गर्भाधान संस्कार गरेको पाइन्छ ।

### २. पुंसवन संस्कार

#### पहिलेको अवस्था

गर्भमा भएको भ्रुणलाई पुरुषत्व प्रदान गर्ने संस्कार पुंसवन संस्कार हो । गर्भको बच्चा छोरा वा छोरीको लागि यो संस्कारले विशेष महत्व राखेको हुन्छ ।  यो संस्कारले पेटमा भएको बच्चा स्वस्थ, ज्ञानी, गुणी, पुष्ट होस् भनी गर्भाधान भएको तीन महिनामा शुभ नक्षत्र पारेर बच्चा पेटमा चल्नु भन्दा पहिला गर्नु पर्दछ । यो विधिविधान अनुसार गरिने संस्कारको रूपमा लिइन्थ्यो ।

**अहिलेको अवस्था**

आजभोलि यो संस्कार गरेको पाईंदैन । केवल पुत्र चाहनेहरूले लिङ्ग पहिचानको लागि अस्पतालमा गएर गर्भको भिडियो एक्सरे गर्ने गरेको पाइन्छ ।

**३. सीमान्तोनयन संस्कार**

**पहिलेको अवस्था**

सीमन्तोन्नयनको शाब्दिक अर्थ गर्भिनीको केशलाई उन्नयन अथवा माथितिर फर्काउनु भन्ने हो । यसको पहिलो उद्देश्य गर्भिणीको अमङ्गल नहोस् भन्ने हो । यो विधि गर्दा गर्भमा भएको शिशुको र आमा दुवै सुस्वास्थ्य तथा दीर्घायुको कल्पना गरिन्छ । गर्भस्थ शिशुका इच्छा गर्भिणीका इच्छा र चाहना बनेर व्यक्त हुन्छन् । शिशु गर्भमा रहेको बेला आमामा परेको प्रभावले शिशुमा पनि प्रभाव पर्दछ । यस्तो अवस्थामा सबै परिवार, समाजले गर्भिणी महिलालाई खुसी र सुखी वातावरणको सिर्जना गर्नु पर्दछ ।

**अहिलेको अवस्था**

हाल आएर विधि विधान अनुसार धार्मिक कार्य नगरे पनि गर्भस्थ शिशु र आमाको ख्याल प्रसस्त गरेको पाइन्छ । हाल सहज प्रविधिका कारणले पनि आमा र शिशु दुबैको निगरानी गर्न सहज भएको छ ।

**४. जातकर्म संस्कार**

**पहिलेको अवस्था**

जातकर्म संस्कार शिशु जन्मिनु पूर्व आमालाई व्यथा लागेदेखि नै शुरु हुन्छ । शिशु जन्मने समयको वरिपरि गरिने शास्त्रीय संस्कारलाई जातकर्म संस्कार भनिन्छ । यो कर्म गर्दा आमालाई बच्चा जन्माउने आरामदायी कोठामा लगेर राखिन्छ । त्यसपछि नालकाटी बच्चालाई स्तनपान गराउनु पर्छ । त्यस रात सुत्केरीको कोठामा अखण्ड दीप बालिन्छ । शिशुका मावलीलाई र आफन्तजन सबैलाई बोलाई भजन किर्तन गरिन्छ ।

**अहिलेको अवस्था**

हाल यो संस्कार प्रायः गरिने गरेको पाइदैन । अहिले गर्भवतीलाई अस्पताल लगी डाक्टरको सल्लाहसुझाव अनुसार काम गरिन्छ । शिशुलाई स्नान पनि २४ घण्टा पछि गरिन्छ ।

### ५. नामाकरण संस्कार

**पहिलेको अवस्था**

नामाकरण पाचौँ संस्कार हो । नयाँ जन्मिएको शिशुलाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । यसलाई न्वारन वा नुवारन भनिन्छ । यो चलन वैदिक वा पूर्ववैदिक युग देखि नै चलिआएको हो । शिशु जन्मेको एघारौ दिनमा विधिपूर्वक ब्राह्मण बोलाएर यज्ञ गरेर, शुद्ध बनेर शास्त्रमा जे भेनेको छ त्यहि अनुरूप कर्मकाण्ड गरेर नामाकरण गरिन्थ्यो ।

**अहिलेको अवस्था**

यो संस्कार सामान्यतया शिशु जन्मिएको एघारौ दिनमा गरिन्छ तर कहीँ जातकर्मसँगै नाम सुनाउने चलन भेटिन्छ । त्यस्तै अहिले कुनै दिन बार नहेरी, विधि नपुऱ्याएर अंग्रेजी नाम समेत पनि राख्ने गरिन्छ ।

### ६. निष्क्रमण संस्कार

**पहिलेको अवस्था**

निष्क्रमण, नयाँ शिशुलाई घरबाट बाहिर निकाल्ने एउटा संस्कार हो । यो संस्कार शिशु जन्मेको चौथो महिनामा तीन वटा पूर्णिमा पार गरेपछि गरिन्थ्यो । जन्मिएको तेस्रो वा चौथो महिनमा चन्द्रमा र तारा अनुकुल भएको दिनमा बालकलाई नुहाइ सिगार पटार गराई पिताले बालकलाई घरभित्रबाट बाहिर ल्याएर सूर्य दर्शन गराई मनाइन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले यो परम्परा हटिसकेको छ । आज भोलि निष्क्रमण संस्कारको त्यति वास्ता गरिदैन ।

### ७. अन्नप्राशन संस्कार

**पहिलेको अवस्था**

अन्नप्राशन संस्कार एक महत्वपूर्ण संस्कार हो । यसमा शिशु जन्मेपछि पहिलो पटक अन्न खुवाउने कर्म गरिन्छ । छोरी जन्मेको पाँच महिनामा र छोरा जन्मेको छ महिनामा विधि पूर्वक अन्नप्राशन गरिन्थ्यो । यसमा शिशुलाई कर्मकाण्ड गरेर समय, गते, वार हेरेर विभिन्न प्रकारका खाने कुराहरू अन्न फलफूल गेडागुडी राखेर आफन्तजन, छिमेकीहरू बोलाएर खुसीयालीका साथ विधिपूर्वक शिशुलाई आशिर्वाद दिएर अन्नप्राशन गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अन्नप्राशन संस्कार पहिलेको जस्तै गरिन्छ । जसमा बच्चा जन्मेको ५/६ महिनामा अन्नप्राशन गराइन्छ । यसबेला सबै आफन्त, छरछिमेकलाई बोलाएर धुमधामका साथ मनाइने प्रचलन बढेको छ ।

**८. चूडाकर्म संस्कार**

**पहिलेको अवस्था**

चुडाकर्म संस्कारमा कुल परम्परा अनुसार गरिन्थ्यो । विधिपूर्वक चुडाकरण संस्कार गर्नाले अपात्रिकरण दोषहरू हट्ने, बालकको आयू, तेज बाल तथा बुद्धि बढ्ने विश्वासका साथ यो संस्कार गरिन्थ्यो । चुडाकर्म केश मुण्डल गर्ने संस्कार बालक ४/५ वर्ष पुगेपछि मामाले विधि पुऱ्याएर चुडाकर्म गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले चुडाकर्म गर्ने संस्कार यथावत नै छ । तर यसमा केही फरकपन भने अवश्य आएको छ । यस संस्कारमा अहिले मामाले नगरी पसलमा गएर पनि गर्ने गरिन्छ ।

**९. कर्णवेध संस्कार**

**पहिलेको अवस्था**

कर्णवेध संस्कार भनेको कान छेड्ने संस्कार हो । यस संस्कारमा जन्मिएको छ वा सात महिनामा दाँत निस्कनु भन्दा पहिले छोरा वा छोरीको कान छेडिदिने परम्परा रहेको थियो । कर्णवेध संस्कारको महत्व आभूषण लगाउनका लागि तथा रोग आदिबाट रक्षा गर्नका लागि हो । यसको लागि छुट्टै किसिमको विधि रहेको थियो ।

**अहिलेको अवस्था**

कर्णवेध संस्कारमा अहिले विधिभन्दा पनि श्रीपञ्चमीको दिन पारेर कान छेड्ने गरिन्छ ।

**१०. विद्यारम्भ संस्कार**

**पहिलेको अवस्था**

बालबालिकालाई पढ्न, लेख्न सिकाउने, बाहिरी बातावरण चिनाउने संस्कार विद्यारम्भ हो । विद्यारम्भको लागि सूर्य उत्तरायण भएको बेला वा मंसिर देखि जेठ सम्मको समय उपयुक्त मानिन्छ । शिशुको मस्तिष्क अक्षर चिन्न सक्ने भएपछि चूडाकर्म पश्चात् शास्त्रीय विधि अनुसार अक्षरारम्भ गराउने चलन थियो ।

**अहिलेको अवस्था**

अहिले विद्यारम्भ गराउने संस्कारमा फरकपन आएको पाइन्छ । पहिला गुरुकुलमा गएर शिक्षा ग्रहण गरिन्थ्यो भने अहिले विद्यालयबाट शिक्षा आरम्भ गरिएको पाइन्छ । त्यसैगरी सरस्वती पूजाको दिनमा विद्यारम्भ गराउने प्रचलन पनि बढेको पाइन्छ ।

### ११. उपनयन संस्कार

**पहिलेको अवस्था**

उपनयन संस्कार अर्थात गुरुको साथमा गएर शिक्षाको आरम्भ गर्ने संस्कार हो । यस संस्कारमा बालकलाई असल जीवन व्यतित गर्नका साथै भविष्यमा कर्मकाण्ड गर्न सहज हुने गरी गुरुकहाँ गएर शिक्षा लिनुपर्ने थियो । यही अनुसार उपनयन संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले यो उपनयन संस्कार गुरुको साथमा गएर शिक्षा आरम्भ गर्ने चलन हराएको छ । अहिले विद्यालयमा गएर औपचारिक शिक्षा लिने गरिन्छ ।

### १२. वेदारम्भ संस्कार

**पहिलेको अवस्था**

उपनयन संस्कारपछि गरिने संस्कारलाई वेदारम्भ संस्कार भनिन्छ । यो संस्कार गुरुद्वारा शिष्यलाई वेद अध्ययनको प्रारम्भ गराउने संस्कार हो । पाँच वर्ष वा आठ वर्षको उमेरदेखि उपनयन गरेर वेदारम्भ गरेको बाह्र वर्षसम्म गुरुकुलमा वस्नुपर्ने शास्त्रमा लेखिएको छ । यसको लागि शुद्ध मनले मौखिक रूपमा गुरुद्वारा वेद अध्ययन गराइन्थ्यो ।

**अहिलेको अवस्था**

हाम्रो समाजमा भने व्रतबन्ध संस्कारमा गायत्री मन्त्र सुनाउने गुरुबाट कुमारलाई नाम मात्रको वेदारम्भ गराउने प्रचलनको परम्परा रहकै पाइन्छ ।

### १३. केशान्त संस्कार

**पहिलेको अवस्था**

केशान्त संस्कार कुमार ब्राह्मण भए सोह्र वर्षमा गर्नुपर्छ भन्ने मनुस्मृतिमा लेखिएको पाइन्छ । यसमा वेदाध्ययनका निमित्त गुरुकुलमा बस्दा धारण गरेका केश वेदाध्ययन गरिसकेपछि गुरुको आज्ञा अनुसार काट्नुपर्ने र गुरुलाई गुरु दक्षिणा दिनुपर्ने विधि रहेको छ । यही नियम पालना गरिन्थ्यो ।

**अहिलेको अवस्था**

वर्तमान समयमा भने गुरुकुलमा बसेर वेदव्रत वा वेदाध्ययन गर्ने परम्परा नभएकाले केशान्त वा गोदान संस्कार गर्ने चलन हराएको छ ।

**१४. समावर्तन संस्कार**

**पहिलेको अवस्था**

समावर्तन संस्कारलाई स्नान संस्कार पनि भनिन्छ । शास्त्रअनुसार जसरी एउटा यज्ञ सम्पादन गर्दा यज्ञको अन्त्यमा कर्ताले स्नान गर्न अनिवार्य हुन्छ, त्यसैगरी ब्रह्मचर्यरूपी यज्ञको अन्त्यमा पनि स्नान अनिवार्य हुन्छ । ब्रह्मचर्य आश्रमको अन्त्यमा सम्पादन गरिने समावर्तन संस्कारको महत्त्व के कुरामा छ भने यो संस्कारपछि यसको कर्ता उत्तरदायी र व्यवस्थित सांसारिक जीवनरूपी गृहस्थाश्रममा प्रवेश गर्न योग्य भएको मानिन्छ । प्राचीन समयको समावर्तन संस्कार वास्तवमा आज भोलीको दीक्षान्त सरह नै थियो । यो संस्कार पूर्ण योग्य शिष्य बनिसकेपछि गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले यो संस्कारको स्वरूपमा धेरै परिवर्तन आयो । यो संस्कार अहिलेका पिढिले झन्झटको रूपमा लिएको पाइन्छ ।

१५. विवाह संस्कार

**पहिलेको अवस्था**

हिन्दूहरूमा विवाह एक महत्वपूर्ण संस्कारको रूपमा रहेको छ । विवाह सबै संस्कार र जीवन चक्रमा केन्द्रबिन्दुको रूपमा लिइन्छ । यहि संस्कारबाट मानिसले वास्तविक र अर्थपूर्ण जीवन सुरु हुने गर्दछ । हिन्दू परम्परामा विवाह दुई व्यक्तिको सम्बन्ध मात्र नभई यो विशुद्ध धार्मिक अनुष्ठानको आयोजनाबाट गरिने दुई व्यक्ति, दुई परिवार, गोत्र वा कुटुम्भ बिच चिरस्थायी सम्बन्धको स्थापना गरिने संस्कार हो । वैदिक कालमा विवाह सामान्यविधिबाट सम्पन्न गरिन्थ्यो । अनेक देवदेवताको प्रार्थना र अर्चना गरी वरवधुको सफल दाम्पत्य जीवनको कामना गरिन्थ्यो ।

**अहिलेको अवस्था**

सामान्यतया विवाह संस्कार सबैले पुरा गर्ने गरेको देखिन्छ । विवाह संस्कार हुनेले बढी तडकभडक गर्ने र नहुनेले पनि अरुलाई देखाउन लाई पनि बढी तामझामका साथ पुरा गर्ने गरेको पाइन्छ । विवाह संस्कारको विविलाई अनुसरण खासै गरेको पाइदैन ।

### १६. अन्त्येष्टि संस्कार

#### पहिलेको अवस्था

मानिसको भौतिक जीवन मृत्युभएपछि टुङ्गिन्छ । मानिसको मृत्यु भएपछि मानिसलाई नदीको घाटमा लगि चिता बनाइ दाहसंस्कार गर्ने र छोरा बुहारीले १३ दिनसम्म क्रिया कर्म गर्ने चलन थियो ।

#### अहिलेको अवस्था

अन्त्येष्टि संस्कार पहिलेको जस्तै भए पनि समय छोट्याउने कुरा आएको छ । यो अहिलेको व्यस्त जीवनको लागि सहज भए पनि विधिलाई छोट्याउँदा नयाँ पुस्तामा अन्त्येष्टि संस्कारको सम्पूर्ण जानकारी नहुने देखिन्छ ।

### ४.४.६. छैटौं उत्तरदाता

थम प्रसाद पौडेलका अनुसार ब्राह्मण संस्कारको व्याख्या निम्नानुसार गरिएको छ ।



नमस्कार ! म थमप्रसाद गौतम हुँ । मेरो उमेर ५२ वर्ष भएको छ । म आधारभूत तह उत्तिर्ण गरेको छु । म विरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनमा बस्छु । मैले विगत ३५ वर्ष देखि ब्राह्मण कर्म गर्दै आइरहेको छु । मैले आफुले यो कर्म हिन्दू धार्मिक ग्रन्थ अनुसार गराउदै आइरहेको छु । मैले जाने बुझेका, पढेका, प्रयोगमा ल्याएका स्रोह संस्कारहरूको बारेमा निम्नानुसार जवाफ दिएको छु ।

### १. गर्भाधान संस्कार

#### पहिलेको अवस्था

ब्राह्मणहरू प्रायः हिन्दु सनातन धर्म मान्ने बहुसंख्यक छन् । वैदिक शास्त्र अनुसार हिन्दू संस्कारहरूमा पहिलो संस्कारको रूपमा गर्भाधान संस्कारलाई लिइएको छ । मानसिक र शारीरिक दृष्टिबाट गर्भधारण गर्न र वीर्यदान गर्न योग्य स्त्री-पुरषको समागमबाट गर्भाधान संस्कार गरिनु राम्रो मानिन्छ । यो संस्कार विवाहित जोडिमा गरिनु नैतिक दृष्टिले उचित मानिन्छ । यसको लागि उपयुक्त वातावरणमा दिन, बार, समय, पहर हेरी स्वस्थ र सफा मनले समागम हुने गरी गर्भाधान संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको अवस्थामा गर्भाधान संस्कार गरे पनि ब्राह्मण संस्कारको पूर्ण रूपमा पालना गरिएको पाइदैन । यो संस्कार छोराको चाहना हुनेले कहि कतै पालना गरेको पाइदैन ।

२. **पुसंवन संस्कार**

**पहिलेको अवस्था**

गर्भमा रहेको भ्रूण लाई पूरुषत्व प्रदान गर्न पुंसवन संस्कार गरिन्छ । पुंसवन संस्कारले तेति बेला संस्कारको रूप प्राप्त गऱ्यो जति बेला समाजमा आपसी द्वन्द्व र अन्य कतिपय कारणले पुरुष जातिको संख्या निकै घट्यो । स्त्रीपुरुषको सामाजिक सन्तुलन मिलाउनका लागि यो संस्कारले महत्व बोकेको पाइन्छ । यो संस्कार गर्भ बसिसकेपछि ३ वा ४ महिनामा गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले पुंसवन संस्कारमा खासै ध्यान दिएको पाइदैन । यसको सट्टा गर्भ बसेको ४ महिनापछि वैज्ञानिक रूपमा भ्रुणको लिङ्ग पत्ता लगाउने काम गरिन्छ ।

३. **सिमान्तोन्नयन संस्कार**

सिमान्तोन्नयन संस्कार १६ संस्कारमध्येको तेस्रो संस्कार हो । यस संस्कारमा गर्भवती महिला र गर्भमा रहेको शिशुलाई कुनै किसिमको चोट नपुगोस भन्ने उद्देश्यले आमालाई प्रसन्न राख्न गरिन्छ । यो संस्कारको उद्देश्य गर्भवती र गर्भस्थ शिशुलाई कुनै प्रकारको शारिरीक तथा मानसिक आधात नपुगोस र शिशुलाई दीर्घायु प्राप्त होस्, गर्भिणीलाई सन्तुष्ट पार्नु, प्रसन्न राख्नु र उनी प्रति पति तथा परिवारको माया दर्शाउने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको अवस्थामा गर्भिणि र गर्भमा रहेको शिशुलाई स्वस्थ राख्न यो संस्कार गरिए पनि यो संस्कार सामाजिक सञ्जालमा भुलेर गरिन्छ । वैदिक विधिको ख्याल गरिदैन ।

४. **जातकर्म संस्कार**

**पहिलेको अवस्था**

बालकको जन्म भएपछि गर्नुपर्ने जातकर्म चौथो संस्कार हो । गर्भावस्थामा आमाको आहारको रस पिएका हुनाले जातकर्म संस्कार गर्नाले गर्भको खानपिन सम्बन्धी सबै दोषहरू नाश हुन्छन् भनी शास्त्रमा लेखिएको पाइन्छ । यसको लागि आमाको कोखमा शिशु

जन्मनेवाला छ त्यो घरमा आमाको कोठामा भगवान्का तस्वीरहरू राख्ने, बच्चाहरूको राम्रो तस्वीर राख्ने, भगवान्को स्तुति गर्न लगाइन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले शिशु जन्मिने समयमा केही परिवर्तन आएको पाइन्छ । यस संस्कारमा पहिलाको जस्तो भगवान, सुन्दर बच्चाहरूको फोटो राखिन्छ । त्यसको साथै बेबी सावर समेत मनाउने प्रचलन बढेको छ ।

**५. नामाकरण संस्कार**

**पहिलेको अवस्था**

पण्डितद्वारा साल, मैना, गते, बार, समय घरी पलाबाट नक्षेत्र हेरी छुटाई पण्डीतद्वारा नाम जुराई पुत्र भए देवता, भगवानको नामसँग जोडिने अक्षर र पुत्री भए देवी देवीको नामसँग जोडिएको अक्षरबाट नामकरण गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले यो संस्कार छोड्दै गएजस्तो छ किनकी नामकरण गर्दा नक्षेत्रबाट हेरेर नजुटाई आँफूलाई मन लागेको आफ्नो धर्म संस्कारभन्दा फरक नाम राख्ने गर्छन् ।

**६. निष्क्रमण संस्कार**

**पहिलेको अवस्था**

चौथो महिनापछि शिशुलाई घरबाट पैलो चोटी निफान्दा राम्रो दिन छोएर साइत जुराएर गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले हस्पीटलमा जन्मेको बच्चा हुन्छ । घर परिवारभित्र साइत गरिन्छ किनकी जन्मिदा देखि नै शिशु घरबाहिर हुन्छ । त्यसकारण साइत जुराइदैन ।

**७. अन्नप्राशन संस्कार**

**पहिलेको अवस्था**

जन्मेको दिन गनेर शिशु ६ महिना पुगेपछि राम्रो महिना, गते, बार पारेर ब्राह्मणद्वारा दिन केही साइत हेरी अन्न प्रासन भात खुवाई गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिले ६ महिना पछि जुनसुकै महिना भए पनि २० औं परिकार जम्मा गरी भात खुवाई गर्ने चलन भएको छ ।

## ८. चूडाकर्म संस्कार

### पहिलेको अवस्था

बच्चालाई अन्न प्रासन गरेपछि ५ महिनापछि २ गते, १० गते र मैनाको अन्तिम दिन छोडेर राम्रो महिना, गते, बार पारेर चुडाकर्म गरिन्थो ।

### अहिलेको अवस्था

अहिले चुडाकर्म संस्कारमा परिवर्तन खासै आएको पाइदैन । अहिले पनि बच्चालाई ५ महिनापछि नै समय अनुकूल पारेर मामा भए मामाबाट र मामा नभए अरुबाट चूडाकर्म गरिन्छ ।

## ९. कर्णवेध संस्कार

### पहिलेको अवस्था

कर्णवेध संस्कार गर्दा दिन, वार, तिथी आदि हेरी गर्नुपर्छ । कर्णवेधको निमित्त श्री पञ्चमीको दिनलाई राम्रो मानिन्थ्यो र सोही अनुसार कर्णवेध संस्कार गरिने परम्परा रहेको थियो ।

### अहिलेको अवस्था

हाल सबै जातिले विधिशास्त्र विना श्री पञ्चमीको दिनमा सुनार कहाँ गएर सुनले छेड्ने गरेको पाइन्छ ।

## १०. विद्यारम्भ संस्कार

### पहिलेको अवस्था

विद्यारम्भ गर्दा वैदिक कर्म अनुसार वेदी मण्डप बनाउनु पूर्वमा एक मण्डप तयार गरी श्री गणेश सरस्वती, अन्य देवी देवताहरूको स्थापना गरी क्रमशः सबैको पूजन गरी थुप्रै बत्ती बाली सरस्वती पूजा विधिवत गरी शुक्रको पूजा गर्ने वेद पुराण आदि पुस्तकको पूजा गर्ने र पुस्तक हातमा राखी शिक्षार्थीलाई ॐ भन्न लगाई सरस्वतीको बन्दनासँगै विद्यारम्भ गर्न लगाउने परम्परा थियो ।

### अहिलेको अवस्था

अहिले ३, ४, ५ वर्षको उमेरमा विद्यालयबाट सुरुवात गरिन्छ । यद्यपि यो कार्य सरस्वती पूजाको दिनबाट सुरु गर्ने परम्परा पनि रहेको छ ।

११. उपनयन संस्कार

**पहिलेको अवस्था**

चुडाक्रम गर्दा विधिले बताए अनुसार जन्म महिना छाडी दिन वार, बेला चन्द्रमा चुटाइ गर्नुपर्छ । कर्मको १,२ दिन अगाडी पुर्वाङ्ग विधि गर्नुपर्छ । कर्मको दिनमा यज्ञ मण्डपमा अस्ट कलश सहित स्थापना गरी कर्म गर्ने सुनको छुरा कासाको थाली तयार गरी पूजा विधि गर्ने, मामाले केश काट्ने, बहिनीले केश टिप्ने गर्नुपर्छ । यसलाई नजिकको नदीमा विसर्जन गरिनु पर्दथ्यो ।

**अहिलेको अवस्था**

अहिले मन्दिरमा गएर कर्म गर्ने चलन बढेको छ ।

१२. वेदारम्भ संस्कार

**पहिलेको अवस्था**

वेदारम्भ गर्दा ब्रह्म चर्यमा रही गुरुको आदेश अनुसार सरस्वती देवी सहित अन्य देवताको पूजा गरी वेदको पुस्तकको पूजा ढोक गरी गुरुको पूजा गरी वेदारम्भ गर्नुपर्छ । वेदको पहिलो मन्त्रबाट सुरु गर्दा ॐ श्री गशण म नम् भन्दै वेदारम्भ गर्ने ब्राह्मणले वेद मन्त्र अनिवार्य सुन्नै पर्छ विना मन्त्रको फल मिल्दैन । यो संस्कार वेदअनुसार नै पूरा गर्ने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

वेदारम्भ गर्ने ब्राह्मणहरूले गुरुकुलमा गएर उक्त कुरा पालना गरेको पाइन्छ ।

१३. केशान्त संस्कार

**पहिलेको अवस्था**

केशान्त संस्कार वा वैदिक धर्मअनुसार नै गरिन्छ । घर गृहस्थी छाडी योगी कै रूपमा बस्ने भए त्यही विधि अनुसार र गुरु विधा सिकेर घर फर्किने भए त्यही अनुसार संस्कार गरिन्थ्यो ।

**अहिलेको अवस्था**

अहिलेको अवस्थामा केशान्त संस्कार समय अनुकूल परिवर्तन भई सोही अनुसार पालना गर्न लगाइन्छ ।

### १४. समावर्तन संस्कार

**पहिलेको अवस्था**

समावर्तन संस्कार विद्यार्थी जीवनका अन्त्यमा घर फर्किदा गरिने संस्कार हो । विद्यार्थी जीवन समाप्त भई जिम्मेवारी व्यक्तिको रूपमा स्थापित गराउन यो संस्कार गरिन्थ्यो । यो संस्कारपश्चात व्यक्ति पूर्ण रूपमा योग्य भएको मानिन्थ्यो ।

**अहिलेको अवस्था**

समावर्तन संस्कार वर्तमान समयमा संकुचित रूपमा लिई व्रतबन्धको एउटा पाटोको रूपमा लिई सम्पन्न गरेर संस्कार जोगाउने काम गरेको पाइन्छ ।

### १५. विवाह संस्कार

**पहिलेको अवस्था**

दुई अलग अलग पारिवारिक पृष्ठभूमि, गोत्रका नर र नारी सँगसँगै जीवन बिताउनका लागि पूरा गरिने कानूनी वा धार्मिक प्रक्रिया लाई विवाह भनिन्छ । सामाजिक रूपमा जीवनलाई सरल बनाउन र मानव जीवनलाई अस्तित्वमा राखिरहन यसको निकै महत्व रहेको छ । विवाह विशेष अवसरमा गरिन्थ्यो । यसको लागि गोत्र, चिना भिडाउने कार्य गरिन्थ्यो । त्यसको साथै वधु वरले नछानी अरुले नै लमी मार्फत माग्न जाने गरिन्थ्यो ।

**अहिलेको अवस्था**

वर्तमान समयमा विवाह दुई आत्माको पवित्र मिलनको रूपमा लिइन्छ । त्यसैले मागी भन्दा पनि प्रेम विवाहलाई महत्व दिएको पाइन्छ । यसमा कुनै चिना हेर्न पर्दैन मात्र मन मिल्नु ठुलो कुरा मानिन्छ । त्यसैले विवाहका सम्पूर्ण विधिलाई हेरिदैन ।

### १६. अन्त्यष्टि संस्कार

**पहिलेको अवस्था**

जीवन को अन्त्य मृत्यु हो । त्यसैले मृत्यु कालमा र मृत्यु पछि गरिने संस्कार सम्बन्धी कर्म लाई अन्त्यकर्म संस्कार भनिन्छ । अन्त्यष्टि संस्कार हाम्रो परम्परा वैदिक विधान अनुसार चलेको हुनाले अन्त्यष्ठि कर्मको विधान अनुसार नै गर्ने गरिन्थ्यो । यो यस जीवनको अन्तिम संस्कार हो । एस संस्कारको सिलसिला मृत्युशैया बाट शुरू हुन्छ । प्रथमतः शरीर छुट्न लागेका व्यक्ति लाई उसको मृत्युदाह शान्त पार्न र बिदाई यात्रा कष्टरहित बनाउनका लागि मधुपर्क खुवाउने चलन थियो ।

**अहिलेको अवस्था**

अन्त्येष्टि संस्कारमा वैदिक विधान अनुसार नै गर्ने गरिन्छ । अत्येष्टि संस्कार गर्दा मृत आत्माको शान्तिका लागि गरिन्छ ।

मानव जीवनमा संस्कार स्वस्थ, ज्ञानी, होनहार शिशुको परिकल्पनाको लागि गरिने संस्कारदेखि मृत्युवरणसम्म गरिने विभिन्न संस्कारहरू पार गर्नुपर्ने हुन्छ । यी सबै संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउँदै जीवनको उच्चतामा पुग्न मद्दत गर्छ । वर्तमान सभ्यताको विकाससँगै हामीकहाँ केही नयाँ संस्कार पनि थपिएको पाइन्छ । मानिसले जन्म दिवस र विवाह दिवसको संस्कार मनाउन थालेका छन् । त्यसैगरी बच्चा गर्भमा रहला बेवी सावर, विवाह हुँदा मेहदी लगाउने संस्कार भित्रिएसँगै विदेशी संस्कार मान्न थालेको थुप्रै उदाहरणहरू हाम्रो समुदायमा जडा गाडिसकेको देख्न र सुन्न पाइन्छ ।

वर्तमान समयमा ब्राह्मण जातिहरूले मनाइने संस्कारहरूमा परिवर्तन आएको पाइन्छ । जीवनको सुरुवातको संस्कार गर्भाधान संस्कार वर्तमान समयमा प्रतिभावान, स्वस्थ, बुद्धिमान भन्दा पनि छोरा छोरीको लागि गर्ने गरिन्छ । त्यसैगरी समय, स्थान, आर्थिक अभावका कारण अन्य संस्कारहरू छोट्याएर गर्ने गरेको पाइन्छ । सबै मानिसहरू आफ्नो घरमा नबस्ने जागिर, कामको शिलशिलामा बाहिर बस्नुपर्ने, अस्पतालमा सुत्केरी गराउने भएकाले पनि यसमा परिवर्तन आएको पाइन्छ । वर्णवेध र अक्षराम्भ संस्कार सरस्वती पूजाको दिनमा सीमित हुन पुगेको पाइन्छ । त्यस्तै विवाह संस्कार कही कही छोट्याएको छ भने कही कही त्यसलाई अनावश्यक रूपमा वाहिर संस्कृतिको प्रभावका कारण बढाइएको पाइन्छ । वर्तमान अवस्था कोभिडका कारणले गर्दा अत्येष्टि संस्कारलाई छोट्याएर गरेको पनि पाइन्छ । यसले वैदिक शास्त्रमा उल्लेख गरेअनुसार ब्राह्मण संस्कारमा फरकपना आएको पाइन्छ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१. सारांश

नेपाल भौगोलिक आधारमा सानो भएता पनि विविध प्रकारका जातीय संस्कृति र संस्कारले सुसज्जित देश हो । धरातलको आधारमा नेपाललाई हिमाल, पहाड र तराई प्रदेशमा विभाजन गरिएको छ भने प्रदेशको आधारमा सात प्रदेशमा विभाजन गरिएको छ । नेपाल विविध जातजाति, जनजाति र विभिन्न भाषाभाषी, धर्म, संस्कृति र सम्प्रदाय विद्यमान रहेको बहुजाति, बहुभाषी, बहुसंस्कृतिले निर्मित मुलुक हो । हिमालदेखि तराईसम्म र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जम्मा १२५ जातिहरू र १२३ मातृभाषा बोल्ने मानिसहरू बसोबास गर्दै आएका छन् । जसमध्ये ब्राह्मण एक बहुसंख्यक जातिको रूपमा नेपालमा बसोबास गर्दै आएको छ । ब्राह्मण जातिका मानिसमध्ये अधिकांशले हिन्दु धर्म मान्ने र सोही अनुसारका संस्कार अपनाउने गरेको पाइन्छ ।

ब्राह्मण हिन्दूको छुट्टै संस्कार, संस्कृति, परम्परा, इतिहास, भाषा हुनु भनेको एउटा नेपाली जात र सम्प्रदायको मात्र सम्पत्ति नभई समस्त नेपाली र हिन्दू धर्मकै सम्पत्ति र पहिचान हो । संस्कृतिले सिङ्गो मुलुकको पहिचान गर्दछ । संस्कृति भनेको सम्पूर्ण प्राणी जगत्को कल्याण गर्ने कार्य हो । त्यस्ता कार्य गर्न सहयोग गर्ने साधनहरू, आचारविचार, चालचलन, विश्वास, नीतिनियम, अनुशासन, परम्परा, खानपान, रहनसहन, बोलीचाली आदिको समष्टि रूप नै संस्कृति हो । ब्राह्मणहरूको आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुशरण गर्न जुन पद्धति अथवा संस्थागत व्यवस्थाहरू अवलम्बन गरेका छन् त्यो संस्कार हो । सबैभन्दा बढी ब्राह्मणहरूको जीवन संस्कारहरूद्वारा घेरिएको पाइन्छ । शिशु जन्मनु भन्दा अगाडि अर्थात गर्भधान गरेदेखि नै अनेक संस्कारहरूको अनुशरण गर्दै मृत्युपर्यन्त गरिने अन्त्येष्टि संस्कारमा गएर टुङ्गिन्छ । संस्कार विना व्यक्तिको जीवन कदापि पूर्ण हुँदैन । संस्कारका मुख्य उद्देश्य शुद्धी र जीवनलाई बाधा मुक्त पार्नु हो । संस्कारले मानिसलाई नैतिक रूपमा बन्धनमा राखी सामाजिक नियममा बाँधिएको हुन्छ । मानव जीवनमा मनाइने प्रत्येक संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउँदै जीवनको अझ उच्चता पुग्न प्रेरित गर्छ ।

नेपालमा बहुभाषिक, बहुधार्मिक, बहुजातिका मानिसहरूको बसोबास रहेको छ । सबैका आ-आफ्नै किसिमको जीवनपद्धति रहेको छ । जीवन पद्धति अनुसार नै संस्कार प्रत्येक जातिका संस्कारमा फरकपना रहेको पाइन्छ । नेपालभरी बसोबास गर्ने दोस्रो ठूलो जनसङ्ख्याको रूपमा रहेको ब्राह्मण समुदाय एक माथिल्लो स्तरको समुदाय हो । राष्ट्रिय जनगणना २०६८ काअनुसार नेपालमा १२.२ प्रतिशत ब्राह्मण जातिको बसोबास रहेको छ । अन्य जातिको संस्कार जस्तै ब्राह्मण जातिको संस्कारले पनि विशेष महत्व बोकेको पाइन्छ । अन्य समुदायको संस्कारमा प्रभाव परेजस्तै ब्राह्मण संस्कारमा पनि विदेशी संस्कारको प्रभाव पर्दै गइरहेको छ । त्यसैगरी ब्राह्मण समुदायले वर्षौंदेखि मान्दै आइरहेका संस्कारहरू विभिन्न जातजाति र विदेशी संस्कारको प्रभावले परिवर्तन भइरहेको कुरा प्रत्यक्ष रूपमा देखिरहेका छन् ।

ब्राह्मण हिन्दू समाजको एक जाति हो । ब्राह्मणलाई विद्वान, सभ्य तथा शिष्ट मानिन्छ । ब्राह्मणलाई बाहुन पनि भनिन्छ । आर्यमूल अन्तर्गत पर्ने पूजा-आजा, समाज सेवा र शिक्षा आर्जनमा रुची राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा “बाहुन” भनिन्छ । नेपाल भाषामा जुजु-बाजे (राजा बाजे) वा द्यः ब्राह्मण (देव ब्राह्मण) भनिन्छ । नेपाली बाहुनहरू खसजाति (भारतको कस्मीरदेखि भूटानसम्मको हिमालयको दक्षिणी पाखोमा बस्ने जातिका हाँगा हुन् । यो जाति नेपाल लगायत तत्कालीन विशाल नेपालका भूभागहरू हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाचल प्रदेश, दार्जीलिङ, कालिम्पोङ, सिक्किमका साथै भूटान, बर्मा तथा भारतका अन्य भूभाग तथा विश्वका विभिन्न ठाउँमा बसोबास गरिरहेका छन् । खस बाहुन वा बाहुन नेपालको पहाडी खस समुदायको ब्राह्मण एवम् पूजारी जाति हो । यो नेपालको दोस्रो सर्वाधिक जनसंख्या भएको समुदाय हो । नेपाली साहित्यमा यस जातिको जोडदार योगदान छ ।

पूजा-आजा, समाज सेवा र शिक्षा आर्जनमा रुची राख्ने ब्राह्मण जातिलाई नेपाली भाषाको जन जिब्रो शैलीमा बाहुन भनिन्छ । ब्राह्मणको अपभ्रंश भई नेपालीहरूमा बाहुन शव्द प्रचलित भएको हो । ब्राह्मण शब्दको अर्थ मन्त्रको व्याख्या गर्ने हुन जान्छ । जसले मन्त्रको व्याख्या गर्दछ, ऊ ब्राह्मण हो । यहाँ मन्त्रको व्याख्या गर्ने भन्नुको अर्थ सम्भवतः लिखित वा मौखिक रूपमा वेदका मन्त्रहरूको व्याख्या गर्ने भन्ने बुझिन्छ । संस्कार भनेको अनुशासित जीवनपद्धतीमा डोहोर्‍याउने माध्याम हो । संस्कारले हामीलाई सही मार्गदर्शन गर्छ ।

ऋग्वेदमा संस्कारको सट्टा संस्कृत शब्दको प्रयोग पाइन्छ, जसको अर्थ शुद्ध गरिएको भन्ने हुन्छ । जैमिनी सूत्रमा संस्कार शब्दलाई यज्ञलाई पवित्र र निर्मल बनाउने कार्यको अर्थमा भएको पाइन्छ ।

विश्व जगत सभ्य संस्कृतिहरू थुप्रै पाइन्छन् । यी सबैको उद्देश्य मानिसलाई प्रतिभावान, अनुशासित र असल सामाजिक नागरिक बनाउनु हो । मानिसहरूले यी संस्कारको मूलमा रहेको दर्शन बिर्सँदै गएपछि यी संस्कार केवल एक प्रचलन मात्र हुन पुगे । उचित संस्कार पाएपछि प्रत्येक व्यक्तिको नयाँ जन्म हुन्छ । जन्मदेखि मृत्युसम्ममा पूरा गरिने हिन्दू संस्कारलाई समाजशास्त्रीहरूले विभिन्न वर्गमा विभाजन गरेका छन् । स्मृति र पुराणहरूमा सामान्यता १६ संस्कार मानिएका छन् । सामान्यतया सोह्र (गर्भाधान, पुंसवन, सीमान्तोनयन, जातकर्म, नामाकरण, निष्क्रमण, अन्नप्राशन, केशान्त, कर्णवेध, विद्यारम्भ, चूडाकरण, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्यकर्म) संस्कारलाई मान्दै आएको पाइन्छ । यी सबै संस्कारहरू विधिपूर्वक सम्पन्न गराउने विधि विधान रहेको देखिन्छ ।

वर्तमान समयमा ब्राह्मण जातिहरूले मनाइने संस्कारहरूमा परिवर्तन आएको पाइन्छ । जीवनको सुरुवातको संस्कार गर्भाधान संस्कार वर्तमान समयमा प्रतिभावान, स्वस्थ, बुद्धिमान भन्दा पनि छोरा छोरीको लागि गर्ने गरिन्छ । त्यसैगरी समय, स्थान, आर्थिक अभावका कारण अन्य संस्कारहरू छोट्याएर गर्ने गरेको पाइन्छ । सबै मानिसहरू आफ्नो घरमा नबस्ने जागिर, कामको शिलशिलामा बाहिर बस्नुपर्ने, अस्पतालमा सुत्केरी गराउने भएकाले पनि यसमा परिवर्तन आएको पाइन्छ । त्यस्तै विवाह संस्कार कही कही छोट्याएको छ भने कही कही त्यसलाई अनावश्यक रूपमा वाहिर संस्कृतिको प्रभावका कारण बढाइएको पाइन्छ । वर्तमान अवस्था कोभिडका कारणले गर्दा अत्येष्टि संस्कारलाई छोट्याएर गरेको पनि पाइन्छ ।

## ५.२. निष्कर्ष

ब्राह्मण जाति नेपालमा बसोबास गर्ने विभिन्न जातजातिमध्ये उच्च जातिमा पर्दछ । अन्य जातजातिको जस्तै ब्राह्मण जातिका पनि आफ्नै किसिमको संस्कारहरू रहेका छन् । यस अध्ययनमा ब्राह्मण संस्कारहरूको बारेमा विस्तृत अध्ययन गरिएको छ । जसमा वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ गण्डकी लाइनका ब्राह्मण जातिलाई समावेश गरिएको छ । यो

अध्ययन कार्य पूरा गर्न अध्ययन क्षेत्रका ६ जना ब्राह्मण पुरोहितहरूसँग ब्राह्मण संस्कारका बारेमा जानकारी लिइएको छ । अध्ययन क्षेत्रका ब्राह्मणहरूले पहिले वैदिक शास्त्रमा उल्लेख गरेअनुसार प्रत्येक संस्कारलाई विधिपूर्वक पालना गरिए तापनि वर्तमान समयमा त्यो सम्भव नभएकाले समय परिस्थिति अनुसार त्यसलाई परिमार्जन गरिएको पाइन्छ ।

ब्राह्मण संस्कारहरूमध्ये पहिलो गर्भाधान संस्कारको विधिलाई खास गरी छोरा छोरी प्राप्तिको लागि गर्ने गरिएको पाइएको पाइन्छ । त्यसैगरी पहिलेको पुंसवन संस्कार र सीमन्तोन्नयन संस्कारमा पनि परिवर्तन भई पश्चिमी संस्कार अनुसार एकमुष्ट बेबी शावरको रूपमा मनाइने गरेको पाइन्छ । त्यस्तै अहिले सुत्केरी अस्पतालहरूमा तालिम प्राप्त नर्स, डाक्टरद्वारा गरिने भएकाले जातकर्म संस्कारमा ध्यान दिएको पाइदैन तर पनि सामान्य विधि चाँहि पुऱ्याएको देखिन्छ । संस्कार मध्येको नामकरण संस्कार एक विशेष संस्कार हो । यसलाई संविधानले समेत सुरक्षित गरिएको छ । यसै संस्कार पछि व्यक्तिको पहिचान छुट्टै बन्न जान्छ । यो परिचय दिने संस्कारको रूपमा लिएको पाइन्छ । पहिला पहिला दिन, बार हेरेर योग्य ब्राह्मणद्वारा नामकरण गरिए पनि अहिले विभिन्न सामाजिक सञ्जालमा नाम सर्च गरेर नाम दिने चलन बढेको पाइन्छ । त्यसैगरी सुत्केरी अस्पताल वा घरभन्दा बाहिर गर्ने भएकाले निष्क्रमण संस्कार पहिले नै भएको देखिन्छ ।

अन्नप्राशन, चुडाकर्म संस्कारमा सामान्य परिवर्तन आए पनि या संस्कार सबैले गर्ने गरेको पाइन्छ । कर्णवेध र विद्यारम्भ संस्कार वेदमा उल्लेख गरिए अनुसार नरहेको पाइन्छ । अहिले दिन, बार, समय भन्दा पनि सरस्वती पूजाको दिनमा गर्ने प्रचलन रहेको छ । शिक्षाको औपचारिक रूप प्रारम्भ भएदेखि पहिलाको जस्तो गुरुकुलमा गएर शिक्षा लिने प्रचलन हटेको छ । तर पनि दिनभरलाई भए पनि विद्यालयमा गुरुका साथमा रही शिक्षा ग्रहण गर्ने, गुरुले दिएका अर्तिउपदेश मान्ने प्रचलन रहेको छ । पहिलाको जस्तो गुरु दक्षिणा दिने चलन नभए पनि मासिक शुल्क तिरी शिक्षा ग्रहण गर्नु पर्ने रहेको छ । शिक्षा समाप्त भएपछि केशान्त संस्कार गर्नु गर्ने संस्कारमा पुरै परिवर्तन आएको पाइन्छ । तथापी गुरुकहाँ गएर शास्त्रीय विद्या अध्ययन गर्नेले भने केही संस्कारहरू पालना गरेको पाइन्छ । जीवनलाई नियमित रूपमा सञ्चालन गर्न विवाह संस्कारको पनि उत्तिकै महत्व रहेको छ र जीवनको अन्त्यमा अन्तिम शरिरलाई गरिने संस्कार अन्त्येष्टि संस्कार हो । यसमा पहिलाको जस्तो संस्कारलाई पालना गरिए पनि यसलाई समयको हिसावले छोट्याउने र विधिमा पनि छोटो रूपमा लिने गरी पूरा गरिएको पाइन्छ ।

समग्रमा यी संस्कारहरूमा पहिलेदेखि चलनचल्तीमा रहेको सबै संस्कार मान्दै आएको पाइन्छ । तर विभिन्न बाहिरी समुदायको संस्कारको प्रभाव र समय, परिस्थिति, स्वास्थ्यका आधारमा परिवर्तन भएको देखिन्छ । जुन समय सान्दर्भिक रहेको पनि देखिन्छ ।

## ५.३. सुझाव

प्रस्तुत अध्ययनमा ब्राह्मण जातिको संस्कारहरूको बारेमा अध्ययन गरिएको छ । जसमा ब्राह्मण संस्कारको बारेमा जानकार रहेको व्यक्तिहरूबाट तथ्याङ्क संकलन गरिएको छ । यसको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- ब्राह्मण संस्कारहरूका बारेमा पाठ्यपुस्तकहरूमा समावेश गर्दा अन्य समुदायमा मानिसहरूले पनि ब्राह्मण संस्कारबारे जानकारी लिन सक्ने देखिन्छ ।
- ब्राह्मण संस्कारहरू सम्बन्धी विशेष अध्ययन गरी यसमा आइरहेको नकारात्मक परिवर्तनलाई रोक्न विभिन्न कार्यक्रमहरू गरिनु पर्दछ ।
- विवाह संस्कारमा आइरहेको परिवर्तनबारे अध्ययन गरी छोटो र सरल विधि पुऱ्याई गरिने विवाह संस्कारलाई प्रोत्साहन गरिनु पर्दछ ।
- ब्राह्मण संस्कारलाई जोगाई राख्ने स्थानीय स्तरदेखि राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपबाट प्रयास गरिनु पर्दछ ।
- हिन्दु धर्मअनुसार ब्राह्मण संस्कारबारे व्यापक प्रचार प्रसार गरिनु पर्दछ ।
- हरेक संस्कारका विधि उल्लेख गरी र आवश्यक सामग्री उल्लेख गरी पुस्तक छपाई सर्वत्र उपलब्ध गराउने व्यवस्था गरिदा यसको बारेमा सबैलाई जानकारी हुने देखिन्छ ।
- ब्राह्मण संस्कारको विधि र महत्वका बारेमा युवा पुस्तालाई जानकारी गराउँदै हस्तान्तरणको व्यवस्था गरिनु पर्दछ । यसले ब्राह्मण संस्कारलाई जीवितै राख्न मद्दत पुग्ने देखिन्छ ।
- ब्राह्मण एउटा जाति विशेष नभएकाले यी संस्कारहरूलाई अन्य समुदायमा हस्तान्तरण गरिदा सामाजिक सदभाव आउने देखिन्छ ।
- संस्कारले मानिसको जीवन पद्धति व्यवस्थित गर्ने हुँदा ब्राह्मण संस्कारलाई कानुनी व्यवस्थासँगै अगाडि बढाउँदा समाजमा घट्ने विभिन्न विकृतिका घटनालाई न्यूनीकरण गर्न सकिन्छ ।